
'शहिद लखनको विकास र समृद्धिको द्वार; कृषि पर्यटन र जलस्रोत मूल आधार

शहिद लखन गाउँपालिका

गाउँ विकास योजना

नीति, कार्यक्रम तथा बजेट

(आर्थिक बर्ष २०७४/०७५)



शहिद लखन गाउँपालिका

गोरखा जिल्ला

४ नं. प्रदेश, नेपाल

शहिद लखन गाउँपालिका

गाउँ विकास योजना

नीति, कार्यक्रम तथा बजेट

(आर्थिक बर्ष २०७४/०७५)

शहिद लखन गाउँपालिका
गोरखा जिल्ला
४ नं. प्रदेश
नेपाल

संरक्षक/सल्लाहकार

रमेश बाबु थापा मगर

इन्दिरा तिवारी

सम्पादक

जीवन आले मगर

सम्पादन सहयोगीहरू

उमानाथ भण्डारी

विल बहादुर क्षेत्री

मोहनराज विष्ट

नन्द प्रसाद ढकाल

सिमा सिंह

सञ्जय राना मगर

विजयराज पौडेल

मेघनाथ प्रसाद यादव

धन बहादुर श्रेष्ठ

सुदिप वि.क.

सहयोगी

शर्मिला गुरुङ्ग

प्रकाशन मिति

२०७४ माघ

प्रकाशन संख्या

२०० प्रति

प्रकाशक

शहिद लखन गाउँपालिका

गोरखा जिल्ला

४ नं. प्रदेश, नेपाल

इमेल : sahidlakhanrm@gmail.com

मुद्रण

मनासलु अफसेट प्रेस, हरमटारीचोक, गोरखा

बिषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ नं.
१.	शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाका पदाधिकारीहरूको नामावली विवरण	(क)
२.	शहिद लखन गाउँपालिका गाउँ सभाका सदस्यहरूको नामावली विवरण	(ख)
३.	शहिद लखन गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका कर्मचारीहरूको विवरण	(ग)
	३.१ निजी आवास पुन:निर्माण तर्फका कर्मचारीहरूको विवरण	(घ)
४.	शहिद लखन गाउँपालिकाको प्रथम गाउँ सभामा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट (आ.व.२०७४/७५)	१
५.	अनुसूची-१	३-१८
	५.१ क्षेत्रगत नीतिहरू	३
	५.१.१ परिचय	३
	५.१.२ नीति तथा कार्यक्रमहरू	३
	५.१.२.१ कृषि	३
	५.१.२.२ पशुपंक्षी	४
	५.१.२.३ वन तथा भू-संरक्षण	४
	५.१.२.४ संस्कृति तथा पर्यटन	५
	५.१.२.५ युवा तथा खेलकुद	५
	५.१.२.६ महिला लक्षित	६
	५.१.२.७ बालबालिका	६
	५.१.२.८ सडक तथा यातायात	७
	५.१.२.९ खानेपानी तथा सरसफाइ	७
	५.१.२.१० भवन निर्माण	८
	५.१.२.११ स्वास्थ्य, जनसंख्या तथा शिक्षा	८
	५.१.२.१२ गैरसरकारी संस्था/उपभोक्ता समिति	९
	५.१.२.१३ सहकारी क्षेत्र	९
	५.१.२.१४ ज्येष्ठ नागरिक, आदिवासी जनजाति, दलित, मुस्लिम, भिन्न क्षमता भएका व्यक्ति तथा पिछडा बर्ग	१०
	५.१.२.१५ भुकम्प प्रभावित पुन: निर्माण कार्यक्रम	१०
	५.१.२.१६ राजश्व सम्बन्धी नीति	१०
६.	केन्द्रमा प्रस्ताबित योजनाहरू	११
	५.१ मोटरेबल पुल	११
	५.२ सडक	११
	५.३ धार्मिक पर्यटकीय क्षेत्र	१२
	५.४ खानेपानी	१२
७.	गाउँसभाद्वारा पारित निर्णयहरू	१२
८.	अनुसूचि-२	१८-३६
	८.१ व्यवसाय कर	१८
	८.२ पटके हाटबजार कर	२९
	८.३ सवारी साधन कर	२९
	८.४ मनोरञ्जन कर	२९
	८.५ व्यवसायिक भिडियो कर	३०
	८.६ मूल्यांकन सेवा शुल्क	३०
	८.७ सिफारिस दस्तुर	३०
	८.८ व्यक्तिगत घटना दर्ता शुल्क	३२
	८.९ बहाल कर	३२

क्र.सं.	शीर्षक	पृष्ठ नं.
	८.१० विज्ञापन कर	३३
	८.११ पटके व्यवसाय कर	३३
	८.१२ पटके सवारी पार्किङ्ग कर	३३
	८.१३ एकीकृत सम्पति कर	३३
	८.१३.१ मालपोत कार्यालयबाट कायम गरिएको न्यूनतम मूल्याङ्कन	३४
	८.१३.२ घर संरचनाको न्यूनतम मूल्याङ्कन	३५
	८.१३.३ एकीकृत सम्पतिको मूल्य दर	३५
	८.१४ सडक मर्मत शुल्क	३६
	८.१५ दैनिक सवारी तथा सडक मर्मत सुधार शुल्क ३६	
	८.१६ सरसफाइ शुल्क	३७
	८.१७ नक्सापास दस्तुर	३७
	८.१८ कर छुट तथा दण्ड जरिवाना एवं अन्य	
९.	अनुसूची-३(क)	३८
	९.१ आ.व. २०७४/०७५ को श्रोत अनुमान ३८	
१०.	अनुसूची-३(ख)	३८
	१०.१ आ.ब. २०७४/०७५ को आन्तरिक आय तर्फको प्रस्तावित अनुमान ३८	०
	१०.१.१ राजस्व बाँडफाड	३८
११.	अनुसूची-४(क)	३९
	आ.व.२०७४/०७५ को स्वीकृत शीर्षकगत खर्चको विवरण	३९
१२.	अनुसूची-४(ख)	३९-४१
	गाउँपालिका स्तरीय आयोजना तथा कार्यक्रमहरूको विवरण (आ.व.२०७४/०७५)	३९
१३.	अनुसूची-४ (ग)	४२-५५
	वडा स्तरीय आयोजना तथा कार्यक्रमहरूको विवरण	४२
१४.	अनुसूची-४(घ)	५६
	आन्तरिक श्रोत तर्फको खर्च अनुमान	५६
१५.	अनुसूची-४(ङ)	५६-५७
	आ.व. २०७३/०७४ बाट जिम्मेवारी सरेको रू. ४८,००,०००।० मध्येको बजेट बाँडफाँडको विवरण	५६
१६.	अनुसूची-४(च)	५८-६१
	यस गाउँपालिकाको आ.व. २०७४/७५ मा सशर्त अनुदान	५८
१७.	प्रत्येक वडाको वडा सभाबाट पारित भई आएका अन्य योजनाहरू	६१-७०
१८.	शहिद लखन गाउँपालिकाको कार्यालय स्थापनाका लागि जग्गा निशुल्क र सशुल्क प्रदान गर्ने जग्गादाताहरूको नामावली ७१	
१९.	संक्षिप्त परिचय : नेपालका प्रथम शहिद लखन थापा मगर	७२
२०.	संक्षिप्त परिचय : प्रसिद्ध धार्मिक स्थाल मनकामना भगवतीको मन्दिर	७४
२१.	उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने र भुक्तानी दिने प्रक्रिया	७५

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाका पदाधिकारीहरुको नामावली विवरण

क्र.सं.	नाम थर	पद	फोन नम्बर
१	श्री रमेशबाबु थापा मगर	गाउँपालिका अध्यक्ष	९८५६०४०३७५
२	श्री इन्दिरा तिवारी	गाउँपालिका उपाध्यक्ष	९८४६४३३५१५
३	श्री दिप बहादुर के.सी.	वडा अध्यक्ष (वडा नं. १)	९८४६२०५२८६
४	श्री अचल बाबु थापा मगर	वडा अध्यक्ष (वडा नं. २)	९८४६३४०३५५
५	श्री गणेश बहादुर थापा मगर	वडा अध्यक्ष (वडा नं. ३)	९८४६१५८७९५
६	श्री कृष्ण बहादुर चेपाङ्ग	वडा अध्यक्ष (वडा नं. ४)	९८४६२५२९९७
७	श्री यम बहादुर राना मगर	वडा अध्यक्ष (वडा नं. ५)	९८४६१५८९७३
८	श्री दिलिप नारायण थापामगर	वडा अध्यक्ष (वडा नं. ६)	९८१४१२२३७५
९	श्री शरण श्रेष्ठ	वडा अध्यक्ष (वडा नं. ७)	९८५६०४०३६८
१०	श्री काशिनाथ अंगाई	वडा अध्यक्ष (वडा नं. ८)	९८५६०४०३२०
११	श्री राम प्रसाद लामिछाने	वडा अध्यक्ष (वडा नं. ९)	९८५०४८६१६१
१२	श्री नारायण बाबु बराम	गाउँकार्यपालिका सदस्य	९८४६५१८०२४
१३	श्री कृष्ण बहादुर बि.क.	गाउँकार्यपालिका सदस्य	९८४७०६२२२९
१४	श्री सकुन थापा मगर	गाउँकार्यपालिका सदस्य	९८२३३१००९०
१५	श्री रूकमणी गुरूङ्ग	गाउँकार्यपालिका सदस्य	९८४५९५१०४३
१६	श्री सुकमाया बि.क.	गाउँकार्यपालिका सदस्य	९८०८५४२५३२
१७	श्री कल्पना बयलकोटी	गाउँकार्यपालिका सदस्य	९८०६६५०२७६

शहिद लखन गाउँपालिका गाउँसभाका अन्य सदस्यहरुको नामावली विवरण

क्र. सं.	नाम थर	पद	वडा नम्बर	फोन नम्बर
१	श्री हिरामाया थापा मगर	वडा सदस्य	१	९८४५४६०४९२
२	श्री दुर्गा गुरूङ्ग	वडा सदस्य	१	९८६०७४३९०२
३	श्री मिना वयलकोटी	वडा सदस्य	१	९८६६०२४४३९
४	श्री गोविन्द खनाल	वडा सदस्य	१	९८२६१३१७४०
५	श्री चेत बहादुर थापा मगर	वडा सदस्य	२	९८०५८१४८७४
६	श्री हस्त बहादुर थापा मगर	वडा सदस्य	२	९८४६४३३२१४
७	श्री कमला परियार	वडा सदस्य	३	९८२६१६८६१७
८	श्री इश्वर दवाडी	वडा सदस्य	३	९८४६०६०८४४
९	श्री अक बहादुर गुरूङ्ग	वडा सदस्य	३	९८४६५३६२०७
१०	श्री संगिता थापा मगर	वडा सदस्य	४	९८१६६९८६३३
११	श्री दुर्गा बहादुर आले मगर	वडा सदस्य	४	९८१४११२५२३
१२	श्री देवराज खनाल	वडा सदस्य	४	९८०३१६९३७०
१३	श्री नुन बहादुर थापा मगर	वडा सदस्य	५	९८४६४१३०९७
१४	श्री गीता परियार	वडा सदस्य	५	९८४१४८१८२८
१५	श्री नन्द कुमारी आले	वडा सदस्य	५	९८२६१९६४५९
१६	श्री कृष्ण बहादुर कमर	वडा सदस्य	५	९८१५१२०८०५
१७	श्री लिना थापा मगर	वडा सदस्य	६	९८१८०८६२५२
१८	श्री केशर बहादुर श्रेष्ठ	वडा सदस्य	६	९८०६६९१५०१
१९	श्री ईश्वर बहादुर श्रेष्ठ	वडा सदस्य	६	९८६१६४१०४१
२०	श्री सीता दमाई	वडा सदस्य	६	९८०३७३१२९८
२१	श्री डिल वहादुर गरञ्जा	वडा सदस्य	७	९८०८४१०४४७
२२	श्री गोपाल राना मगर	वडा सदस्य	७	९८०५८३१४४०
२३	श्री सबिना श्रेष्ठ	वडा सदस्य	७	९८४६६५७२७७
२४	श्री टक माया परियार	वडा सदस्य	७	९८१०६१४६१९
२५	श्री मिस्टर बाबु श्रेष्ठ	वडा सदस्य	८	९८०३३१३४४५
२६	श्री देव बहादुर श्रेष्ठ	वडा सदस्य	८	९८४६७४७२६७
२७	श्री जानुका अधिकारी	सदस्य (जि.स.स. उपप्रमुखमा निर्वाचित	८	९८५६०४३४४२
२८	श्री जुनकिरी रम्तेल	वडा सदस्य	८	९८२६१९४४१८
२९	श्री डण्डपाणी ढकाल	वडा सदस्य	९	९८४९००१३५९
३०	श्री दल वहादुर थापा	वडा सदस्य	९	९८४१९०५७९७
३१	श्री कमला ढकाल	वडा सदस्य	९	९८४६४९०१९६
३२	श्री शोभा नेपाली	वडा सदस्य	९	९८१८३६३८२७

शहिद लखन गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको विवरण

सि.नं.	पद	नाम/थर	कार्यरत संस्था	सम्पर्क नम्बर
१	प्रमुख प्रशासकीय अधिकृत	श्री जीवन वहादुर आले मगर	गा.पा. कार्यालय	९८५६०१०५३३
२	लेखापाल	श्री उमानाथ भण्डारी	गा.पा. कार्यालय	९८४६३६०९१०
३	श्रोतव्यक्ति	श्री नन्द प्रसाद ढकाल	गा.पा. शिक्षा शाखा	९८५६०४३३०३
४	श्रोतव्यक्ति	श्री मोहनराज बिष्ट	गा.पा. शिक्षा शाखा	९८५६०४०८०२
५	सि.अ.हे.व.	श्री बिल ब. क्षेत्री	गा.पा. जनस्वास्थ्य शाखा	९८४६०५६१९९
६	सव.ईन्जिनियर	श्री मेघनाथ प्रसाद यादब	गा.पा. योजना/प्राविधिक शाखा	९८५१०६३१९५
७	खा.पा.स.टे.	श्री धन बहादुर श्रेष्ठ	गा.पा. योजना/प्राविधिक शाखा	९८५६०४०२०३
८	कम्पयुटर अपरेटर	श्री सन्जय राना मगर	गा.पा. प्रशासन शाखा	९८४९१३४१४६
९	हे.अ.	श्री शोभा दवाडी	गा.पा. जनस्वास्थ्य शाखा	९८४५३९४१४४
१०	प्रा.स. बाली संरक्षण	श्री विजयराज पौडेल	गा.पा. कृषि शाखा	९८४६०९९७१९
११	ना.प.से.प्रा.	श्री सुदिप बि.क.	गा.पा. पशु शाखा	९८४५०८२१३२
१२	स.म.वि.नि.	श्री सिमा सिंह	गा.पा. योजना शाखा	९८०७८८१२८६
१३	वडा सचिब	श्री कर्ण बहादुर थापा	वडा नं. १ बक्राङ्ग	९८४६१२०५२४
१४	वडा सचिब	श्री गोपाल प्रसाद पौड्याल	वडा नं. २ र ३ मनकामना	९८४६२९१४४८
१५	वडा सचिब	श्री शारदा सुबेदी	वडा नं. ४ ताक्लुङ्ग	९८५६०७१४०१
१६	वडा सचिब	श्री पूर्ण ब. गहतराज	वडा नं. ६ घैरुङ्ग	९८५६०४०७९५
१७	वडा सचिब	श्री तोयानाथ अंगाई	वडा नं. ७ र ८ बुंकोट	९८५६०७०६१२
१८	वडा सचिब	श्री बिष्णु कुमारी बुढा मगर	वडा नं. ९ नामजुङ्ग	९८६०४६१३७६
१९	कार्यालय सहायक	श्री मेघ बहादुर भट्ट	वडा नं. १ बक्राङ्ग	९८४५९४७११४
२०	सामाजिक परिचालक	श्री सीता अछामी	वडा नं. १ बक्राङ्ग	९८४०१५२६०३
२१	कार्यालय सहायक	श्री खड्ग नारायण श्रेष्ठ	वडा नं. २ र ३ मनकामना	९८४६२०४४०९
२२	कार्यालय सहायक	श्री शितल परियार	वडा नं. २ र ३ मनकामना	९८५६०४११४४
२३	कार्यालय सहायक	श्री भीमलाल श्रेष्ठ	वडा नं. २ र ३ मनकामना	९८५६०४१८३०
२४	कर संकलक	श्री नारायण कट्टेल	वडा नं. ३ मनकामना	९८४६३९१८०१
२५	सामाजिक परिचालक	श्री रुस्का राना	वडा नं. ३ मनकामना	९८१८१६२०७१
२६	कार्यालय सहायक	श्री हस्त बहादुर थापा	वडा नं. ४ र ५ ताक्लुङ्ग	९८१७२९७८२१
२७	सामाजिक परिचालक	श्री सुनिता थापा	वडा नं. ४ र ५ ताक्लुङ्ग	९८०९२९८६२३
२८	सामाजिक परिचालक	श्री अन्जली श्रेष्ठ	वडा नं. ६ घैरुङ्ग	९८६०१५२०१५
२९	सहायक कर्मचारी	श्री रुद्र ब.राना मगर	वडा नं. ७ र ८ बुंकोट	९८४६१८८२९४
३०	सामाजिक परिचालक	श्री अर्जुन श्रेष्ठ	वडा नं. ७ र ८ बुंकोट	९८६६०३१६६२
३१	कार्यालय सहयोगी	श्री शर्मिला गुरुङ्ग	गा.पा. कार्यालय	९८१८४८००१५
३२	कार्यालय सहयोगी	श्री जंग बहादुर गुरुङ्ग	गा.पा. कार्यालय	९८०८९९७६१६
३३	कार्यालय सहयोगी	श्री मिन ब. परियार	वडा नं. २ र ३ मनकामना	९८४६२८९५४१
३४	कार्यालय सहयोगी	श्री श्रीमाया राना मगर	वडा नं. ४ र ५ ताक्लुङ्ग	९८०६५६८१८४
३५	कार्यालय सहयोगी	श्री पुष्पा थापा	वडा नं. ४ ताक्लुङ्ग	९८०६५८८२७६
३६	कार्यालय सहयोगी	श्री शोभा रेग्मी	वडा नं. ६ घैरुङ्ग	९८४५३९४१४४
३७	कार्यालय सहयोगी	श्री हुमलाल श्रेष्ठ	वडा नं. ७ र ८ बुंकोट	
३८	कार्यालय सहयोगी	श्री जानुका पनेरु	वडा नं. ९ नामजुङ्ग	९८१८३८५०२६

निजी आवास पुनर्निर्माण तर्फका कर्मचारीहरुको विवरण

सि.नं.	पद	नाम/थर	कार्यरत संस्था	सम्पर्क नम्बर
१	इन्जिनियर	खगेन्द्र ऐरी	वडा नं. १, बक्राङ्ग	९८४५०८४२८३
२	सव इन्जिनियर	हिक्मत ब. बुढा	वडा नं. १, बक्राङ्ग	९८०८६६४९३२
३	सव इन्जिनियर	दिपक बानियाँ	वडा नं. १, बक्राङ्ग	९८४६४६३०४०
४	असिस्टेन्ट सव इन्जिनियर	सुदिप वावु श्रेष्ठ	वडा नं. १, बक्राङ्ग	९८४६१२५१८६
५	इन्जिनियर	रमेश कुमार श्रेष्ठ	वडा नं. २ र ३ मनकामना	९८४१०६३१६२
६	सव इन्जिनियर	ज्ञान व. चौधरी	वडा नं. २ र ३ मनकामना	९८४८१२५४१९
७	असिस्टेन्ट सव इन्जिनियर	सत्य विष्ट	वडा नं. २ र ३ मनकामना	९८४८६६०४३७
८	असिस्टेन्ट सव इन्जिनियर	दिपा रेग्मी	वडा नं. २ र ३, मनकामना	९८६११७०८२०
९	इन्जिनियर	धर्मराज खड्का	वडा नं. ४ र ५ ताक्लुङ्ग	९८४९७५९२९०
१०	सव इन्जिनियर	विनोद शाह	वडा नं. ४ र ५ ताक्लुङ्ग	९८४८६६०९३
११	सव इन्जिनियर	डिल्ली चन्द	वडा नं. ४ र ५ ताक्लुङ्ग	९८४८२५९६६६
१२	असिस्टेन्ट सव इन्जिनियर	चुडामणी मगर	वडा नं. ४ र ५ ताक्लुङ्ग	९८४२५५५६२१
१३	असिस्टेन्ट सव इन्जिनियर	बुद्धि घर्ती	वडा नं. ४ र ५ ताक्लुङ्ग	९८१२५१४८१०
१४	इन्जिनियर	रुपक सुवेदी	वडा नं. ६ घैरुङ्ग	९८४५२३७९९७
१५	इन्जिनियर	अमुल श्रेष्ठ	वडा नं. ६ घैरुङ्ग	९८४९८३५४९१
१६	सव इन्जिनियर	उज्वल घिमिरे	वडा नं. ६ घैरुङ्ग	९८५१०७८६९६
१७	असिस्टेन्ट सव इन्जिनियर	सुजन वस्नेत	वडा नं. ६ घैरुङ्ग	९८१८६०८३७८
१८	इन्जिनियर	किसान गुरुङ्ग	वडा नं. ७ र ८, बुंकोट	९८४१६३८३६०
१९	सव इन्जिनियर	गणेश वुढा मगर	वडा नं. ७ र ८, बुंकोट	९८४००१६६७६
२०	इन्जिनियर	दिपेन्द्र भट्ट	वडा नं. ७ र ८, बुंकोट	९८४५०२६८४०
२१	सव इन्जिनियर	कलक खड्का	वडा नं. ७ र ८, बुंकोट	९८६०३२०६७१
२२	सव इन्जिनियर	महेश कुमार थापा	वडा नं. ७ र ८, बुंकोट	९८४८७५५६५५
२३	असिस्टेन्ट सव इन्जिनियर	धन व. खड्का	वडा नं. ७ र ८, बुंक्रोट	९८४५२०५१२९
२४	इन्जिनियर	योगेन्द्र के.सी.	वडा नं. ९, नामजुङ्ग	९८४७९६२५७४
२५	सव इन्जिनियर	सहिद मिया	वडा नं. ९, नामजुङ्ग	९८४६२९१०००
२६	असिस्टेन्ट सव इन्जिनियर	समिन राई	वडा नं. ९, नामजुङ्ग	९८२३६७६२९२

शहिद लखन गाउँपालिकाको प्रथम गाउँ सभामा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट २०७४ /०७५

अध्यक्षः रमेशबाबु थापा मगर

शहिद लखन गाउंपालिकाको प्रथम गाउंसभामा उपस्थित उपाध्यक्षज्यू, वडाअध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू तथा गाउंसभाका सदस्यज्यूहरू,

शहिद लखन गाउंपालिकाका कार्यकारी अधिकृत लगायतका कर्मचारीज्यूहरू,

प्रथम गाउंसभाको यस गरिमामय समारोहमा शहिद लखन गाउंपालिकाको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम देश र जनतालाई स्वतन्त्र सार्वभौम र अधिकार सम्पन्न बनाउन विभिन्न समयक्रममा ऐतिहासिक संघर्ष तथा आन्दोलनमा वलिदान प्रदान गर्नुहुने नेपालकै प्रथम शहिद लखन थापा, जैसिंह चुमी लगाएत सम्पूर्ण ज्ञात अज्ञात शहिद तथा बेपत्ताहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

आजको यस समारोहमा शहिद लखन गाउंपालिका कार्यालयको तर्फबाट आर्थिक वर्ष २०७४/०७५ को वार्षिक नीति, कार्यक्रम एवं बजेट प्रस्तुत गर्न पाउंदा गौरवको अनुभूति प्राप्त भएको छ । यस गाउंपालिकाको उन्नती, प्रगति र संवृद्धिका लागि सधैं साथ र सहयोग प्रदान गर्नुहुने शहिद लखन गाउंपालिकावासी सम्पूर्ण आदरणीय बुबाआमा, दाजुभाइ दिदीबहिनीहरू, गाउंपालिकामा कृयाशील राजनैतिक दलहरू, सरकारी तथा गैर सरकारी कार्यलय एवं संघ संस्थाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । २०७४ वैशाख ३१ को स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको पद बहाली पछिको यस पहिलो गाउंसभामा सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरू, क्रियाशील राजनीतिक दलहरूका तर्फबाट विकास आयोजनाहरू तर्जुमा कार्यान्वयन र अनुगमनको सिलसिलामा प्राप्त उच्चस्तरको परामर्श र सहयोग प्रति हार्दिकता व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्तै प्रकारको रचनात्मक सहयोग, सल्लाह, सुझाब एवं समन्वय प्राप्त हुने विश्वास समेत लिएको छु ।

न्याय समानता र स्वतन्त्रताका लाग निरंकुशताको जञ्जिर चुडालेर पराधिनताको पर्खाल भत्काउदै जल्लादहरूको फांसीको फन्दालाई सहर्ष फूलको माला जस्तै स्वीकार गरी बलिदान प्रदान गर्ने प्रथम शहिद लखन थापा मगर तथा जैसिंह चुमी मगरको ऐतिहासिक विरासत र राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमै धार्मिक आस्थाको रूपमा चर्चित माई मनकामनाको पवित्र भूमिमा अवस्थित यस शहिद लखन गाउंपालिका कृषि पर्यटन र प्राकृतिक श्रोतको दृष्टिकोणले प्रचुर संभावना बोकेको गाउंपालिका हो । यति हुंदाहुंदै पनि गाउंपालिकाको भौगोलिक अवस्थिति, नागरिकहरूको बढ्दो अपेक्षा, विकासका न्यूनतम पूर्वाधारहरूको अभाब, समाजमा भएको रूढीवादी अन्धविश्वास र संकिर्ण चिन्तनका कारण पैदा भएको ग्रामीण सोंच र श्रोतबाट गाउंपालिकास्तरको जीबन पद्धतिमा रूपान्तरण हुंदाको संक्रमणकालिन व्यबस्थापन, महाभूकम्पले सिर्जित भौतिक क्षति तथा मानसिक आघातका बीचबाट माथि उठ्दै उपलब्ध श्रोत साधनलाई कुशलतापूर्वक परिचालन गर्ने बिषय चुनौतीपूर्ण रहंदारहंदै पनि गाउंपालिका प्रतिको गाउंबासीहरूको सद्भाव, विकास र संवृद्धि प्रतिको उत्कृष्ट चाहनाको परिणाम स्वरूप गाउंबासीको जीवनस्तरमा परिवर्तनका संकेतहरू प्रष्ट देखिन सक्ने कुरामा हामी विश्वस्त छौं ।

गोरखा नगर पालिकाको समिपमा रहेको शहिद लखन गाउंपालिकामा धार्मिक महत्वका दृष्टिले मनकामना मन्दिर, ऐतिहासिक दृष्टिले शहिद लखन थापाको जन्मस्थल तथा बुढी गण्डकी जलाशयको क्षेत्र पर्ने भएकाले यसको धार्मिक, सांस्कृतिक, पर्यटकीय र व्यापारिक महत्व अपार रहेको छ । यस गाउंपालिकाको प्राकृतिक, सांस्कृतिक, सामाजिक र भौगोलिक विविधताका आधारमा विकासका पूर्वाधारहरू तय गर्दै जानुपर्ने विद्यमान अवस्थालाई

मध्यनजर राख्दै यस गाउँपालिकाले "शहिद लखन गाउँपालिकाको विकास र संवृद्धिको द्वार, कृषि, पर्यटन र जलश्रोत मूल आधार" को नारा सहित दिर्घकालिन गुरूयोजना तय गरी गाउँपालिकाको विकासका समग्र योजना तथा कार्यक्रमहरूलाई अधिकतम रूपमा उपयोग गरी सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नुपर्ने चुनौती हाम्रो सामु विद्यमान रहेको छ ।

गाउँपालिकाको केही वडाहरूमा वडा कार्यालय भवन र पालिकाको केन्द्रमा विषयगत र क्षेत्रगत कार्यालय भवनहरू निर्माण गरिनुपर्ने प्रमुख आवश्यकता रहेको छ । बस्ती बस्ती सम्म आधारभूत पूर्वाधारहरू पुग्न सकेका छैनन् । त्यसैले मनकामना मन्दिरको धार्मिक महत्व र शहिद लखन थापाको ऐतिहासिक महत्वको कडीलाई एकिकृत गर्दै यस गाउँपालिकाका पर्यटन विकासमा संभावना बोकेका क्षेत्रहरू त्रिवेणी भगवतीको मन्दिर, वक्रेश्वरीको मन्दिर, जलकन्या देवीको मन्दिर, हिमाला माईको मन्दिर, थानीथानको मन्दिर, भीमविरेश्वरको मन्दिर, कोटकालीको मन्दिर, महादेवस्थानको मन्दिर, मकैपुरको बौद्ध गुम्बा आदिको संरक्षण र संवर्द्धन गरी यस पालिकामा धार्मिक, सांस्कृतिक, प्राकृतिक, जैविक तथा पर्यावरणीय पर्यटनका सम्भावना र अवसरहरूको उपयोग गर्दै जाने नीति अवलम्बन गर्नुपर्ने छ ।

हाम्रा सामु देखा परेका भौतिक पूर्वाधार निर्माणका समस्या, शैक्षिक, सामाजिक, सांस्कृतिक समस्याहरूको समाधानका निमित्त स्थानिय .सरकारको रूपमा जनताद्वारा प्रत्यक्ष निर्वाचित हामी जनप्रतिनिधिहरूको महत्वपूर्ण भूमिका रहन्छ । यस अवस्थामा हामीले रोजगारी र आय आर्जनका अवसरहरू बृद्धि गर्न कृषि उत्पादनमा बृद्धि, पशुजन्य व्यवसायको संरक्षण र विविधिकरण, सहकारी प्रवर्द्धन, उत्पादनशिल क्षेत्रमा लगानी अभिवृद्धि गरी विकास प्रक्रियामा सबै वर्ग, क्षेत्रका समुदायहरूलाई परिचालन गर्न सकेमा मात्र परिवर्तनमुखी र परिणाममुखी विकास संभव हुने देखिन्छ । यसका निमित्त समावेशी समन्यायिक तथा परिणाममुखी विकासका प्रयासमा जुट्न समस्त उद्यमी, व्यवसायी, नागरिक समाज, राजनैतिक दलका पदाधिकारी, सरकारी तथा गैरसरकारी निकायहरू, स्थानिय समुदायहरू, .संघ संस्थाहरू एवं सम्पूर्ण गाउँपालिकाबासीहरूमा हातेमालो गर्न जरूरी छ । यसका साथै यहाँहरू बाट पनि न्यानो आत्मियता प्रदान गरिदिनुहुन हार्दिक अपिल गर्दछु ।

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट २०७२ सालमा जारी भएको नेपालको संविधान, मन्त्रि परिषदद्वारा जारी स्थानिय तहको शासन संचालन सम्बन्धि आदेश २०७४, चौधौ त्रिबर्षीय योजना, दिगो विकास लक्ष्यहरू, राष्ट्रिय नीतिहरू, नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय तथा नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवम् योजना तर्जुमाको क्रममा राजनीतिक दल, बुद्धिजीवी, समाजसेवी लगायत विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझावहरू र वडागत रूपमा छलफलबाट प्राप्त भएका मार्ग दर्शनका आधारमा आगामी आ.व. को लागि प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ । यस नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट गाउँपालिकाले अपेक्षा गरेको लक्षित उदेश्यहरू हाँसिल गर्न सघाउ पुग्ने विश्वास समेत लिएको छु ।

आयोजना तर्जुमाको बखत यथासंभव सबै क्षेत्र, वर्ग, लिङ्ग, जाति र समुदायको सहभागिता रहन सकोस् भन्ने विषयतर्फ ध्यान पुऱ्याएका छौं । असीमित आवश्यकतालाई सीमित श्रोत र साधनहरूबाट परिपूर्ति गर्दै विकास निर्माणमा अघि बढ्नुपर्ने भएकाले उपलब्ध श्रोत र साधनहरूको विशिष्ट उपयोग गर्ने तर्फ विशेष ध्यान दिईएको छ । यसका लागि स्थानीय आवश्यकतालाई सम्बोधन गर्न स्थानीय जनताको विकास र संवृद्धि प्रतिको चाहनालाई प्राथमिकता दिन प्राप्त बजेट सिलिङ्गलाई वडा भेलाबाट प्राप्त आयोजना तथा कायक्रमलाई दुरूस्त कार्यन्वयन गर्ने प्रयासका थालनी गरिएको छ ।

अनुसूची - १

क्षेत्रगत नीतिहरू

परिचय

श्री शहिद लखन गाउँपालिका नेपालको संविधान २०७२ को कार्यान्वयनको क्रममा स्थानीय तहको गठन आदेश वमोजिम मिति २०७३ फागुन २७ गते गठन भएको हो । गोरखा जिल्लाको दक्षिणपूर्वी भागमा रहेको यस गाउँपालिकामा साविकका बक्राङ्ग, मनकामना, ताक्लुङ्ग, घैरूङ्ग, बुङ्कोट र नामजुङ्ग गा.वि.स.हरू समावेश भइ यस गाउँपालिकाको गठन भएको हो । यसको क्षेत्रफल १४८९७ वर्ग कि.मी. र जनसंख्या २७५५५ रहेको छ । यस गा.पा. को सिमानामा पूर्वमा भिमसेन, गण्डकी गा.पा. र धादिङ्ग जिल्ला, पश्चिममा गो.न.पा. र तनहुँ जिल्ला, उत्तरमा भीमसेन गा.पा र गो.न.पा., दक्षिणमा गण्डकी गा.पा., तनहुँ र चितवन जिल्ला रहेको छ । यस गाउँपालिकामा मगर, गुरूङ्ग, नेवार, क्षेत्री, ब्राह्मण, चेपाङ्ग र दलितहरूको मुख्य बसोबास रहेको छ भने अन्य जातिमा बराम, मुस्लिम, माझी आदिको पनि बसोबास रहेको छ ।

नीति तथा कार्यक्रमहरू

◈ कृषि

१ "उत्पादनमा जोड दिऔं आत्मनिर्भर बनौं" भन्ने नाराका साथ कृषिजन्य वस्तुहरूका उत्पादनमा जोड दिने नीति तय गरिने छ ।

२. खेतीयोग्य जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरूत्साहित गर्ने र बाँझो रहेका कृषि भूमिको दिगो उपयोगको लागि उपयुक्त योजना तयार गरी कार्यान्ययन गरिनेछ ।

३. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपर जोनको बिकास गरि सघन व्यबसायिक खेती प्रणाली अघि बढाइनेछ ।

४. दिगो कृषि विकासका लागि आवश्यक नीति, ऐन र नियमहरू तर्जुमा संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनुका साथै कृषक केन्द्रित तथा कृषक मैत्री नीति निर्माणमा जोड दिइनेछ ।

५. कृषिमा आधारित उद्योगहरू, सेवा तथा ग्रामिण कृषि पर्यटनको विकासमा यूवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ ।

६. रैथाने/परम्परागत स्थानीय सीपको विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।
जस्तै : (गुन्द्री, चकटी, मान्द्रो, डोको, थुन्से बुन्ने, हलो, कुटो, कोदालो आदि निर्माण)

७. प्राङ्गारिक मल (जैविक मल) उत्पादनमा कृषकहरूलाई उत्प्रेरित गर्ने योजना निर्माण गरिनेछ ।

८. पशुपालन, मत्स्यपालन, पुष्पव्यवसाय, तरकारी खेती, फलफूल खेती, जडिबुटी खेती गर्न उत्प्रेरित गर्दै सो व्यवसायमा आवद्ध अगुवा कृषक र कृषि समूहलाई प्रोत्साहनका लागि आर्थिक सहयोग गरिनेछ ।

९. विभिन्न प्रकारका फलफुलहरू (सुन्तला, कागती, निबुवा, भोगटे, केरा, नास्पती, कटहर आदि) उत्पादनका लागि कृषकहरूलाई प्रोत्साहन गरि फलफुल खेतिका हवहरू निर्माण गरिनेछ ।

१०. आलु, पिंडालु, बन्दा, काउली, मूला, साग, गोलभेडा जस्ता तरकारीहरूको उत्पादनमा जोड दिई ५ बर्ष भित्रमा गाउँपालिकालाई तरकारीमा आत्मनिर्भर तुल्याइनेछ ।

११. जैविक विविधतालाई ध्यान दिदै मौरीपालन व्यवसायलाई उत्प्रेरित गर्न विशेष प्रकारका योजना तय गरिनेछ ।

१२. खोलानालामा करेन्ट लगाएर माछा मार्ने प्रवृतिलाई अन्त्य गर्ने नीति अवलम्बन गरिनेछ ।

◈ पशुपंक्षी

१. कृषि विकास रणनीतिको भावना अनुरूप पशुपंक्षी पालन सम्बन्धी विद्यमान नीतिगत, कानुनी र प्रकृयागत व्यवस्थालाई सुधार गरिनेछ ।
२. पालिकालाई अण्डा, मासु र दूधमा ५ बर्ष भित्रमा आत्मनिर्भर बनाउन अण्डा, मासु र दूध विशेष उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
३. गुणस्तरीय पशुआहारको उपलब्धता बढाउन एक वडा एक घाँसे बाली श्रोत केन्द्र स्थापना गरिनेछ , सामुदायिक बन, कबुलियती बन, भू-संरक्षण तथा कृषि, पशु एवं वन विकास कार्यक्रम मार्फत सामुदायिक वन, कबुलियती वन तथा कृषि फर्महरूमा घाँसेवाली प्रवर्द्धनका लागि पहल गरिनेछ ।
४. पशुपालन व्यबसायमा नश्ल सुधार कार्यलाई जोड दिदै ब्याँड बोका, राँगा आदिमा अनुदानको व्यवस्था गरिनेछ ।
५. दुग्ध संकलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र आदिको निर्माण गरि कृषकका उत्पादनलाई प्रोत्साहित गरिनेछ ।
६. पशुपालन व्यबसायलाई प्रवर्द्धन गर्नका लागि बडहर, बकाइनो, इपिल इपिल, खनियो, टाँकी, किम्बु लगायतका डाले घाँस तथा उन्नत जातका घाँसहरूको श्रोत विकास निर्माण गरिनेछ ।

◈ वन तथा भू-संरक्षण

१. निजी तथा सार्वजनिक जग्गाहरूमा वृक्षरोपण गरि वन क्षेत्रको विस्तार वन पैदावरको आपूर्तिमा सहज हुने कार्यक्रम संचालन गरिनेछ ।
२. वन डढेलो व्यवस्थापनको लागि अग्निरेखा व्यवस्थापनमा जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।
३. पालिका वरिपरि रहेका वन हरियाली, सिमसार, पानीका मुहान खाली क्षेत्र र नदिको तटको उचित व्यबस्थापन गरिनेछ ।
४. सामुदायिक वन पैदावरको उत्पादन प्रशोधन र उपयोगको विषयमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ ।
५. सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट उत्पादन हुने वन पैदावरहरूको बिक्री बितरण तथा वन स्रोतमा आधारित व्यवसायलाई सहज बनाउन कानूनी र नीतिगत सुधार गरिनेछ ।
६. वन पैदावरबाट उत्पादित वस्तुहरूको उद्योग (दुना, टपरी, काष्ठकला) निर्माणमा जोड दिईनेछ ।
७. पालिकास्तरीय वनस्पती उद्यान निर्माणमा जोड दिईनेछ ।
८. पालिका स्तरमा बन नर्सरीको निर्माण गरि यसलाई क्रमस वडा स्तरमा पनि एक वडा एक बन नर्सरीको नीति अनुसार बिस्तार गरिनेछ ।
९. पालिकाको धरातलीय स्वरूप र हावा पानी अनुसार रिठ्ठा, चिउरी, लप्सी, तेजपात, बेल, रुद्राक्ष, टिमुर, खयर, चाँप, अम्रिसो, बाँस लगाएतका बोटबिरुवाहरु सार्वजनिक तथा निजी जमिनमा रोप्न लगाई हरियाली कायम राख्नुका साथै कृषकहरुलाई आम्दानीको श्रोत निर्माणका लागि बन पैदावरबाट फाईदा पुऱ्याउने नीति तय गरिनेछ।
१०. भिरालो जमिन तथा नाङ्गो जमिनहरुमा वृक्षरोपण गरि हरियाली कायम राख्दै भू-क्षय नियन्त्रण गर्ने नीति अपनाईनेछ।
११. नदी किनारका जमिनहरुलाई नदी कटानबाट बग्न नदिन किनार वरपर वृक्षरोपण गरिनुका साथै अनियमित रुपमा ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने प्रक्रियालाई नियन्त्रण गरिनेछ।

◈ संस्कृति तथा पर्यटन

१. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।
२. पर्यटन क्षेत्रलाई वातावरण मैत्री बनाईदै लगिनेछ ।
३. पर्यटन क्षेत्रलाई बिस्तार र विकास गर्न होमस्टेहरूलाई प्रोत्साहन गरिनेछ ।
४. धार्मिक प्रतिष्ठानहरूको प्रवर्द्धन गर्दै सबै जातजातिको रीतिरिवाज, परम्परा आदि झल्कने गरि पालिका स्तरको सांस्कृतिक संग्राहलय निर्माण गरिनेछ ।
५. त्रिवेणी मन्दिर, भीमविरेश्वर मन्दिर, मनकामना मन्दिर, बक्रेश्वरी मन्दिर, हिमालय माईको मन्दिर, कोटकालीको मन्दिर लगाएतका विभिन्न मन्दिर, गुम्बा, मस्जिद र चर्चहरूको संरक्षण र संवर्द्धनमा जोड दिई धार्मिक तथा सांस्कृतिक पर्यटन विकासमा जोड दिने नीति तय गरिनेछ ।
६. प्रथम शहिद लखन थापा, जैसिंह चुमी लगाएत समाज परिवर्तनका निम्ति शहादत प्रदान गर्ने विभिन्न शहिद तथा बेपत्ताहरूको स्मृतिमा संग्राहलय, पार्क र शान्ति वाटिका निर्माण गरि ऐतिहासिक पर्यटकीय स्थल निर्माण गर्न जोड दिइनेछ ।
७. पर्यटन क्षेत्रको पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धनका लागि ठोस कार्यक्रम तथा योजनाहरू पहिचान गरी कार्यान्वयनमा ल्याईनेछ ।
८. पर्यटकीय सम्भावना भएका गाउँपालिका क्षेत्रका ऐतिहासिक तथा पुरातात्विक स्थानहरूको पहिचान र विकासमा जोड दिईनेछ ।
९. गाउँपालिका भित्र बिभिन्न तिथि र मितिमा हुने जात्रा, पर्व, मेला, महोत्सवहरूलाई व्यवस्थित गरी मर्यादित तुल्याइनेछ ।
१०. गाउँपालिका भित्र विभिन्न तिथि र मितिमा हुने जात्रा, पर्व, मेला, महोत्सवहरूमा बिक्रि वितरण हुने मदिराजन्य बस्तुलाई व्यबस्थित गरिनुका साथै व्यक्ति, गाउँ र टोल बीच हुन सक्ने झैझगड- प्रति सचेतता अपनाईनेछ ।
११. पर्यटकहरूको आकर्षण र सुविधाका लागि पुराना पाटी, पौवा, चौतारा आदिको संरक्षण गरिने नीति तय गरिनेछ ।
१२. भाषिक, धार्मिक र जातीय विविधतालाई ध्यान दिदै उनीहरूको सांस्कृतिक महत्व बोक्ने चुड्का, कौरा, सोरठी, घाँटु, भजन, बालुन, लाखे, पञ्चेबाजा जस्ता गीत र नृत्यहरूको संरक्षण गरिने उदेश्य राखिनेछ ।
१३. नेपालको प्रसिद्ध धार्मिक स्थलको रूपमा परिचित माई मनकामनाको मन्दिर र यसै मन्दिरसंग धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व बोक्ने बक्रेश्वरीको मन्दिर तथा त्रिबेणी मन्दिरको बिस्तृत गुरूयोजना निर्माण गरि यसको धार्मिक तथा सांस्कृतिक पर्यटकीय महत्वलाई विश्व सामु उजागर गरिने नीति अपनाईनेछ ।

◈ युवा तथा खेलकुद

१. प्रत्येक वडास्तरीय युवा क्लव निर्माण गरिनुका साथै पालिका स्तरको एउटा यूवा तथा खेलकुद समिति निर्माण गरी खेल क्षेत्रको विकासमा अभिप्रेरित गरिनेछ ।
२. युवा लक्षित स्वरोजगारमूलक, सीपमुलक र क्षमता विकासका कार्यक्रमहरू संचालन गरिनेछ ।
३. प्रत्येक मा.वि.मा विद्यार्थीहरूको खेलकुद समिति निर्माण गरी खेल विकास गर्न प्रशिक्षकहरूको व्यवस्था गर्ने नीति लिइनेछ ।
४. गाउँपालिकाले पालिका स्तरीय अन्तर बिद्यालय र अन्तर यूवा क्लव बीच खेलकुदको आयोजना गरि खेलप्रेमिहरूलाई उत्साहित गर्ने योजना निर्माण गरिनेछ ।
५. सरकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य र साझेदारीमा गाउँपालिकामा रहेका बिद्यालयको खेलकुद समिति र युवा क्लवहरूलाई आवश्यकता अनुसार खेलकुद सामग्री वितरण गरिने छ ।

६. पालिका स्तरको रंगशाला निर्माण गरिनुका साथै गाउँटोल स्तरमा पनि सम्भाव्यता अध्ययन गरि खेल मैदान तथा कवर्ड हल निर्माणमा जोड दिईनेछ ।
७. गाउँपालिकाले कुनै विशेष उत्सव वा पर्वहरू पारेर पालिका स्तरीय खेलकुदहरूको आयोजना गरि युवाहरूमा पैदा भएको खेलप्रतिको रूचिलाई ध्यान दिदै राष्ट्रिय खेलाडी निर्माणमा ध्यान दिईनेछ ।
८. स्वस्थ, तन्दुरूस्त र अनुशासनका लागि खेलकुद भन्ने नाराका साथ युवाहरूलाई खेलप्रेमी बनाउदै उनीहरूमा पैदा हुने गलत आचरण (लागु औषध दुर्व्यसनी, चोरी डकैती) हटाउने उदेश्य लिईनेछ ।
९. युवाहरूमा पैदा भएका वैदेशिक रोजगारी प्रतिका आकर्षण--लाई अन्त्य गर्न पशुपालन, कृषि व्यवसाय, फलफुल तथा तरकारी खेती गर्न उत्साहित गर्दै कृषि रोजगारी निर्माणका लागि योजना तय गरिनेछ ।
१०. युवाहरूलाई सीप विकास र क्षमता विकासका अवसरहरू प्रदान गरि आर्य आर्जन मुलक क्रियाकलापमा संलग्न गराउने नीति लिईनेछ ।

◈ महिला लक्षित

१. सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै महिलाका मुलभूत अधिकार सुनिश्चित गरिनेछ ।
२. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्न आवश्यक कदम चालिनेछ ।
३. राजनीतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायक तहमा महिलाको सार्थक र समान पहुँचका लागि समान अवसरहरूको सिर्जना गर्नमा जोड दिइनेछ ।
४. महिलाहरूका लागि समन्वयात्मक रूपमा रोजगारी तथा स्वरोजगारी सृजना गर्न आयमुलक, सीपमुलक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
५. एकल महिलाहरूले भोग्दै आएका सामाजिक तथा आर्थिक कठिनाइहरू कम गर्न एकल महिलाहरूप्रति समाजले गर्ने व्यवहार सुधार गर्ने कार्यक्रमका साथै स्वरोजगार मूलक तालिम, सीप हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।
६. महिला लक्षित सहकारीहरूलाई उत्पादन मूखी र सीप विकास तथा शसक्तिकरण गरी स्वरोज़गार बनाइनेछ ।
७. महिला समुहद्वारा निर्मित महिला सहकारीमा आवद्ध रहेका महिलाहरूमध्येबाट उत्कृष्ट समूहलाई प्रोत्साहन रकम प्रदान गर्ने कार्यक्रम बनाइनेछ ।
८. सहकारीमा आवद्ध महिलाहरूमध्ये विपन्न महिला, एकल महिला, हिंसा पीडित महिलाहरूलाई प्राथमिकतामा राखेर आय आर्जनमुखी कार्यक्रम निर्माण गरिनेछ
९. सहकारीहरूको लेखा प्रणालीलाई चुस्त दुरूस्त र पारदर्शी रूपमा संचालन गर्न लेखा तालिमको व्यवस्था मिलाइनेछ ।

◈ बालबालिका

१. बालबालिकाहरूको सुरक्षा सहभागिता र बाल अधिकारको संरक्षणको लागि गाउँपालिका स्तरीय बाल संरक्षण समिति मार्फत बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।
२. बाल क्लब गठन तथा गाउँपालिका बाल संजालको क्षमता अभिवृद्धि गरी योजना तर्जुमामा बालबालिकाको सहभागिता अभिवृद्धि गरिनेछ ।
३. यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउनको निमित्त बालमैत्री लक्षित कार्यक्रहरू तय गरिनेछ ।
४. अल्पसंख्यक, विपन्न, दलित, जेहनदार विद्यार्थीका लागि शैक्षिक तथा खेलकुद सामग्री वितरण गरिनेछ ।
५. शिशु स्याहार केन्द्र (Child Care Centre) निर्माण गरि बाल बालिकाको चौतर्फी बिकासमा ध्यान दिईनेछ ।

६. पालिकाका बिभिन्न स्थानमा बाल उद्यान निर्माण गरि बाल बालिकाको खुसी र मनोरञ्जंनमा ध्यान पुऱ्याईनेछ ।
७. बाल श्रमको न्यूनिकरणमा ध्यान दिदै बाल श्रम शोषण प्रति कडा नीति अवलम्बन गरिनेछ ।
८. अनाथ, असहाय बाल बालिकाको संरक्षणमा ध्यान दिदै उनीहरूको बाल अधिकार प्रति सचेतता अपनाईनेछ ।
९. बाल बालिकाहरूमा पठन संस्कृतिको विकास गर्न बाल कार्यक्रमहरू संचालन गरि विभिन्न क्षमता भएका बाल बालिकाहरूलाई पुरस्कृत गरिनुका साथै अन्तर सिक्दई आदान प्रदान कार्यक्रम संचालन गरिनेछ ।

◈ सडक तथा यातायात

१. गाउँपालिका स्तरीय यातायात गुरू योजना तयार गरी सो योजनाले तोकेका सडकहरूलाई स्तरउन्नती गर्ने कार्यबारे बार्षिक योजना तर्जुमा कार्यसंग आवद्ध गरिनेछ ।
२. गाउँपालिका क्षेत्रमा प्राथमिकतामा परी विगत देखि नै क्रमागत रूपमा संचालन भइरहेका सडक योजनाहरूको मर्मत, संहार तथा थप स्तर उन्नती गर्न बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
३. गाउँपालिका क्षेत्रका मुख्य सडकहरूमा लागत साझेदारीका आधारमा पक्की नाला निर्माण तथा पिच गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
४. गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाहरूको लगत तयार गरी उक्त जग्गाहरूको संरक्षण एवं सम्वर्द्धन गर्न आवश्यक पहल गरिनेछ । साथै सडकहरूको लगत कट्टा गर्ने कार्यलाई वडागत रूपमा क्रमश अगाडि बढाइनेछ ।

◈ खानेपानी तथा सरसफाई

१. यस गाउँपालिकालाई स्वच्छ, हराभरा र पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्ने नीति लिइनेछ ।
२. गाउँपालिका क्षेत्रका आम नागरिकहरूलाई स्वच्छ खानेपानी उपलब्धताको लागि निर्माणाधिन खानेपानी आयोजना सञ्चालन गरिनेछन् । साथै सञ्चालनमा रहेका आयोजनाको नियमित मर्मत सम्भारमा विशेष जोड दिइनेछ ।
३. गाउँपालिकाको बजार क्षेत्रको फोहोरको दिर्घकालिन व्यवस्थापनका लागि उपयुक्त Landfield Site पहिचान तथा निर्माणको कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
४. विकासका आधारभूत पक्षको रूपमा रहेको खानेपानीको व्यवस्थापनका लागि पूर्वाधार संरचनाहरूको निर्माण एवं सुरक्षित पिउने पानीका व्यवस्थापनका लागि आगामी ५ बर्ष भित्रमा एक घर एक धाराको नीति अवलम्बन गरी समुदाय र गैर सरकारी संस्थाहरूको सहभागितामा सम्पूर्ण गाउँपालिकाबासीहरूलाई सुरक्षित खानेपानी र सरसफाइको व्यवस्थापन मिलाइनेछ ।
५. आफ्नो बस्ति र टोल नजिक रहेका पानीका मूलहरू कुनै एक व्यक्ति वा समूहले कब्जा गर्ने र अन्य बस्ति र टोलमा पिउने पानीको समस्या बनाउने प्रवृतिको अन्त्य गरि प्राकृतिक श्रोतको समुचित बाँडफाँडमा ध्यान दिने नीति अवलम्बन गरिनेछ ।

◈ भवन निर्माण

१. गाउँपालिका तथा वडा कार्यालयहरूको भवन निर्माण कार्यलाई यसै आ.ब. देखि क्रमिक रूपमा अगाडि बढाइनेछ ।
२. गाउँपालिका क्षेत्रभित्र विभिन्न संघ संस्था तथा सरकारी एवं गैरसरकारी संस्था, महिला समूह, यूवा क्लव लगाएत उस्तै प्रकृतिका अन्य संघ संस्थाहरूले भवन निर्माण गर्न गाउँपालिकाबाट वा अन्य कुनै स्रोतबाट रकम प्राप्त गरि भबन निर्माण गर्न चाहेमा अनिवार्य रूपमा आ-आफ्नो संस्थाको नाममा जग्गा धनी पुर्जा हुनुपर्ने नीति लिइनेछ ।
३. ब्यक्तिहरूले नीजि घर निर्माण गर्दा अनिवार्य रूपमा घरको नक्सा पास गर्नुपर्ने नीति लिइनेछ ।
४. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरूमा कुनै पनि संघ संस्था वा कार्यालयले कुनै पनि किसिमको घर, भवन, टहरा सेड वा यस्तै प्रकारको संरचना निर्माण गर्न पाइने छैन ।
५. सडकको दायाँ/बायाँ भबन निर्माण गर्दा मापदण्ड पूरा गरेर मात्र भबन निर्माण गरिनु पर्ने नीति लिइनेछ ।

◈ स्वास्थ्य, जनसंख्या तथा शिक्षा

१. स्वास्थ्य क्षेत्रलाई अत्यावश्यक क्षेत्रको रूपमा विकास गरी स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा स्थापित गर्न स्वास्थ्यको पहुँच सर्वसाधारण सम्म सहज रूपमा पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।
२. आधारभूत स्वास्थ्य एवं प्राथमिक स्वास्थ्य सेवाको पहुँचयोग्य नभएका समुदायमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन सामुदायिक स्वास्थ्य इकाइको विस्तार गरि स्वास्थ्य सेवालाई जनताको पहुँचयोग्य बनाइनेछ ।
३. अति विपन्न सुत्केरी महिलाहरूलाई पोषणयुक्त खानेकुरा सुआहाराका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
४. गाउँपालिकामा स्वास्थ्य क्लिनिकहरूको स्थापना र भौतिक पूर्वाधारमा ध्यान दिइनेछ ।
५. स्वास्थ्य तथा उपस्वास्थ्य चौकीहरूको भौतिक पूर्वाधार विकास तथा स्तरवृद्धि गर्दै स्वास्थ्य क्षेत्रलाई सम्पादन गर्ने सेवालाई समयानुकूल गुणस्तरीय बनाउन पहल गरिनेछ ।
६. नेपाल सरकारको एक वडा एक स्वास्थ्य चौकी निर्माणको अवधारण-लाई अवलम्बन गरिनेछ ।
७. जिल्ला जनस्वास्थ्य कार्यलयसंगको समन्वय र सहकार्यमा महिलाहरूको प्रजनन स्वास्थ्य सुरक्षाको लागि वर्थिङ्ग सेन्टर निर्माण तथा स्तर उन्नतीलाई अभियानका रूपमा सञ्चालन गरिनेछ ।
८. नेपाल सरकारद्वारा घोषित पालिका स्तरमा एक सुविधा सम्पन्न २५ शैया सम्मको अस्पताल निर्माण गर्ने योजनालाई मूर्तरूप दिन पहल गरिनेछ ।
९. सुखी र सम्पन्न परिवार निर्माणका लागि जन्मान्तर, घटना दर्ता, बाल बिवाह, बहु बिवाह जस्ता कार्यहरूमा पालिकाले जनसङ्ख्या सम्बन्धी बिशेष नीति लिनेछ ।
१०. शिक्षा क्षेत्रको विकासको लागि विद्यालयको भौतिक पूर्वाधार सुधार, खानेपानी, फर्निचर आदिको व्यवस्थापनमा पहल गरिनेछ ।
११. विपन्न, अनाथ, जेहेन्दार विद्यार्थीहरूका लागि पोशाक, शैक्षिक तथा खेलकुद सामग्री वितरणको कार्यक्रम संचालन गरिनेछ ।
१२. शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा गोष्ठीहरूको संचालन गरिनेछ ।
१३. पालिकाका सबै विद्यालयहरूलाई बाल मैत्री बिद्यालयको रूपमा विकास गर्ने योजना तय गरिनेछ ।
१४. बाल कक्षा (ECD) व्यवस्थापनका लागि बिशेष पहल गरिनेछ ।
१५. बाल बालिकाहरूको सिकाई उपलब्धी अभिबृद्धि गर्न बाल शिक्षिकाहरूका लागि बाल मनोविद् र मन्टेश्वरी तालिम/प्रशिक्षण- संचालन गरिनेछ ।
१६. विद्यालयहरूमा शैक्षिक स्तर बृद्धिका लागि आवश्यक पर्ने भौतिक पूर्वाधारहरू तयार गर्दै पुस्तकालय, प्रयोगशाला, ल्याब आदिको व्यवस्था गरिनेछ ।

१७. प्रत्येक विद्यालयहरूलाई सूचना प्रविधि मैत्री विद्यालयको रूपमा विकास गर्ने लक्ष्य लिईनेछ ।
१८. गाउँपालिकाका कुनै एक विद्यालयलाई नमूना विद्यालयका रूपमा विकास गरि अन्य विद्यालयहरूलाई पनि नमूना विद्यालयका रूपमा विकशित गर्दै लैजाने नीति लिईनेछ ।
१९. सामुदायिक सिकाई केन्द्र (CLC) हरूलाई व्यवस्थित गरिनेछ र अनौपचारिक शिक्षाको माध्यमद्वारा समुदायलाई सुशिक्षित बनाउने उदेश्य लिईनेछ ।
२०. विद्यालय स्तरका सबै परीक्षाहरूलाई (मूल्याङ्कन पद्धति) व्यवस्थित र मर्यादित बनाउन पहल गरिनेछ ।
२१. विद्यार्थीहरूको शैक्षिक विकासका साथै व्यवसायिक सीप अभिवृवद्धि गर्न आवश्यकताका आधारमा क्षेत्रगत रूपमा छुट्टाछुट्टै प्राविधिक विद्यालयहरूको स्थापनाका लागि पहल गरिनेछ ।
२२. पालिका भित्रका माध्यमिक बिद्यालयहरूको स्तरोन्नती गर्दै कलेज निर्माणको लागि आवश्यक पूर्वाधार निर्माणमा ध्यान दिइनेछ ।
२३. पालिका अन्तर्गत कार्यरत शिक्षक/कर्मचारीहरूको मनोबल उच्च राख्न उचित पुरस्कारको व्यवस्थापन गरिनेछ ।

◈ गैरसरकारी संस्था / उपभोक्ता समिति

१. गाउँपालिका विकासका साझेदारको रूपमा गैरसरकारी संस्थाहरूलाई लक्षित वर्गसम्म पुग्नेगरी कार्यक्रम संचालन गरिनेछ
२. गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरूबाट संचालित कार्यक्रमहरूको अनुगमनका लागि विशेष व्यवस्था गरिनेछ ।
३. गाउँपालिका क्षेत्रभित्र कार्यक्रम गर्नुपूर्व नै गैर सरकारी संस्थाहरूले आगामी बर्षको आ-आफ्नो कार्यक्रम सहित गाउँपालिकाबाट स्वीकृत लिनुपर्नेछ ।
४. आयोजना संचालन संबन्धमा उपभोक्ता समितिलाई प्रशिक्षित गर्ने व्यवस्था मिलाइनेछ ।
५. समयनै गुणस्तरिय रूपमा योजना सम्पन्न गर्ने उपभोक्ताहरूलाई प्रोत्साहन दिने नीति लिइनेछ ।
६. गैर सरकारी संस्थाद्वारा गठित उपभोक्ता समितिहरू गाउँपालिकामा प्रमाणित गरिनुपर्ने नीति लिईनेछ ।

◈ सहकारी क्षेत्र

१. गाउँपालिका क्षेत्रभित्र संचालित सबै किसिमका सहकारी संस्थाहरूको नियमन गर्न गाउँपालिकाले ऐन तर्जूमा गरी सहजीकरण गर्ने नीति लिइनेछ ।
२. सहकारी संस्थाहरूको क्षमता विकास र पारदर्शिताका लागि गाउँपालिकाले उपयुक्त वातावरणको सृजना गर्नेछ ।
३. कृषि सहकारी संस्थाहरूले कृषि क्षेत्रमा कृषकहरूलाई अझ बढि लाभ दिने गरि एकै किसिमको नीति र व्यवस्थापन प्रकृया अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।
४. कृषि सहकारी संस्थाहरूको समेत योगदान रहने गरि गाउँपालिकामा एक कृषि पूर्वाधार कोषको स्थापना गरिनेछ, उक्त कोषबाट कृषि क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण कार्यमा मात्र खर्च गरिनेछ । कोषमा सहकारी संस्थाहरूको योगदान अंश आपसी सहमतिमा तय गरिनेछ ।
५. बचत सहकारी, उत्पादन सहकारी र बितरण सहकारीको निर्माण- गर्दै गाउँपालिकाका मानिसहरूलाई सहकारीमा आवद्ध गराई सहुलियत प्रदान गराईनेछ ।
६. सहकारी संस्थालाई मजबुद, सक्षम र सुदृढ तुल्याउने उदेश्य बमोजिम कुनै एक सहकारी संस्थामा आवद्ध सदस्य अर्को सहकारी संस्थामा बस्न नमिल्ने नीति लिईनेछ ।
७. गाउँपालिका स्तरको एउटा उत्पादन कम्पनी निर्माण गरि कृषि जन्य उत्पादनमा बिशेष जोड दिईनेछ ।

◈ ज्येष्ठ नागरिक, आदिवासी जनजाति, दलित, मुश्लिम, भिन्न क्षमता भएका व्यक्ति तथा पिछडा बर्ग

१. आदिवासी जनजाति, तथा मुश्लिम समुदायको भाषा, धर्म, कला, संस्कृति, लिपि संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । साथै लक्षित कार्यक्रमको माध्यमद्वारा उनीहरूको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक विकासमा विशेष ध्यान दिइनेछ ।
२. ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा भत्ता प्रदान, ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
३. दलित तथा उत्पीडित वर्गको समग्र आर्थिक उन्नतीको लागि परम्परागत सीप र ज्ञानलाई व्यवसायिकरण गर्नको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
४. भिन्न क्षमता भएका व्यक्तिको सम्मान र जीवन निर्वाहका लागि सामाजिक सुरक्षा भत्ता प्रदान, विउ पूंजी सहितका आयमूक कार्यक्रम संचालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुने वातावरणको सिर्जना गरिनेछ ।

◈ भुकम्प प्रभावित पुनः निर्माण कार्यक्रम

१. लाभग्राहीरूको सम्झौता तथा किस्ता निकास प्रकृयालाई थप व्यवस्थित बनाईनेछ ।
२. भुकम्प पुर्ननिर्माणमा नक्सा पास प्रकृयालाई सरलीकृत गरी छरितो प्रकृया अवलम्बन गरिनेछ ।
३. राष्ट्रिय पुन निर्माण प्राधिकरणबाट स्वीकृत नक्सा डिजाइन बमोजिमका घर निर्माण- गर्ने लाभग्राहीलाई नक्सा पास दस्तुरमा छुट दिने व्यवस्था गरिने छ ।
४. प्राविधिकहरूको परिचालन र प्राविधिक सल्लाह सुझावलाई व्यवस्थित बनाउन जिल्ला आयोजना कार्यन्वयन इकाई संग सहकार्य गरिनेछ ।
५. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने स्थायी घर संरचनालाई भुकम्प प्रतिरोधी बनाउनको लागि नेपाल सरकारबाट स्वीकृत ऐन, नियम, कार्यविधि तथा मापदण्ड कड-इका साथ पालना गर्ने गराइनेछ ।
६. गाउँपालिकाको स्वीकृति नलिई आफूखुसी घर बनाउने कार्यलाई निरूत्साहित गर्न गाउँपालिका क्षेत्रको व्यापक अनुगमन गरिनेछ । नक्सा पास नगराई बनेका घर संरचनालाई गाउँपालिकाबाट कुनै पनि किसिमको क्षतिपूर्तिको व्यबस्था नगरी कुनै पनि समयमा भत्काउन सकिनेछ । नक्सा पास नगराइ घर बनिरहेको सूचना दिने व्यक्तिको पहिचान गोप्य राखी घर धनीबाट जरिवानास्वरूप असुल गरिएको रकमको निश्चित प्रतिशत पुरस्कारस्वरूप प्रदान गर्ने व्यबस्था समेत मिलाइनेछ ।
७. गाउँपालिका क्षेत्र भित्रका घर जग्गाहरूमा रहेका बाटो लगत कट्टा गर्ने प्रक्रियालाई द्रुत गतिमा अघि बढाइनेछ ।
८. भुकम्प पिडित लाभग्राहिमा रहेका जेष्ठ नागरिक, एकल महिला तथा अपांगाहरूको हकमा घर निर्माण गर्न सहजीकरण गरिदिने नीति लिइनेछ ।
९. भुकम्प पीडित व्यक्तिहरूको नामवली लाभग्राही सूचिमा छुट हुन गई गुनासो दर्ता गर्ने लाभग्राहिको गुनासो सुनुवाई प्रकृयालाई छिटोछरितो र व्यवस्थित बनाउन आवश्यक पहल गरिनेछ ।
१०. आफ्नो नाममा जग्गाधनी पुर्जा नभएका भुकम्प पीडितहरूको हकमा उपर्युक्त नीति तथा निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

◈ राजश्व सम्बन्धी नीति

१. यस गाउँपालिकाले कर प्रणालीलाई सबल, सक्षम र प्रभावकारी तुल्याउनका लागि करको दायरालाई विस्तार गर्दै व्यवसायिक करमा आवद्ध नभएका सबै व्यवसायिहरूलाई करको दायरामा ल्याउने,करका दरहरूलाई समयानुकूल संशोधन गरिने, एकिकृत सम्पती कर असुली कडाइका नीति अवलम्बन गरिने र घरवहाल करलाई समेत प्रभावकारी तुल्याउदै स्वयम् घोषणाको नीति अवलम्बन गर्दै गाउँपालिकाको आन्तरिक क्षमता अभिवृद्धि गरिनेछ ।

२. एकीकृत सम्पतिकर, विज्ञापनकर, व्यवसायकर, घरबहाल करलाई व्यवस्थित रूपमा संकलन गर्न गाउँपालिका भित्रका विद्यालयहरूसंग साझेदारी तथा सहकार्य गरी करदाता शिक्षा तथा करदाता लगत तथा सूचना संकलन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
३. करको दर परिमार्जन सहित करका दायराहरू फराकिलो पार्न नयाँ श्रोतहरूको पहिचान गरिनेछ ।
४. गाउँपालिकाको राजश्व परामर्श समिति, राजश्व शाखालाई सुदृढ र सक्षम बनाइनेछ ।
५. समयमा कर तथा शुल्क तिर्ने गाउँपालिकाबासीलाई थप हौसालास्वरूप निश्चित प्रतिशत छुट दिने तथा कर तथा शुल्क नतिर्ने गाउँपालिकाबासीलाई जरिवाना गर्ने तथा बार्षिक रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने प्रणाली स्थापना गरिनेछ ।

केन्द्रमा प्रस्तावित योजनाहरू

◈ मोटरेबल पुल

१. शहिद लखन गाउँपालिका वडा नं. ३ करनटार र इच्छाकामना गाउँपालिका मुग्लिन जोड्ने त्रिसुली नदीको त्रिवेणीमा मोटरेबल पुल निर्माण ।
२. शहिद्र लखन गाउँपालिका वडा नं. ४ ठेउवाटार र इच्छाकामना गाउँपालिका लेवटटार जोड्ने त्रिसुली नदीमा मोटरेबल पुल निर्माण ।
३. शहिद लखन गाउँपालिका वडा नं. ४ कुरिनटार र इच्छाकामना गाउँपालिका कुरिनटारको त्रिशुली नदी जोड्ने मोटरेबल पुल निर्माण ।
४. शहिद लखन गाउँपालिका वडा नं. ५ गुर्दुम र गो.न.पा. लक्ष्मीबजार जाने बाटो जोड्ने लुदीखोलामा मोटरेबल पुल निर्माण ।
५. शहिद लखन गाउँपालिका वडा नं. १ बक्राङ्ग र स्याँउली बजार जोड्ने लुदी खोलामा मोटरेबल पुल निर्माण

◈ सडक

१. आँबुखैरेनी, कान्टार, नामजुङ्गटार, सिलिङ्ग, मनकामना सडक कालोपत्रे ।
२. लक्ष्मीबजार, तीनमाने, जुम्लीचौतारा, राईनास, बुट्टार सडक कालोपत्रे ।
३. ढुङ्गागाडे भञ्ज्याङ्ग, बतासे, तीनमाने, तोरेन,मनकामना सडक कालोपत्रे ।
४. स्याउँलीबजार, बक्राङ्ग, मनकामना सडक कालोपत्रे ।
५. बर्चुलीथान, नामजुङ्ग रामभञ्ज्याङ्ग, बुङ्गकोटघाट सडक कालोपत्रे ।
६. बुङ्गकोट, गैरीचौतारा, मैलुङ्ग, बुङ्गकोटघाट सडक कालोपत्रे ।
७. त्रिवेणी-मनकामना मोटरबाटो स्तरवृद्धि तथा कालोपत्रे ।
८. बुंकोट देउराली, ओह्याक रानिश्वारा, चिसोपानी तिनमाने सडक स्तरउन्नती ।

◈ धार्मिक तथा पर्यटकीय क्षेत्र

१. शहिद लखन गाउँपालिका वडा नं. २ र ३ मा अवस्थित नेपालकै प्रशिद्ध धार्मिक एवम् सांस्कृतिक धरोहरको रूपमा रहेको सम्पूर्ण नेपालीहरूको आस्थाको केन्द्र माई मनकामना मन्दिर र सो संवद्ध बक्रेश्वरी मन्दिर क्षेत्रको ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक पक्षहरूको संरक्षण र संवर्द्धन गर्दै समग्र विकासको अवधारणाका साथ संरचनागत विकासका लागि संस्कृति तथा पर्यटन मन्त्रालय मार्फत नेपालको महत्वपूर्ण सम्पदाको रूपमा सूचिकृत गर्दै विश्व सम्पदा सूचिमा समावेशका लागि माग गर्ने निर्णय गरियो ।

२. नेपालको प्रथम शहिद लखन थापाको जन्मस्थल शहिद लखन गाउँपालिका वड– नं. ७ बुङ्गकोट काहुले भञ्ज्यारमा निजको जीवनीसंग सम्बन्धित सम्पूर्ण पक्षहरू समेटदै ऐतिहासिक संग्राहलय निर्माणका लागि माग गर्ने निर्णय गरियो ।

३. नेपालको प्रथम प्रधानमन्त्री भीमसेन थापाद्धारा शहिद लखन गाउँपालिका वडा नं. ९ बुङ्गकोटघाटमा निर्मित भीमविरेश्वर मन्दिर हाल भग्नावशेषका रूपमा रहेको र बुढी गण्डकी जलविद्युत आयोजनाको जलाशय क्षेत्रभित्र पर्ने भएको हुँदा सोको ऐतिहासिक, पुरातात्विक र धार्मिक तथा सांस्कृतिक महत्वलाई कायम राख्न उत्खनन् गरी हालको शहिद लखन गाउँपालिका वडा नं. ९ नामजुङ्ग क्षेत्रभित्र पुनःस्थापनाको लागि आवश्यक प्रकृया अगाडि बढाई कार्यान्वयन गराइदिन अनुरोध गर्ने ।

◈ खानेपानी

१. शहिद लखन गाउँपालिका वडा नं. ३ सिलिङ्ग ग्याभ्का लिफ्टिङ्ग खानेपानी आयोजनाको लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गोरखा तथा गैरसरकारी संघ संस्थासंग माग गर्ने ।

अन्त्यमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने चरणमा प्रत्यक्ष वा परोक्ष सहयोग पऱ्याउनुहुने गाउँपालिकाबासीहरूमा धन्यबाद दिन चाहन्छु । नीति, कार्यक्रम तथा बजेट तर्जुमाका सिलसिलामा हरबखत अमूल्य सुझाबका साथ, सहयोग गर्नुहुने पालिकास्तरीय राजनैतिक दलका पदाधिकारीज्यूहरूको पालिकाको उन्नती, प्रगती र संवृद्धि प्रतिको एकता, संवेदनशिलता, उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो, यसप्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं। वडा सदस्यज्यूहरू, गाउँ कार्यपालिका सदस्यज्यूहरू, वडा अध्यक्षज्यूहरू लगाएत गाउँ सभाका संपूर्ण सदस्यज्यूहरूप्रति पनि कृतज्ञता व्यक्त गर्दछौं । प्रस्तुत नीति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा अहोरात्र खटिनुभई सहयोग पुऱ्याउनुहुने गाउँपालिकाका कार्यकारी अधिकृत युवराज अधिकारी, लेखापाल उमानाथ भण्डारीप्रति हार्दिक नमन व्यक्त गर्दै सम्पूर्ण कर्मचारी मित्रहरू, नागरिक समाज, विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, उद्यमी व्यवसायी, समाजसेवी, बुद्धिजीवी, संचारकर्मी सबैमा हार्दिक धन्यबाद ।

गाउँसभाद्वारा पारित निर्णयहरू :

निर्णय नं. १

स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ एवं स्थानीय तह सम्बन्धी अन्य नीति, नियम वमोजिम यस शहिद लखन गाउँपालिकाको विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित गर्नाका लागि आवश्यक पर्ने कर र राजश्व, पूर्वाधार विकास, आर्थिक तथा सामाजिक विकास सम्बन्धी अनुसूची १ मा उल्लेखित नीति तथा कार्यक्रमहरूलाई अवलम्बन गर्ने र सोही आधारमा समग्र गाउँपालिकाको क्षेत्रगत विकासको अवधारणालाई अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. २

स्थानीय तहलाई नेपालको संविधान एवं अन्य प्रचलित कानून वमोजिम प्राप्त अधिकारका आधारमा स्थानीय तहको आर्थिक ऐनको रूपमा यस शहिद लखन गा.पा. को कर संकलन कार्यलाई प्रभावकारी बनाई गा.पा. को विकासमा स्थानीय श्रोतको अंशमा वृद्धि गर्नका लागि गा.पा. स्तरीय राजश्व परामर्श समितिको सुझाबका आधारमा कर तथा राजश्वका दरहरूका सम्बन्धमा छलफल गरी आ.व. २०७४/०७५ का लागि अनुसूची २ वमोजिमका क्षेत्रमा उल्लेखित करका दरहरूको प्रस्ताब स्वीकृत गरी सोही वमोजिम कर संकलन कार्यलाई प्रभावकारी तुल्याई आन्तरिक निर्भरता कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस गाउँपालिका लाई आ.व. २०७४/०७५ मा विभिन्न क्षेत्रबाट प्राप्त हुने आन्तरिक एवं बाह्य श्रोत, अनुदान, वित्तीय समानिकरण, सशर्त अनुदान, राजश्व बाँडफाड, अन्तर स्थानीय तह वित्तीय हस्तान्तरणलाई आधार बनाई यस गा.पा. को श्रोत अनुमान समितिको प्रतिबेदनका आधारमा अनुसूची ३ वमोजिमको समग्र आय अनुमान प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस गाउँपालिका लाई आ.व. २०७४/०७५ का लागि प्राप्त अनुसूची ३ वमोजिमको अनुमानित आय वमोजिमको रकम बाट योजना तर्जुमा प्रकृयाका सबै चरणहरू पार गर्दै वडा सभाबाट पारित भई आएका, गा.पा. द्वारा प्राथमिकीकरण गरिएका क्षेत्रगत शीर्षकहरूमा रकम विनियोजन गरी अनुसूची ४ वमोजिमका क्षेत्रहरूमा लगानी एवं खर्च गर्नका लागि यस गाउँपालिकाको बार्षिक विकास कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस गाउँपालिकाको कार्यालय स्थापना एवं संचालन पश्चात आ.व. २०७३/०७४ मा प्राप्त रू. १ करोड बजेटको सीमाभित्र रहि संचालन अनुदान एवं पूँजिगत खर्च तर्फ गरिएको अनुसूची ५ वमोजिमको शीर्षकगत खर्चको बाँडफाड र सोको खर्चको अनुमोदनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

दीर्घकालिन विकासका दृष्टिले अत्यन्त महत्व राख्ने तर यस गाउँपालिकाको श्रोत र साधनबाट सम्बोधन गर्न नसकिएका अनुसूची ६ वमोजिमका क्षेत्रगत आयोजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखी संचालन तथा सम्पन्न गरिदिनका लागि जिल्ला स्थित विषयगत कार्यालयहरू एवं प्रादेशिक र केन्द्रिय निकायहरूसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

राष्ट्रिय एवं अन्तराष्ट्रिय स्तरमा समेत प्रख्यात यस गाउँपालिका को वडा नं. २ र ३ मा अवस्थित नेपालको प्रसिद्ध धार्मिक एवं सांस्कृतिक धरोहरको रूपमा रहेको मनकामना मन्दिर र सो संग आवद्ध रहेको बक्रेश्वरी मन्दिर, सिद्ध गुफा र त्रिवेणी क्षेत्रको समग्र विकासको लागि यसको धार्मिक, सांस्कृतिक र ऐतिहासिकताको पूर्ण पहिचान झल्कने गरी वृहत्तर गुरूयोजना तयार गर्ने र सो अनुसारका पूर्वाधार संरचनाहरू निर्माण गरी यस क्षेत्रलाई विश्व सम्पदा सूचिमा समावेशका लागि राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, भौतिक योजना मन्त्रालय र पुरातत्व एवं संस्कृति मन्त्रालयमा जोडदार माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

नेपालका प्रथम शहिद लखन थापाको जन्म स्थलको रूपमा रहेको यस गाउँपालिका को वडा नं. ७ मा अवस्थित काउलेभंगार, बुङ्गकोटमा शहिद लखनको ऐतिहासिकता कायम रहने गरी "शहिद लखन संग्राहलय एवं स्मारक" स्थापना गरी सोको संचालन तथा व्यवस्थापनका लागि सम्बन्धित केन्द्रिय निकायहरूमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस गाउँपालिका अन्तर्गत रहेका सबै पसल, व्यवसाय एवं उद्योगधन्दाहरूलाई गाउँपालिकामा व्यवसाय दर्ता गरी स्वच्छ र मर्यादित ढंगले संचालन हुने व्यबस्था कायम गरि सोको स्तरिकरणको आधारमा स्थानीय स्तरको उद्योग वाणिज्य संघसंगको समन्वय र सहयोगमा व्यवसाय करको असुली गर्ने स्पष्ट मापदण्ड र मूल्य सूचिका साथ व्यबसाय एवं उद्योग धन्दा संचालन हुने व्यबस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १०

यस गाउँपालिका क्षेत्रभित्र विद्युत वितरण लाईनमा प्रयोग भएका LT / HT लाईनका पोलहरू कतिपय जिर्ण अवस्थामा रहेको र कतिपय स्थानमा विद्युतिय भार वहन कम भई विद्युत वितरणमा समस्या भएकाले सोको अध्ययन गरी विद्युत पोलहरूलाई पूनव्यबस्थित गरी विद्युत आपूर्ति व्यवस्थालाई सहज र सरल तुल्याउदै मनकामना बजार क्षेत्रभित्र रहेको अव्यबस्थित विद्युत वितरण लाईनलाई इन्सुलेटर केवल प्रणालीमा आवद्ध गरी विद्युत वितरण प्रणालीलाई व्यबस्थित गर्नाका लागि विद्युत प्राधिकरणसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस शहिद लखन गाउँपालिकालाई आन्तरिक रूपमा सवल, सक्षम र प्रभाबकारी तुल्याउदै गाउँपालिकालाई दीगो रूपमा धानिन सक्ने गरी आत्मनिर्भरता कायम गर्न वडागत बाट प्राप्त राजश्वका संभावित क्षेत्रहरूको पहिचानको लागि राजश्व अभिवृद्धि योजना (Revenue Inhancement Plan) तयार गरी कार्यान्वयन गर्ने र सोको प्रवर्द्धनका लागि गाउँपालिकाले सो क्षेत्रलाई प्राथमिक क्षेत्रको रूपमा राखी आफ्नो लगानी केन्द्रित गरी आवश्यक कार्य प्रकृया अगाडि बढाउने नीति अंगिकार गर्ने निर्णय गरियो ।

निर्णय नं.१२

यस गाउँपालिका अन्तर्गतका सडकहरूको नामाङ्कन एवं सोको सडक मापदण्ड (Right of Way) कायम गर्नका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने र सडक निर्माण, बिस्तार एवं स्तरउन्नती गर्दा सो मापदण्डलाई कडाईका साथ कार्यान्वयन गर्ने एवं सडकहरूको लागत कट्टा गर्ने कार्यलाई कमश अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३

यस गाउँपालिका भित्र भवन निर्माण गर्दा गाउँपालिकाबाट नक्सा पास गरेर मात्र घर, भवन, टहराहरू निर्माण गर्नुपर्ने व्यबस्थालाई कार्यान्वयन गर्दै बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को परिधिभित्र रही गाउँ कार्यपालिकाबाट यस गाउँपालिका को आफ्नो भवन निर्माण सम्बन्धी मापदण्ड तय गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

गाउँपालिका क्षेत्रभित्र रहेका मासु पसलहरूलाई व्यबस्थित गरी स्वस्थ र सफा मासुको सुनिश्चितताका लागि मासु पसल संचालन सम्बन्धी मापदण्ड गाउँ कार्यपालिकाबाट तय गरी लागु गरिनुका साथै आवश्यक स्थानमा व्यबस्थित बधस्थल निर्माण एवं संचालनका लागि जिल्ला पशु सेवा कार्यालय र अन्य सरोकार निकायहरूसंग माग गरी आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १५

पालिकावासी जनताहरूको सुचनाको हक र पारदर्शितालाई प्रवद्धन गर्दै गाउँपालिकालाई जनउत्तरदायी र पारदर्शी तुल्याउनका लागि गाउँपालिकाको सालबसाली आय, व्यय विवरण, प्रगती विवरण गाउँपालिकाबाट सम्पादन भएका काम कारवाहीहरू एवं निर्णयहरू आवधिक रूपमा पत्रकार सम्मेलन गर्ने र "शहिद लखन रेडियो कार्यक्रम" संचालन गरी गाउँपालिकाका गतिविधिहरूलाई जनताको पहुँच सम्म पुऱ्याउने र जनताको सूचनाको हक प्रवर्द्धन गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं. १६

यस गाउँपालिका अन्तर्गत रहेका ऐतिहासिक, धार्मिक एवं पर्यटकीय महत्वका भिमविरेश्वर, बुङ्कोट कोटकाली, हिमालयथान, बौद्ध गुम्बा लगाएतका धार्मिक एवं ऐतिहासिक स्थानहरूको संरक्षण, संवर्द्धन, विकास र प्रवर्द्धन गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

भू-कम्प पछिको पुनर्निर्माण कार्यले गति लिन नसकेको अवस्थामा पूनर्निर्माणको कार्यलाई उच्च प्राथमिकतामा राखी प्राविधिकहरूको साथमा जनप्रतिनिधि समेत संगसंगै स्थलगत खटाई घर निर्माण गर्ने कार्य अगाडि बढाउने नीतिलाई प्राथमिकतामा राखी घर निर्माण गर्दा भूकम्प पिडितले पाउने राहत स्वरूपको किस्ता रकम एवं ऋण प्रवाहलाई व्यवस्थित गरिने निर्णय गरियो ।

निर्णय नं. १८

बालअधिकार, बालबचाउ, बालसंरक्षण, बालविकास, बालसहभागिता जस्ता बालविकासका समग्र पक्षका लागि बालमैत्री स्थानयी शासन सम्बन्धी राष्ट्रिय रणनीति २०६८ लाई अंगिकार गर्दै बालमैत्री स्थानिय शासनको प्रवर्द्धनका साथ यस गाउँपालिकालाई बालमैत्री स्थानिय तहको रूपमा स्थापित गर्ने निर्णय गरियो ।"

निर्णय नं. १९

यस गाउँपालिकाका महत्वपूर्ण केन्द्रको रूपमा रहेका स्थानहरू बुङ्कोट, नामजुङ्ग, घैरूङ्ग, ताक्लुङ्ग, मनकामना र बकाङ्गका बस्तीहरूमा गुणस्तरीय संचार सेवाको विकास र विस्तारका साथ टेलिफोन लाइन विस्तार गर्ने र सहज रूपमा सूचना संचारको विकास एवं इन्टरनेटको सेवा सुबिधा सहज र सरल तुल्याउन नेपाल टेलिकमसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

यस गाउँपालिकाको केन्द्रको रूपमा रहेको घैरूङ्ग, बुङ्कोट र मनकामना बजार क्षेत्रहरूमा सौर्य उर्जा प्रणालीको सडक बत्तीको कार्यक्रम संचालन गर्नाका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र एवं अन्य सरोकार निकायहरूमा माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

यस गाउँपालिका क्षेत्रभित्र बनेका घर संरचनाहरूको अभिलेख राख्ने क्रममा घरका नक्सा नियमित गर्नुपर्ने भएकाले गाउँपालिकाले नक्सापास प्रारम्भ गर्नुभन्दा अगाडि निर्माण भएका घरहरूलाई नियमित गर्न आएमा घर नक्सा पास दस्तुरको ५०% छुट दिई एक बर्ष भित्रमा नक्सा नियमित/अभिलेखिकरण गरिनेछ । नक्सापास प्रकृया प्रारम्भ गरेपछि कसैले नक्सापास नगरी घर निर्माण गरेमा कार्यपालिकाले नियमानुसार तोकेको जरिवाना एवं थप दस्तुर लिन सक्ने व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. २२

यस शहिद लखन गाउँपालिकाको दीर्घकालिन भिजनको रूपमा "शहिद लखनको विकास र समृद्धिको द्वार; कृषि, पर्यटन र जलश्रोत मुल आधार" भन्ने मूल नाराका साथ गाउँपालिकाको समग्र विकासका क्षेत्रगत नीति, कार्यक्रम, तथा बजेट तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्दै यस क्षेत्रका जनताहरूको आर्थिक, सामाजिक रूपान्तरणका साथ समावेशी विकास, समन्यायिक वितरण र समतामूलक विकासमा जोड दिने निर्णय गरियो ।

१

निर्णय नं. २३

यस गाउँपालिकाको आ.व. २०७४/०७५ को बार्षिक खरिद योजना तर्जुमा गरी स्वीकृत र सोको कार्यान्वयनका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णयहरू गरियो ।

निर्णय नं. २४

यस गाउँपालिकालाई सशर्त अनुदान कार्यक्रम स्वरूप विषयगत मन्त्रालय एवं विभागका तर्फबाट हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरू सोही बमोजिम नै गाउँ कार्यपालिकाद्वारा संचालन एवं व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. २५

नेपालको संविधान एवं अन्य संबन्धित कानूनहरू वमोजिम हाल संघीयता कार्यान्वयनको शुरूको वर्ष भएकाले कतिपय नीतिगत एवं कानूनी बिषयहरू पूर्ण रूपले स्पष्ट हुन नसकेकाले यस गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेट एवं अन्य बिषयहरूमा कुनै संशोधन, थपघट, हेरफेर गर्नु पर्ने भएमा सो सम्बन्धी कार्य गर्नाका लागि यस शहिद लखन गाउँ कार्यपालिकाको बैठकलाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूमा साविकमा करार सेवामा काम, काज गर्दै आइरहेका कर्मचारीहरूको करार सेवा अवधी थप गर्नु पर्ने भएमा सो सेवा अवधि थप गर्ने र कार्यालयको कार्य प्रकृति अनुशार थप करार सेवा लिनु पर्ने भएमा सोको सम्पूर्ण कार्य प्रकृया अगाडि बढाउने एवं निर्णय गर्ने अधिकार कार्यकारी अधिकृतलाइ प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

यस गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक तथा सरकारी जग्गाहरूको वडागत रूपमा वडा कार्यालय मार्फत लगत अद्यावधिक गरी सोको संरक्षण र उपयोग गरिने छ । साथै सार्वजनिक तथा सरकारी जग्गाहरूमा भएको अतिक्रमणलाई पूर्णरूपमा नियन्त्रण गर्ने र अतिक्रमण एवं संरचनाहरू निर्माण भएको भए भत्काउन लगाउने तथा भत्काईने नीति कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

यस गाउँपालिकाको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूलाई आपसी समन्वयका साथ विकास साझेदारको रूपमा परिचालन गर्ने र निजहरूबाट संचालित योजना, कार्यक्रम तथा आयोजनाहरू गाउँपालिकाले स्वीकृत गरेको क्षेत्रमा मात्र संचालन गर्ने र यी संस्थाहरूलाई समुदायप्रतिको पारदर्शीता एवं उत्तरदायित्व वहन गर्न लगाउने तथा सोको प्रगती प्रतिवेदन आवधिक रूपमा गा.पा. मा पेश गर्न लगाउने निर्णय गरियो ।

निर्णय नं. २९

शहिद लखन गाउँपालिकालाई शैक्षिक केन्द्रको रूपमा विकास गर्नाका लागि सरकारी एवं सामुदायिक विद्यालयहरूको शिक्षामा गुणस्तरीयता कायम गर्दै गाउँपालिका स्तरको क्याम्पस संचालन गर्ने, प्राविधिक शिक्षामा जोड दिने, खेलकुद र अतिरिक्त कृयाक्लापका कार्यक्रमहरू संचालन गर्ने र समुदायको सहभागिता एवं गाउँपालिका स्तरिय शिक्षा समितिको निर्णय वमोजिम विद्यालयका आधारभूत मापदण्ड पूरा हुन नसकेका विद्यालयहरू समायोजन गर्ने तथा विद्यार्थी, अभिभावक र शिक्षकको त्रिकोणत्मक समन्वय कायम गर्ने तथा उत्कृष्ट र गुणस्तरीय विद्यालयलाई पुरस्कृत गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

आगामी आ.व. २०७४/०७५ देखि उत्कृष्ट काम गर्ने व्यवशायिक कृषक, उपभोक्ता समिति, टोलविकास संस्था, कर्मचारी, शिक्षक, पत्रकार र करदातालाई सम्मान एवं पुरस्कृत गर्ने नीतिलाई अंगिकार गरी गाउंपालिका क्षेत्रभित्र कार्यरत सबै निकायहरूको मनोबल र उत्प्रेरणालाई उच्च कायम गर्ने नीति लिने निर्णय गरियो ।

निर्णय नं. ३१

गाउंपालिका स्तरमा संगठित रहेका महिला लक्षित, एक्ल महिला, हिंसा पीडित, विपन्न एवं आर्थिक सामाजिक रूपमा सिमान्तकृत महिलाहरूको सीप विकास तथा क्षमता विकास र आय आर्जन कार्यक्रमहरूलाई उच्च प्राथमिकतामा राखी निजहरूको प्रत्यक्ष सहभागितामा उत्पादनमुखी कार्यक्रमहरू संचालन गर्ने कार्यलाई विगत देखि दर्ता भई क्रियाशिल रहेका समूह एवं संस्थाहरूलाई क्रियाशिल गरी महिला तर्फका लक्षित कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

बालबालिका तथा युवाहरूको शारीकि एवं स्वास्थ्यको विकासका लागि खेलकुद क्षेत्रलाई विशेष क्षेत्रको रूपमा अंगाडि बढाउनका लागि गाउंपालिका स्तरीय खेलकुद विकास समितिको निर्माण गरी सो मार्फत यस गाउंपालिका अन्तर्गतका विद्यालय, युवा क्लव, बालक्लवहरूलाई विशेष प्रशिक्षण कार्यक्रमहरू संचालन गर्ने, खेलकुद सामग्रीहरू वितरण गर्ने र खेल क्षेत्रका पूर्वाधार संरचनाहरू निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

गाउंपालिकामा रहेका विभिन्न जातजाति तथा समुदायहरूको परम्परागत पेशा, व्यवसाय र सीप एवं कला तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै सो लाई आय आर्जनतर्फ उन्मुख गर्नाका लागि Home Stay लगाएतका क्षेत्रगत कार्यक्रमहरू संचालनका साथ पर्यटन प्रवर्द्धन गरी कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३४

गाउंपालिकाको आन्तरिक श्रोतको अभिवृद्धिको लागि करका संभावित क्षेत्रहरूको पहिचान गरी सोको प्रभावकारी कार्यान्वयनका क्रममा आ.व. २०७४/०७५ को मंसिर १ गते देखि मालपोत तथा घरजग्गा करको एकीकृत रूप एकीकृत सम्पती कर प्रणाली लागु गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५

जनताले यस गाउंपालिकाको कार्यालय तथा गाउंपालिका अन्तर्गतका वडा कार्यालयहरू एवं विषयगत कार्यालयबाट प्राप्त गर्ने सेवा, सुबिधाहरूमा सुशासन कायम गर्दै सहज, सरल, गुणस्तरीय र पहुंचयोग्य तुल्याउदै नागरिक मैत्री सेवा प्रवाहका लागि कार्यालयहरूको स्थापना, स्तरोन्नती, क्षमता विकासका साथै घुम्ती सेवाका साथ घरदैलोमा नै सेवा प्राप्त गर्ने व्यवस्था मिलाउन आवश्यक प्रकृयाहरू अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३६

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी जनताको आयश्रोत अभिवृद्धि गर्नाका लागि खाद्यान्न बाली, फलफूल तथा तरकारी, नगदेबाली, जडिबुटी, पशुजन्य मासु, अण्डा, दुग्ध पदार्थ, मत्स्यपालन, बाख्रा तथा बंगुर पालन, कुखुरा पालन व्यवसायलाई कृषि सहकारी मार्फत पकेट क्षेत्रको रूपमा संचालन गर्ने र सोको बजारीकरणका लागि कृषि संकलन तथा प्रशोधन केन्द्रहरू स्थापनाका लागि जिल्ला विकास कार्यालय संगको समन्वयमा कार्यक्रमहरू संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३७

हाम्रो सपाजमा विद्यमान जातीय छुवाछुत, जुवातास, मद्यपान, सुर्तिजन्य पदार्थ, लैङ्गिक हिंसा, अन्ध विश्वास, कुरिती र परम्पराहरूको अन्त्य गर्न स्थानियबासी र स्थानिय प्रशासनको सहयोग एवं महिला निगरानी समूह मार्फत विशेष कार्यक्रमहरू संचालन गरी सोको न्यूनिकरण गर्दै अन्त्य गर्ने तर्फ विशेष पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ३८

उपभोक्ता समिति मार्फत हुने कार्यहरूलाई पारदर्शी र प्रभावकारी तुल्याउनका लागि कार्यालयद्वारा खटिएका कर्मचारी, सामाजिक परिचालक र जनप्रतिनिधिको प्रत्यक्ष उपस्थितिमा मात्र उपभोक्ता समिति गठन गरिने, एक उपभोक्ता समितिको पदाधिकारी अर्को उपभोक्ता समितिमा पदाधिकारीको रूपमा बस्न नपाइने, उपभोक्ता समितिले आफ्नो खर्चको सार्वजनिक सबै सरोकारवालाहरूको उपस्थितिमा गर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र उल्लेखित व्यवस्था गैर सरकारी संस्था मार्फत संचालित कार्यक्रममा समेत लागु गरी सोको जानकारी गाउँपालिकालाई गराउनु पर्ने व्यवस्था गर्ने निर्णय गरियो ।

अनुसूची-२

आ.व. २०७४।०७५ का लागि स्विकृत र आ.व. २०७५।०७६ का लागि प्रस्तावित कर/ दस्तुर/ सेवा /शुल्क/ महशुलका दरहरु

१. व्यवसाय कर :

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
१	व्यापारीक वस्तु	७५०	१०,०००			
१.१	- डिष्ट्रिव्युटर सवैप्रकारका					
	- डिलर सिप सवै प्रकारका			२,०००	२,५००	
	- ज्वेलरी (गहना पसल) उच्च			२,०००	२,५००	
	- ज्वेलरी (गहना पसल) मध्यम			१,५००	२,०००	
	- ज्वेलरी (गहना पसल) साना			१,०००	१,५००	
	- प्रोभिजनल स्टोर्स (ठूलो)			१,२००	१,३००	
	- प्रोभिजनल स्टोर्स (सानो)			१,०००	१,५००	
	- डिपार्टमेन्टल स्टोर्स (ठूलो)			१,५००	२,०००	
१.२	- निर्माण सामग्री	५००	५,०००			
	- कम्प्युटर सामग्री			२,०००	२,५००	
	- विजुली पसल			१,५००	२,०००	
	- विद्युतीय सामाग्री			१,५००	२,०००	
	- रेडियो टेलिफोन			१,५००	२,०००	
	- फर्निसिड. र फिनिसिङ्ग			२,०००	२,५००	
	-पेट्रोलियम पदार्थ विक्रेता			३,०००	३,५००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- हार्ड वयर पसल (ठूलो)			३,०००	३,५००	
	- हार्ड वयर पसल (मध्यम)			२,०००	२,५००	
	- हार्ड वयर पसल (सानो)			१,५००	२,०००	
	- हार्ड वयर पसल मिश्रित (ठूलो)			२,०००	२,५००	
	- हार्ड वयर पसल मिश्रित (मध्यम)			१,८००	२२००	
	- हार्ड वयर पसल मिश्रित (सानो)			१,५००	२,०००	
	- रंग, रोगन तथा सिसा पसल (ठूलो)			२,०००	२,५००	
	- रंग, रोगन तथा सिसा पसल (सानो)			१,५००	२,०००	
	- कम्पयुटर, विजुलीका सामान, क्यामेरा, रेडियो, लिभिजन, फर्निसिङ तथा फिनिसिङ पसल (ठूलो)			१,८००	२,०००	
	- फोटोकपी कम्प्यूटर विक्री तथा मर्मत			१,५००	२,०००	
	- कम्पयुटर, बिजुलीका सामान,क्यामेरा, रेडियो,टेलिभिजन, फर्निसिङ तथा फिनिसिङ पसल (सानो)			१,२००	१,५००	
	- अन्य इलेक्ट्रीक तथा इलेक्ट्रोनिक्स मर्मत			१,०००	१,५००	
१.३	- दैनिक उपभोग्य सामान	३६०	१,०००			
	- दैनिक उपभोग्य सामानको थोक विक्रेता			१,०००	१,०००	
	- किराना पसल (ठूलो)			१,०००	१,०००	
	- किराना पसल (सानो)			८००	८००	
	- फलफुल तथा तरकारी पसल (ठुलो)			१,०००	१,०००	
	- फलफुल तथा तरकारी पसल सानो			८००	८००	
	- सुती उनी, नाइलन कपडा पसल (ठुलो)			१,०००	१,०००	
	- सुती उनी, नाइलन कपडा पसल (सानो)			८००	८००	
१.४	- सवारी साधन विक्रेता	३६०	१०,०००			
	- साईकल			१,५००	२,०००	
	- मोटर साईकल			३,०००	३,५००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- ट्रयाक्टर ठुलो			४,०००	४,५००	
	- ट्रयाक्टर पावर ट्रेलर			५,०००	५,५००	
	- चारपांग्रे हलुका सवारीहरु			४,०००	४,५००	
	- वस तथा ट्रक			७,०००	८,०००	
२.	- विशेषज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा	३६०	३,०००			
	- चिकित्सक			१,०००	१,२००	
	- दन्त चिकित्सक रिसर्च			१,२००	१,५००	
	- पशु चिकित्सक			१,०००	१,२००	
	- कविराज			७००	९००	
	- ईञ्जिनियर			१,०००	१,२००	
	- कानुन व्यवसायि			८००	१,०००	
	- लेखापरिक्षक					
	- क वर्ग			१,२००	१,५००	
	- ख वर्ग			१,०००	१,२००	
	- ग वर्ग			८००	१,०००	
	- घ वर्ग			५००	८००	
	- विमा एजेण्ट			८००	१,०००	
	- सर्भेयर			८००	१,०००	
	- अनुवादक			८००	१,०००	
	- नोटरी पव्लीक सेवा			८००	१,०००	
	- अनुसन्धान कर्ता तथा परामर्शदाता			८००	१,०००	
	- कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर			८००	१,०००	
	- शेयर दलाल			८००	१,०००	
	- सामान ढुवानी कर्ता कम्पनि			१,०००	१,२००	
	- संस्थागत पेण्टर			१,०००	१,२००	
३.	निर्माण व्यवशाय					
	नगरपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी	२,०००	१०,०००			
	- क वर्ग			७०,००	७,५००	
	- ख वर्ग			५,०००	६,०००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- ग वर्ग			३,०००	४,०००	
	- घ वर्ग			२,०००	२,५००	
४.	उत्पादन मुलक उद्योग	२,०००	१०,०००			
	- चाउचाउ उद्योग ठूलो			२,०००	२,५००	
	- चाउचाउ उद्योग घरेलु			८००	१,०००	
	- मैनवत्ति उद्योग घरेलु			७००	८००	
	- कापी उद्योग घरेलु			८००	१,०००	
	- रिफाइनरि कपास उद्योग			८००	१,०००	
५.	**उर्जामुलक उद्योग**	२,०००	५,०००			
	- हाईड्रो पावर प्रा.लि.			४,०००	५,०००	
६.	**कृषि तथा बन जन्य उद्योग**	१,५००	१०,०००			
	- कुटानी पिसानी सहितको तेल पेल्ने मिल			१,५००	१,८००	
	- कुटानी पिसानी मिल			१,२००	१,५००	
	- फर्निचर उद्योग			१,५००	१,८००	
	- पशु दाना उद्योग			१,२००	१५००	
	- पोल्ट्री फर्म उच्च			१,२००	१,५००	
	- पोल्ट्री फर्म सानो			१०००	१,२००	
	- बंगुर पालन			१,०००	१,२००	
	- भैंसी पालन व्यवशाय			१,०००	१,२००	
	- गाई पालन व्यवशाय			१,०००	१,२००	
	- बाखा पालन व्यवशाय			१,०००	१,२००	
	- स-मिल			२,०००	२,५००	
७.	**खनिज उद्योग**	१,५००	१०,०००	१,५००	२,०००	
८.	**पर्यटन उद्योग**	१,०००	५०,०००			
	- होटेल एकतारे			४,०००	५,०००	
	- प्रत्येक तारामा थप			४,०००	४,०००	
	- होटेल उच्च			३,०००	३,५००	
	- होटेल मध्यम			२,०००	२,५००	
	- होटेल सानो			१,५००	२,०००	
	- अन्य स-साना चिया खाजा तथा खाना पसल			८००	१,०००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- रेष्टुरेष्ट एण्ड वार			१,०००	१,२००	
	- लज भै डिष्ट्रीलरी सामान बेच्ने			१,२००	१,५००	
	- गजल रेष्टुरेण्ट (दोहोरीसांझ समेत)			२,०००	२,५००	
९.	सेवा उद्योग	४००	७,०००			
	- अफसेट प्रेस			२,०००	२,५००	
	- एफ. एम. रेडियो			२,५००	३,०००	
	- टेलिभिजन			३,०००	४,०००	
८	- परामर्श सेवा					
	- सामुदायिक			१,०००	१,५००	
	- चलचित्र भिडियो			३,०००	४,०००	
	-सार्वजनिक परिवहन सेवा नगरपालिका भित्र प्रधान कार्यालय भएको			१,२००	१,५००	
	- सा. परिवहन सेवा नगरपालिका भित्र शाखा का. भएको			१,०००	१,२००	
	- फोटोग्राफी			८००	१,०००	
	- प्रयोग शाला			८००	१,०००	
१०.	निर्माण उद्योग	१,०००	१०,०००			
	- सिमेन्ट ब्लक उद्योग			२,०००	३,०००	
	- मेटल / ग्रिल उद्योग			२,०००	३,०००	
	- इट्टा उद्योग (चिम्नी भट्टा)			५,०००	६,०००	
	- अन्य उद्योग			१,५००	२,०००	
११.	संचार सेवा	३६०	१,५००			
	- निजी क्षेत्रको हुलाक सेवा			१,०००	१,५००	
	- निजी मोवाईल सेवा केन्द्र			१,०००	१,५००	
	- निजी टेलिफोन तथा फ्याक्ससेवा			८००	१,०००	
	- फ्याक्स फोटोकपी तथा प्रिण्टर सेवा			८००	१,०००	
	- मोवाइल फोन विक्री मर्मत			१,०००	१,२००	
	- एस.टि.डी, आइ. एस.टि.डी, इमेल			१,०००	१,२००	
	- फोन इन्क्वायरी (क्लत्रगष्चथ)			८००	१,०००	
	- कुरियर सेवा			७००	१,०००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- साईवर सेवा			१,०००	१,२००	
	- अचभभल एचष्लत छपाई तथा प्रकाशन			१,२००	१,५००	
१२.	वित्तिय सेवा					
	-नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोवार गर्ने बैंक			३,०००	४,०००	
	- आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय			३,५००	४,५००	
	- वित्तिय कम्पनीको शाखा कार्यालय			३,०००	३,५००	
	- विमा कम्पनी			२००	२५००	
	- विदेशी मुद्रा सटही			२,०००	२,५००	
	- मनी ट्रान्सफर			२,०००	२,५००	
	- धितो पत्र कारोवार			१,५००	२,०००	
	- सहकारी बैंक			१,५००	२,०००	
	- निजि क्षेत्रका वाणिज्य बैंकहरु			५,०००	६,०००	
	- निजि क्षेत्र समेतको स्वामित्वमा रहेका बैंकका शाखा कार्यालयहरु			४,०००	५,०००	
	- विमा कम्पनिका शाखा वा सम्पर्क कार्यालयहरु			२,०००	२,५००	
	-विकास बैंक			४,०००	५,०००	
१३.	स्वास्थ्य सेवा					
१३.१	- गैह्र सरकारी अस्पताल			२,०००	२,५००	
	- सामुदायिक अस्पताल			१,५००	२,०००	
	- नीजिस्तरका अस्पताल तथा रिसर्च प्रा.लि.			२,५००	३,०००	
१३.२	- नर्सिङ होम			२,५००	३,०००	
१३.३	- ल्याव तथा क्लिनिक			१,०००	१,५००	
	- होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक			१,०००	१,५००	
	- औषधी पसल थोक (जनस्वास्थ्य)			१,५००	२,०००	
	- औषधी पसल खुद्रा ,,			१,०००	१,५००	
	- औषधी पसल (आर्युवेदिक)			८००	१,०००	
	- औषधी पसल पशु स्वास्थ्य			८००	१,०००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- पशु पंक्षी दाना पसल			१,०००	१,५००	
	- जडी बुटी पसल			१,०००	१,५००	
१४.	शिक्षा सेवा			५००	७००	
१४.१	- नीजि क्षेत्रका स्कुल क्याम्पस, विश्व विद्यालय	३६०	१,०००			
	- नीजि क्षेत्रका क्याम्पस र १०+२			१,०००	१,०००	
	- नीजि क्षेत्रका मा.वि. स्कुल			१,०००	१,०००	
	- „ „ नि.मा.वि. स्कुल			९५०	९५०	
	- नीजि क्षेत्रका प्रा.वि. स्कुल			९००	९००	
	- नीजि क्षेत्रका पुर्व प्रा.वि स्कूल			८००	८००	
	- निजि क्षेत्रका होस्टेलहरु			९००	९००	
१४.२	- तालिम तथा अनुसन्धान केन्द्र,	१,०००	३,०००	१,५००	२,०००	
	- प्राविधिक शिक्षालय			२,०००	२,५००	
१४.३	- टाइपिङ, कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था	१,०००	३,०००			
	- टाइपिङ			१,२००	१,५००	
	- कम्प्युटर			१,४००	१,६००	
	- ट्युशन तथा कोचिङ सेन्टर			१,२००	१,५००	
	- भाषा प्रशिक्षण केन्द्र			१,५००	२,०००	
१५.	मर्मत संभार केन्द्र	३६०	३,०००			
	- हेभी इक्युवमेन्ट मर्मत केन्द्र			२,५००	३,०००	
	- बस, ट्रक, कार			२,५००	३,०००	
	- मोटर साइकल			१,०००	१,५००	
	- साइकल तथा अन्य			८००	१,०००	
	- रेडीयो, टेलिभिजन, घडी, प्रेसर कुकर, टेलिफोन सेट, हिटर, र विद्युतिय सामान	१,०००	१,५००			
	- रेडियो तथा टि.भी. मर्मत केन्द्र			१०००	१,२०००	
	- रेडियो तथा घडी मर्मत केन्द्र			८००	९००	
	- घडी मर्मत			७००	८००	
	- प्रेसर कुकर, हिटर, टेलिफोन सेट, सिलाई मेशीन मर्मत			१,०००	१,२००	
१६.	अन्य सेवा					
	- विज्ञापन एजेन्सी	३६०	१,५००	९००	१,०००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- बैदेशिक रोजगार सेवा	१,०००	५,०००	१,२००	१,५००	
	- स्वदेशी रोजगार सेवा	३६०	१,५००	८००	१,०००	
	- सेक्रेटरीयल सेवा	३६०	१,५००	८००	१,०००	
	- हाउजिङ कम्पनी तथा घर जग्गा खरिद विक्री (रियलस्टेट)	१,५००	५,०००	२,०००	२,००	
	- ब्युटी पार्लर, केश श्रृगार	३६०	१,५००	८००	१,०००	
	- काठ तथा स्टिल फर्निचर पसल			१,५००	२,०००	
	भाँडा कुँडा विक्रेता					
	- भांडा पसल ठूलो			१,५००	२,०००	
	- भाडा पसल सानो			१,०००	१,५००	
	- ड्राइ क्लिनर्स	३६०	१,५००	७००	८००	
	- फोटो स्टुडीयो	३६०	१,५००	७००	८००	
	- साइनवोर्ड पेन्टीङ सेवा	३६०	१,५००	७००	८००	
	- पशु वधशाला/बधस्थल	१,०००	३,०००	१,२००	१,५००	
	माशु विक्रेता	३६०	१,०००			
	- माशु मिश्रित (कुखुरा र माछा बाहेक)			९००	१,०००	
	- मासु कुखुराको			५००	६००	
	- मासु खशी, बोका			६००	७००	
	- मासु रांगा, बंगुर			७००	८००	
	- माछा			५००	६००	
	- पुल हाउस (इस्नुकर)			८००	१,०००	
	- कृषि फलफुल तथा वन नर्सरी व्यवसाय/फुल विक्रेता			६००	८००	
	- खेलौना तथा उपहार सामग्री पसल			८००	९००	
	- केबल, नेटवर्किङ्ग			१,५००	२,०००	
	- नीजि क्षेत्रका केबल, नेटवर्किङ्ग			१,५००	२,०००	
	- नीजि क्षेत्रका मोबाइल वितरक कम्पनी			२,०००	२,५००	
१७.	अन्य व्यवसाय					
	- पार्क पिकनिक स्पट	७५०	१,०००	८००	१,०००	
	- क्यासिनो	५०,०००	१,००,०००	५,००००	६,००००	
	- टुर अपरेटर	२,५००	४,०००	३,०००	३,५००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- मसाज पार्लर	१,०००	३,०००	१,५००	२,०००	
१९.	माथिको वर्गीकरणमा नपरेका अन्य विविध सेवा व्यवसाय तथा कारोवारहरु	१,०००	५,०००			
	- सिलाई प्रशिक्षण केन्द्र			७००	९००	
	- पुल हाउस (इस्नुकर)			८००	१,०००	
	- सिलाई केन्द्र २ भन्दा बढी मेसिन (टेलर्स)			८००	१,०००	
	- फेन्सी ठूलो			१,०००	१,२००	
	- फेन्सी सानो			९००	१,०००	
	- फेन्सी मिश्रित			१,०००	१,२००	
	- टेलर्स (कपडा सहितको)			१,०००	१,२००	
	- चावी निर्माण			१,०००	१,२००	
	- कवाडी संकलन			१,५००	२,०००	
	- चना चटपट ठेला			५००	६००	
	- कपडा जुत्ता पसल			८००	९००	
	- छाला जुत्ता पसल उच्च			१,०००	१,२००	
	- छाला जुत्ता पसल साधारण			८००	१,०००	
	- छाला जुत्ता निर्म्माण तथा मर्मत केन्द्र			७००	८००	
	- चुरा पसल टंकीमा राखेको			५००	६००	
	- चुरा पसल			८००	१,०००	
	- चस्मा पसल			८००	१,०००	
	- मेशीनरी पार्ट पुर्जा पसल			१,५००	२,०००	
	- हजाम पसल			६००	७००	
	- ड्राइभिङ इन्स्टीच्युट			८००	१,०००	
	- पान पसल			५००	६००	
	- फुल पुजा सामाग्री पसल			५००	६००	
	- डिजिटल कलर ल्याब			३,०००	३,५००	
	- डिजिटल कलर ल्याब मिडियम			२,०००	२,५००	
	- ल्फेक्स, प्रिन्टर सेवा			१,८००	२,०००	
	- कलर ल्याब			१,५००	२,०००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- अडियो तथा भिडीयो क्यासेट सेण्टर			१२००	१,४००	
	- दुग्धडेरी, सहकारी संघ			१,०००	१,२००	
	- दुग्धडेरी			८००	९००	
	-दुग्ध चिस्यान केन्द्र			१,०००	१,२००	
	- स्यानीटरी सामानको पसल			१,२००	१,४००	
	- प्लाष्टीक मेच कुर्ची तथा अन्य सामाग्री पसल			१,०००	१,२००	
	- ग्यास सिलिण्डर विक्रेता			७००	९००	
	- कोल्ड ड्रिङस् पसल			७००	९००	
	- उन पसल			७००	९००	
	- होजियारी उद्योग उच्च			१,०००	१,२००	
	- होजियारी उद्योग मध्येम			८००	१,०००	
	- होजियारी उद्योग साधारण			७००	९००	
	- कस्टमेटीक पसल उच्च			१,२००	१,४००	
	- कस्टमेटीक पसल मध्यम			१,०००	१,२००	
	- कस्टमेटीक पसल साधारण			८००	१,०००	
	- स्टेशनरी होलसेल			१,५००	२,०००	
	- स्टेशनरी ठुलो			१,२००	१,५००	
	- स्टेशनरी सानो			१,०००	१,२००	
	- पत्र पत्रिका पसल			७००	८००	
	- चिया पसल			७००	८००	
	- मिठाई पसल (मिष्ठान भण्डार)			१,२००	१,५००	
	- म:म रेष्टुरां			१,०००	१,२००	
	- भोजनालय राम्रो			१,५००	२,०००	
	- भोजनालय साधारण			१,२००	१,५००	
	- अन्य पसल तथा स- साना पाउरोटी दालमोट, मसला, मैन वत्ति जस्ता घरेलु उद्योग			८००	१,०००	
	- कन्सल्टेन्सी एँवं परामर्श सेवा			१,०००	१,२००	
	- मेन पावर क. शाखा कार्यालय			२,०००	२,५००	
	- कृषि विउ विजन भण्डार			८००	१,०००	
	- एफ. एम. रेडियो प्रसारण			२,०००	२,५००	

सि.नं	व्यवशायको नाम तथा किसिम	नियमावली अनुसार को व्यवशाय कर को दर		आ.व.०७४।०७५ को स्वीकृत दर	आ.व.०७५।०७६ को प्रस्ताव	कै.
		न्युनतम	अधिकतम			
	- एफ.एम. रेडियो (सामुदायिक)			१,५००	२,०००	
	- ट्रान्सपोर्ट सेवा			८००	१,०००	
	- ठेका भाडा			६००	८००	
	- माटाका भाडा			५००	६००	
	- मादल			५००	६००	
	- डाला नाङ्ला पसल			६००	८००	
	- दाना तथा आलु प्याज थोक विक्रि पसल			८००	१,०००	
	- सोलार पावर सप्लायर			१,२००	१,५००	
	- चस्मा मर्मत तथा विक्रि केन्द्र			८००	१,०००	
	- मदिराजन्य पसल			१,०००	१,२००	
	- पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल			७००	९००	
	- जडिवुटि पसल			७००	८००	
	-पाँच वा सोभन्दा वढि व्यवशाय रहेको प्रा.लि.			५,०००	६,०००	
	-अन्य विभिन्न प्रकारका प्रा.लि.			२,०००	२,५००	
	-दुईदेखि ४ वटा व्यवशाय रहेको प्रा.लि.			२,०००	२,५००	
	-फ्याक्स तथा प्रिण्टर सेवा			१,०००	१,२००	
	-प्लाष्टिक मेच कुर्चि पसल			१,०००	१,२००	
	- प्लाष्टिक अन्य पसल			१,०००	१,२००	
	- चाउमिन उद्योग			१,०००	१,२००	
	- मिनरल वाटर उद्योग			२,०००	२,५००	
	- मिनरल वाटर होलसेल पसल			१,०००	१,२००	
	- पाटी प्यालेस			२,०००	२,५००	
	- आल्मुनियम उद्योग			२,०००	२,५००	
	- अन्य पसल			८००	१,०००	

पुनश्चः उपर्युक्त अनुसारको संशोधित व्यवस्था चालु आ.व. देखिनै लागु हुनेछ र माथि उल्लेखित विभिन्न व्यवसायहरुको गाउँपालिकमा पहिलो पटक दर्ता गर्दा प्रमाण पत्र दस्तुर वापत रु १५०। थप लाग्नेछ।

२. पटके बजार तथा हाट बजार कर :-

सि.नं.	व्यवशाय	२०७४।०७५ का करका स्वीकृत दर	आ.व. २०७५।२०७६ को प्रस्ताव
१.	फेन्सी कपडा, प्रति पसल	४००	५००
५	ठेका भांडा प्रति पसल	३००	३५०
३.	माटोको भांडा प्रति पसल	३००	३५०
४.	प्रोभिजनल प्रति पसल	२००	२५०
५.	मादल प्रति पसल	२००	२५०
६.	औजार भांडा प्रति पसल	३००	३५०
७.	सुन चांदी प्रति पसल	४००	५००
८.	चिया नास्ता प्रति पसल	२००	२५०
९.	डाला नाडला प्रति पसल	२००	२५०
१०.	चुरापोते प्रति पसल	२००	२५०
११.	जिरामसला पसल	३००	३५०
१२.	जडिवुटि पसल	२००	२५०
१३.	अन्य पसल हेरेर	१०० देखि ३०० सम्म	१०० देखि ५०० सम्म

३. सवारी साधन कर :-

सि. नं.	सवारी साधन किसिम	नियमावली अनुसार		आ.व. २०७४।०७५ को स्वीकृत दर	२०७५।०७६ को प्रस्ताव
		न्युनतम	अधिकतम		
१.	- बस ट्रक लहरी र अन्य हेभी गाडी	१,०००	३,०००	१,०००	१,२००
२.	- भाडाका कार जीप भ्यान र ट्याक्टर	२००	५००	३००	३५०
३.	- भाडाका टेम्पो पावर टेलर	१००	३००	२००	२५०
४.	- भाडाका मिनीबस , मिनीट्रक	५००	९००	७००	८००
५.	- नीजि, कार तथा टेम्पो, मिनी बस, ट्रक	१००	३००	२००	२५०
६.	- स्कुटर, मोटरसाइकल तथा अन्य सवारी	५०	२००	१००	१२०
७.	- ठेला गाडा तथा रिक्सा	१५	२५	२५	२५
८.	- दर्ता तथा संचालन इजाजत दस्तुर न.पा. मा ठेला रेक्सा टांगा दर्ता गरी नम्बर दिए वापत	१५	५०	५०	५०

४. मनोरञ्जन कर :-

सि.नं.	मनोरञ्जनका साधन	नियमावली अनुसार		आ.व.२०७४।०७५ को स्वीकृत दर	आ.व. २०७५।०७६ को प्रस्ताव
		न्युनतम	अधिकतम		
१.	- सिनेमा हल, भिडीयो हल, सांस्कृतिक प्रदर्शन स्थल, थियटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा	२%	३%	२%	२%
२.	- रमाइलो मेला प्रतिदिन	२००	५००	३००	३५०

५. व्यवसायीक भिडीयो कर :-

सि.नं.	भिडीयो	नियमावली अनुसार		आ.व. २०७४।०७५ को स्वीकृत दर	आ.व. २०७५।०७६को प्रस्ताव
		न्युनतम	अधिकतम		
१.	- प्रति भिडीयो	२००	५००	३००	३००

६. मूल्यांकन सेवा शुल्क :-

सम्पति मूल्यांकन तथा आयश्रोत प्रमाणितमा स्थानीय स्वायत्त शासन नियमावलि २०५६ वमोजिम निम्नानुसारको सेवा शुल्क लगाईनेछ । पहिलो पटक मुल्यांकन गर्दा नियमावली अनुसार मुल्यांकन शुल्क लाग्ने र सोही आ.व.मा सोहि व्यक्तिबाट सोहि विवरण बमोजिम उल्लिखित मूल्यांकन पुनः प्रमाणितको सिफारिस माग भई आएमा पहिलो पटक मूल्यांकन गर्दा शुरुमा लागेको सेवा शुल्कको २५५, दोश्रो पटक ५०५, तेश्रो पटक ७५५ र चौथो पटक १०० ५ सेवा शुल्क लाग्ने छ । सम्पति मूल्याकंन तथा आयश्रोत प्रमाणित शुल्क लिइसकेपछि थप सिफारिश दस्तुर लाग्ने छैन । यो व्यवस्था एक आ.व. भित्र रहने छ । आ.व. परिवर्तन भएमा शुरु १०० प्रतिशत नै लाग्नेछ ।

सि.नं.	मुल्यांकन	नियमावली अनुसार		आ.व. २०७४।०७५ को स्वीकृत दर	आ.व. २०७५।०७६को प्रस्ताव
		न्युनतम	अधिकतम		
१.	- सम्पत्ती मुल्यांकन प्रति हजार रुपैयाको	१	२	१	१
२.	- आयश्रोत प्रमाणित प्रति हजार रुपैयाको	१	२	१	१

७.सिफारिस दस्तुर :-

सि.नं.	मुल्यांकन	आ.व. २०७४।०७५ को स्वीकृत दर	आ.व. २०७५।०७६को प्रस्ताव
१.	वशंजको नागरिकता सिफारिस (निवेदन दस्तुर रु २० सहित)	५०	५०
२.	जन्मको आधारमा गरिने नागरिकता सिफारिस " "	५०	५०
३.	नेपाली पुरुषसंग विवाह गर्ने विदेशि महिलाको नागरिकता सिफारिस	२००	२००
४.	नागरिकताको प्रतिलिपि सिफारिस	१००	१००
५.	नागरिकताको संशोधन सिफारिस	१००	१००
६.	नाता प्रमाणित (निवेदन दस्तुर सहित)	१००	१००
७.	विद्युत सिफारिस	१००	१००
८.	नाम संशोधन, नाम छुट तथा दुई नाम सिफारिस	१००	१००

सि.नं.	मुल्यांकन	आ.व. २०७४।०७५ को स्वीकृत दर	आ.व. २०७५।०७६को प्रस्ताव
९.	जन्म मिति प्रमाणित	१००	१००
१०.	स्थाई वा अस्थाई बसोबास सम्बन्धी सिफारिस	१००	१००
११.	नाम थर जन्ममिति संसोधन सिफारिस	३००	३००
१२.	घरजग्गा नामसारी सिफारिस (स्वामित्व हस्तान्तरण)	१००	१००
१३.	सम्बन्ध विच्छेद भएको सिफारिश	१००	१००
१४.	फुकुवा सिफारिस	१००	१००
१५.	पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस	१००	१००
१६.	हकवाला संरक्षण सिफारिस	१००	१००
१७.	नक्कल प्रमाणित दस्तुर (एकिकृत रसिद समेत)	१००	१००
१८.	व्यवसाय दर्ता प्रमाण पत्रको नक्कल प्रति	१००	१५०
१९.	व्यवसाय दर्ता लगत कट्टाको सिफारिस	१००	१००
२०.	घरनक्सा नामसारी	३००	३००
२१.	घर निर्माण सम्पन्न सिफारिस (आर.सि.सि.)	२००	२५०
२२.	घर निर्माण सम्पन्न सिफारिस (कच्ची घर)	१००	१५०
२३.	नीजि क्षेत्रका रुख कटान सिफारिस	१००	१००
२४.	मिलापत्र दस्तुर	२००	२००
२५.	नावालक सिफारिस	१००	१००
२६.	घटना दर्ता जन्म मृत्यु, विवाह जस्ता सिफारिस	१००	१००
२७.	विभिन्न दलित,जन जाति तथा थर प्रमाणित	१००	१००
२८.	कर किलियर सिफारिस नेपाली	१००	१००
२९.	पारिवारिक विवरण	१००	१००
३०.	खानेपानी सम्वन्धि सिफारिस	१००	१००
३१.	उद्योग सिफारिस		
	(क) साना	४००	५००
	(ख) मझौला	७००	८००
	(ग) ठूला	१,०००	१,२००
३२.	निजी विद्यालय संचालन तथा कक्षा थप अनुमतिको सिफारिस		
	(क) पुर्व प्रा.वि.	७००	१,०००
	(ख) प्रा.वि.	९००	१,२००
	(ग) नि.मा.वि.	१,१००	१,५००
	(घ) मा.वि.	१,५००	२,०००

सि.नं.	मुल्यांकन	आ.व. २०७४।०७५ को स्वीकृत दर	आ.व. २०७५।०७६को प्रस्ताव
	(ङ) उच्च मा.वि.(११ र १२)	२,०००	२,५००
	(च) स्नातक तह	२,५००	३,०००
३३.	वैदेशिक प्रयोजनका लागि अंग्रेजी भाषामा गरिने सबै प्रकारका सिफारिस	२००	२००
३४.	चारकिल्ला प्रमाणित	२००	२००
३५.	बैदेशिक प्रयोजनका लागि कन्सुलर प्रमाणित	२००	२००
३६.	संस्था दर्ता सिफारीस	२००	२००
३७.	घर ढलान गर्दा बाटो प्रयोग सम्बन्धी शिफारिस	२००	२००
३८.	घर कायम शिफारिस	२००	२००
३९.	माथि उल्लिखित बाहेकका सबै किसिमका सिफारिसहरुमा	१००	१००

नोट:-गाउँपालिका क्षेत्र भित्रका फरक क्षमता भएकाहरुको परिचय-पत्र सम्बन्धी, आर्थीक अवस्था कमजोर भई नि:शुल्क उपचार सम्वन्धि सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी शिफारिसहरुमा शिफारिस दस्तुर छुट दिईनेछ ।

८. व्यक्तिगत घटना दर्ता

व्यक्तिगत घटना दर्ता ऐन २०३३ र नियमावलि २०३४ बमोजिम गाउँ क्षेत्र भित्रका व्यक्तिगत घटना दर्ताबाट आउने राजश्व स्थानीय निकायले आफै प्रयोग गर्न सकिने गरि भएको हालैको व्यवस्था बमोजिम आगामी आ.व. २०७४।०७५ मा व्यक्तिगत घटना दर्ताबाट प्राप्त आयलाई गाउँपालिकाको आन्तरिक आयको रुपमा राख्ने गरी देहाय बमोजिमका घटना दर्तामा देहाय बमाजिमको रकम शुल्क लगाउने निर्णाय गरियो ।

१. जन्म दर्ता रु ५०
२. मृत्यु दर्ता रु ५०
३. विवाह दर्ता रु ५०
४. बसाई सरि आंउने रु ५०
५. बसाई सरि जाने रु ५०

पुनश्च: जन्म र मृत्यु दर्ताको हकमा घटना घटेको ३५ दिन भित्र कुनै शुल्क लाग्ने छैन ।

९. बहाल कर :-

सि. नं.	विवरण	नियमावली अनुसार		आ.व. २०७४।०७५ को स्वीकृत दर	२०७५।०७६ को प्रस्ताव
		न्युनतम	अधिकतम		
१	घरबहाल कर	१	२	१% व्यक्तिगत र २% सरसकारी एवं संस्थागत	

१०.विज्ञापन कर :-

स्थानीय स्वायत्त शासन ऐनको दफा १४३ अनुसार विज्ञापन करको दर यस गाउँपालिका क्षेत्रभित्र राखिने विभिन्न व्यापारीक विज्ञापन बोर्डहरुमा निजी स्थलमा राखिएकोमा प्रति स्क्वायर फिट रु २०।- र सार्वजनिक स्थलमा राखिएकोमा प्रति स्क्वायर फिट रु ५० विज्ञापन कर लगाउने निर्णय गरियो ।

११. पटके व्यवसाय कर :-

यस क्षेत्र भित्र विक्री वितरणको लागि ल्याउने र घुम्ति पसल राख्ने देहायका व्यवसायका लागि निम्नानुसारका दरले पटके व्यवसाय कर लगाउने ।

१. भैसी, राँगा प्रति गोटा प्रति पटक रु.२० ।-

२) खसी, बोका प्रति गोटा प्रति पटक रु १०।-

३) हांस कुखुरा (चल्ला बाहेक) प्रति गोटा प्रति पटक रु ५।-

४) घुम्ति व्यवसाय गाडीमा प्रति गाडी १०० ।- प्रति दिन

५) घुम्ति व्यवसाय (अन्य) ४०।-

१२. पटके सवारी पार्किङ्ग :-

१)	नीजि तथा भाडाका ट्रक, बस प्रति पटक रु	२५।-
२)	नीजि तथा भाडाका मिनि बस ट्रक प्रति पटक रु	२०।-
३)	नीजि तथा भाडाका ट्याक्टर ट्याम्पो जिप, ट्याक्सी आदी को प्रति पटक रु १०।-	
४)	मोटरसाईकल, स्कुटर जस्ता सवारी साधन प्रति पटक रु	५।-

१३. एकीकृत सम्पति कर :-

चालु आ.ब.२०७४।०७५ को मंसिर १ गते देखि बाट लागु हुने गरी यस शहिद लखन गाउँपालिका क्षेत्रभित्र एकीकृत सम्पति कर प्रणाली लागु गरिने छ । स्थानिय तह सम्बन्धी प्रचलित कानून एवं स्थानिय स्वायत्त शासन ऐन एवं नियमावली बमोजिम घर जग्गाहरुको मूल्याङ्कन कायम गर्नाका लागि गाउँपालिकाले दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्याङ्कन समिति गठन गर्न सक्ने र सो समितिले एकीकृत सम्पति कर लगाउन योग्य मूल्य निर्धारण गरी गाउँपालिकामा सिफारीस गर्न सक्नेछ । हाललाई जग्गाको मूल्याङ्कनको लागि जिल्ला मालपोत कार्यालय गोरखाबाट आ.व. २०७४।०७५ को रजिष्ट्रिशन पासका लागि जग्गाको न्यूनतम मूल्याङ्कन स्वरुप कायम गरिएको मूल्यलाई न्यूनतम मूल्य कायम गरिने छ, जुन निम्नानुशार रहेको छ । साथै आफ्नो घर जग्गाको न्यूनतम मूल्य भन्दा बढी मूल्य कायम गर्न करदाताले चाहेमा सो मूल्य कायम गर्न उसलाई स्वतन्त्रता दिइनेछ तर पछिल्ला आ.व. हरुमा सोको मूल्य घटाउन पाइने छैन । सोको विस्तृत कार्यविधि तयार गरी गाउँ कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

क) मालपोत कार्यालयबाट कायम गरिएको न्यूनतम मूल्याङ्कन :-

क्र. सं.	साबिक गा.वि.स.	श.ल. वडा नं.	खेत तर्फ प्रति रोपनी				पाखा तर्फ प्रति रोपनी			
			अव्वल	दोयम	सिम	चाहार	अव्वल	दोयम	सिम	चाहार
१	बक्राङ्ग	१	४२,०००।-	३६,०००।-	३२,०००।-	२८,०००।-	३६,०००।-	३२,०००।-	२८,०००।-	२४,०००।-
२	मनकामना	२,३	५५,०००।-	५०,०००।-	४५,०००।-	४०,०००।-	४२,०००।-	३६,०००।-	३२,०००।-	३०,०००।-
३	ताक्लुङ्ग	४,५	३६,०००।-	३४,०००।-	३०,०००।-	२८,०००।-	३२,०००।-	३०,०००।-	२८,०००।-	२४,०००।-
४	घैरुङ्ग	६	४०,०००।-	३५,०००।-	३०,०००।-	२५,०००।-	३५,०००।-	३०,०००।-	२५,०००।-	२०,०००।-
५	बुङ्कोट	७,८	६०,०००।-	५२,०००।-	४४,०००।-	३८,०००।-	४०,०००।-	३४,०००।-	३२,०००।-	२८,०००।-
६	नामजुङ्ग	९	३६,०००।-	३४,०००।-	१५,००० ।-	१४,००० ।-	१६,००० ।-	१६,००० ।-	१४,००० ।-	१२,००० ।-

सडकले छोएको बाटोको सन्दर्भमा :-

१. साबिक बक्राङ्ग गा.वि.स. हाल शहिद लखन गाउँपालिका वडा नं. १ बक्राङ्गको मोटरबाटो दायाँ बायाँ प्रतिरोपनी रु. ३,००,०००।-(तीन लाख)

२. साबिक मनकामना गा.बि.स. हाल शहिद लखन गाउँपालिका वडा नं. २ र ३ अन्तर्गत :

क) साबिक मनकामना गा.वि.स. वडा नं. १ र ३ बजारक्षेत्रको जग्गा प्रतिरोपनी रु. ३०,००,०००।- (तीस लाख)

ख) साबिक मनकामना गा.बि.स. वडा नं. १ को वजारबाट चण्डेश्वरी प्रा.वि. सम्मको दायाँ बायाँ प्रतिरोपनी रु ११,००,०००।- (एघार लाख)

ग) साविक मनकामना गा.वि.स. वडा नं. १ चण्डेश्वरी प्रा.वि. देखि बक्रेश्वरीसम्मको बाटोको जग्गा प्रतिरोपनी रु. ७,००,०००।- (सात लाख)

घ) माथि उल्लेखित बाहेक साबिक मनकामना गा.बि.स. भरी अन्य मोटरबाटो खुलि आएमा प्रतिरोपनी रु. ४,००,०००।- (चार लाख)

३. साबिक ताक्लुङ्गगा.वि.स. हाल शहिद लखन गाउँपालिका वडा नं. ४ र ५ अन्तर्गत :

क) साबिक ताक्लुङ्ग गा.वि.स. वडा नं. ३ को राइनासटार बजार क्षेत्रको प्रतिरोपनी रु. ५,००,०००।- (पाँच लाख)

ख) साबिक ताक्लुङ्ग गा.वि.स. वडा नं. ३ मोनभञ्ज्याङ्ग बजार क्षेत्रको जग्गा प्रतिरोपनी रु. ४,००,०००।- (चार लाख)

ग) साविक ताक्लुङ्ग गा.वि.स. को अन्य मोटरबाटोको प्रतिरोपनी रु. ३,५०,०००।- (तीन लाख पचास हजार)

४. साबिक बुङ्कोट गा.वि.स. हाल शहिद लखन गाउँपालिका वडा नं. ७ र ८ अन्तर्गत :

क) साबिक वडा नं. २, ३ र ५ को खाब्दी भञ्ज्याङ्ग बजारक्षेत्रको जग्गाको प्रतिरोपनी रु. ८,००,०००।- (आठ लाख)

ख) साबिक बुङ्कोट गा.वि.स. वडा नं. ३ र ४ को लाखेडाँडा बजारक्षेत्रको जग्गाको प्रतिरोपनी रु. ६,००,०००।- (छ लाख)

ग) साविक बुङ्कोट गा.वि.स. वडा नं. १ देखी ९ सम्मको कच्ची मोटरबाटोको दायाँ बायाँको जग्गाको प्रतिरोपनी रु. ३,५०।०००।- (तीन लाख पचास हजार)

घ) साबिकको वडा नं. १ ढुङ्गागाडेबाट वडा नं. २, ५, ६, ८ र ९ सम्मको कृषि सडकको दायाँ बायाँको जग्गाको प्रतिरोपनी रु. ६,००,०००।- (छ लाख)

ङ) माथि उल्लेखित बाहेक अन्य मोटरबाटोको जग्गाको प्रतिरोपनी रु. ३,००,०००।- (तीन लाख)

५. साबिक नामजुङ्ग गा.वि.स. हाल शहिद लखन गाउँपालिका वडा नं. ९ नामजुङ्ग अन्तर्गत :

क) साबिक नामजुङ्ग गा.वि.स. वडा नं. ६ को वदेली बजार क्षेत्रको जग्गाको प्रतिरोपनी रु. ३,५०,०००।- (तीन लाख पचास हजार)

ख) साबिक नामजुङ्ग गा.वि.स. वडा नं. ४ को खड्का गाउँ र वडा नं. ५ को रामभञ्ज्याङ्ग बजार क्षेत्रको जग्गाको प्रतिरोपनी रु. ३,००,०००।- (तीन लाख)

ग) माथि उल्लेखित बाहेक अन्य मोटरबाटोको जग्गाको प्रतिरोपनी रु. ३,००,०००।- (तीन लाख)

ख) घर संरचनाको न्यूनतम मूल्याङ्कन :-

क्र. सं.	घर / टहराको प्रकार	औषत लागत दर (प्रति बर्गफिट रु.)	प्रति बर्गफिट ह्रास कट्टी दर	ह्रास कट्टी गर्न पाउने बर्ष
१	भित्र काँचो बाहिर ईट्टा वा ढुङ्गा माटोको जोडाई भएका सबै किसिमका घर र काठै काठबाट बनेको जस्ता/टायल/ढुङ्गा/सिगटीको छाना भएको घर	४२५।-	३५	२५ बर्ष
२	भित्र बाहिर पाकेको ईट्टा वा ढुङ्गामाटोको जोडाइ भएका जस्ता/टायल/ढुङ्गाको छाना भएको घर	४५०।-	२५	३० बर्ष
३	भित्र बाहिर पाको ईट्टामा सिमेन्ट वा बजको जोडाई भएको आर.सी.सी. छाना भएको घर	५७५।-	१ ५	७० बर्ष
४	आर.सी.सी. फ्रेम स्ट्रक्चरबाट बनेका आ.सी.सी. छाना भएको घर	६३५।-	०.७५ ५	१०० बर्ष

ग) उल्लिखित बमोजिम कायम हुन आएको एकीकृत सम्पतिको मूल्यमा निम्नानुसारको दरले कर लगाइनेछ ।

क्र.सं.	करयाग्य एकीकृत सम्पतिको मूल्य	दर बार्षिक रु.	कैफियत
१	५ लाख रुपैयाँ सम्म	५०।- (पचास)	
२	पाँच लाख १ रुपैयाँ देखि १० लाखसम्म	१००।- (एक सय)	
३	१० लाख १ रुपैयाँ देखि १५ लाख सम्म	२५०।- (दुई सय पचास)	
४	१५ लाख १ रुपैयाँ देखि २० लाख सम्म	३५०।- (तीन सय पचास)	
५	२० लाख १ रुपैयाँ देखि २५ लाख सम्म	५५०।- (पाँच सय पचास)	
६	२५ लाख १ रुपैया देखि ३० लाख सम्म	७५०।- (सात सय पचास)	
७	३० लाख १ रुपैयाँ देखि ४० लाख सम्म	१२५०।- (बाह्र सय पचास)	
८	४० लाख १ रुपैयाँ देखि ५० लाख सम्म	२०००।- (दुई हजार)	
९	५० लाख १ रुपैयाँ देखि ६० लाख सम्म	३५५०।-(तीनहजार पाँच सय पचास)	
१०	६० लाख १ रुपैयाँ देखि ७० लाख सम्म	४०५०।-(चार हजार पचास)	
११	७० लाख १ रुपैयाँ देखि ८० लाख सम्म	४५५०।-(चार हजार पाँच सय पचास	
१२	८० लाख १ रुपैयाँ देखि ९० लाख सम्म	५५५०।-(पाँच हजार पाँच सय पचास)	
१३	९० लाख १ रुपैयाँ देखि १ करोड सम्म	६५५०।-(छ हजार पाँच सय पचास)	
१४	१ करोड १ देखि १ करोड ३० लाख सम्म	१२५०० ।-(बाह्र हजार पाँच सय)	

क्र.सं.	करयाग्य एकीकृत सम्पतिको मूल्य	दर बार्षिक रु.	कैफियत
१५	१ करोड ३० लाख १ रुपैयाँ देखि १ करोड ५० लाख सम्म	१४५०० ।-(चौध हजार पाँच सय)	
१६	१ करोड ५० लाख १ रुपैयाँ देखि १ करोड ८० लाख सम्म	१६५०० ।-(सोह्र हजार पाँच सय)	
१७	१ करोड ८० लाख १ रुपैयाँ देखि २ करोड रुपैयाँ सम्म	१८५०० ।-(अठ्ठार हजार पाँच सय)	
१८	२ करोड १ रुपैयाँ देखि २ करुड ५० लाख सम्म	२५५००।-(पच्चीस हजार पाँच सय)	
१९	२ करोड ५० लाख १ रुपैयाँ देखि ३ करोड सम्म	३०५००।-(तीस हजार पाँच सय)	
२०	३ करोड १ रुपैयाँ देखि ३ करोड ५० लाख सम्म	३५५००।-(पैंतिस हजार पाँच सय)	
२१	३ करोड ५० लाख १ रुपैयाँ देखि ४ कराड सम्म	४०५००।-(चालिस हजार पाँच सय)	
२२	४ करोड १ रुपैयाँ देखि ४ करोड ५० लाख सम्म	४५५००।-(पैचालिस हजार पाँच सय)	
२३	४ करोड ५० लाख १ रुपैयाँ देखि ५ करोड सम्म	५०५००।-(पचास हजार पाँच सय)	
२४	५ करोड १ रुपैयाँ माथि सबैको	दुई रुपैयाँ प्रति हजार	

एकीकृत सम्पति कर लागु हुनु भन्दा अगाडि साबिक गा.वि.स.हरुबाट लगाइएको मालपोत तथा भूमिकर प्रणाली सोही दररेटमा नै लगाईनेछ।

१४. सडक मर्मत शुल्क :-

यस गाउँपालिका क्षेत्रभित्र नंया व्यक्तिगत धारा जडान गर्दा वा मर्मत गर्दा र ड्रेनको निकास वा अन्य कुनै कारणले सडक खाडल पार्नु पर्ने वा सडक काट्नु पर्ने भएमा त्यस्तो कार्य समाप्त भएपछि सो फुटाइएको वा काटीएको सडकलाई पुर्व अवस्थामा ल्याउन सो कार्य गर्ने व्यक्तिबाट निम्नानुसारका दरले मर्मत शुल्क लिई सडक काट्ने अनुमति दिईनेछ। तर खानेपानीको लागि नयाँ धारा जडान र अत्यावश्यकिय ढल निकास गर्नुपर्ने अवस्थन वाहेक अन्य अवस्थामा पिच सडक काट्ने अनुमति दिईने छैन।

१. सडकको पिच काट्नु पर्ने भएमा रु १,०००।- एक हजार मात्र ।
	३७) नियमित खोपको कभरेज बढाउन र ड्रप आउट घटाउन बैशाष महिनालाई खोप महिनाको रूपमा सञ्चालन र अनुगमन	३५,०००/-
	३८) मातृ शिशु तथा बाल्यकालिन पोषण तथा पोषण लेखाजोखा परामर्श सेवा सम्बन्धि वडा स्तरीय अन्तरक्रिया पुनर्ताजगी तालिम र बालभिटा समुदाय प्रवर्द्धन सम्बन्धि तालिम	७,१०,०००/-
	३९) पोषण सम्वन्धि सुचकहरूको गुणस्तर अभिवृद्धिका लागि HMIS अभिलेख तथा प्रतिवेदन सम्बन्धि स्वास्थ्यकर्मी तथ्यांककर्मी र म.स्वा.स्व.से. हरूलाई १ दिने अभिमुखीकरण तालिम	९०,०००/-
	४०) पोषण सम्बद्ध सुचकहरूको रूटिन डाटा क्वालिटि सेल्फ एसिसमेन्ट र अनुगमन	१०,०००/-
	४१) पी.वी.सी. बिरामीका परिवारको क्षयरोग परिक्षण गर्न यातायात खर्च	८,०००/-
	४२) भिटामिन ए क्याप्सुल आम वितरण कार्यक्रमका लागि म.स्वा.स्व.से. परिचालन खर्च	८७,०००/-
	४३) पूर्ण पोषणयुक्त गाउपालिका अभियान महिला तथा बालबालिका लक्षित	११,०००/-
	४४) स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य शिक्षा सामाग्रीहरू वितरण	२,०००/-
	४५) छापा संचार माध्यमबाट स्वास्थ्य सन्देस प्रशारण	९,०००/-
	४६) स्थानिय स्तरमा स्वास्थ्य शिक्षा सामाग्रीहरू वितरण	४,०००/-

सि.नं.	कार्यक्रमहरू	जम्मा
	४७) विद्यालयमा स्वास्थ्य प्रबर्द्धन तथा शिक्षा कार्यक्रम	९,०००।-
	४८) समुदायमा स्वास्थ्य सेवा प्रवर्द्धन अन्तरक्रिया कार्यक्रम	१८,०००।-
	४९) सामुदायिक स्वास्थ्य प्रबर्द्धन अभियान	६,०००।-
	५०) स्वास्थ्य चौकी स्तरमा स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन तथा गुणस्तर सुधार कार्यक्रम	१,००,०००।-
	५१) विश्व स्वास्थ्य दिवस लगाएत स्वास्थ्य दिवस मनाउने	४,०००।-
	५२) औलो रोग ग्रसित क्षेत्रहरूमा संकास्पद औलो रोगी पत्ता लगाइ नमुना संकलन गरी उपचार तथा केशको निगरानी गर्ने	१०,०००।-
	५३) निशुल्क स्वास्थ्य सेवाको लागि औषधि खरिद	३,९०,०००।-
	५४) साधारण अनुगमन	२,०००।-
	५५) जिल्ला अस्पताल प्र-.स्वा.के. स्वास्थ्य चौकी OPD Ticket छपाई र दर्ता शुल्क बापत अनुदान	१,४०,०००।-
	५६) प्रत्येक स्थानिय तहमा १ ओटा सामुदायिक सिकाई केन्द्रलाई पूर्वाधार सहितको शैक्षिक सुचना केन्द्रको रूपमा विकास गर्ने	२,००,०००।-
	५७) आमा सुरक्षा कार्यक्रम सेवा प्रदान सोधभर्ना तथा यातायात खर्च	२,७०,४००।-
	५८) गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा	९४,०००।-
	५९) जिल्ला अस्पताल र सो भन्दा तलका स्वास्थ्य संस्थामा प्रसुती हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला (लुगा सेट)	२,०४,०००।-
	६०) बाह्य खोप केन्द्रको भवन निर्माण	३,००,०००।-
	६१) उपचार केन्द्रको लागि वाटरफिल्टर र मग खरिद	१८,०००।-
	६२) औषधि परिक्षण-का लागि automatic dissolution apparatus लगाएतका कार्यालय, प्रयोगशाला उपकरण	१,०२,०००।-
	६३) CCE साइटहरूको लागि स्वास्थ्य उपकरण खरिद	३,५०,०००।-
	६४) सिल्कन रिङ् प्रशरी खरिद	५,०००।-
	६५) प्राथमिक गाउघर क्लिनिक संचालनका लागि उपकरण खरिद	८,०००।-
	६६) क्षयरोगका विरामीको तौल अनुमान गर्ने तौल मेशिन खरिद	१८,०००।-
	जम्मा	१,५५,७९,०००।-
ग	<u>आयुर्वेद स्वास्थ्य तर्फ</u>	
	१) कर्मचारीहरूको तलब भत्ता वापतको खर्च	३,६६,२०००।-
	२) स्थानिय भत्ता घ बर्ग	२,९१,०००।-
	३) महंगी भत्ता	१,०८,०००।-
	४) अन्य भत्ता	१,४४,०००।-
	५) कर्मचारीहरूको पोशाक भत्ता	६८,०००।-
	६) पानी तथा बिजुली महशुल	४८,०००।-
	७) पाले, स्विपर, गार्ड, का.स. आदि सेवा करारमा लिने	३,३६,०००।-
	८) इन्धन अन्य प्रायोजन	२५,०००।-
	९) निशुल्क टिकट दर्ता शुल्क	३५,०००।-
	१०) राष्ट्रिय, अन्तराष्ट्रिय योग दिवस, राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ति	२६,०००।-

सि.नं.	कार्यक्रमहरू	जम्मा
	११) पंचकर्म(पूर्वकर्म) कार्यक्रम	२०,०००/-
	१२) स्तनपायी आमालाई मातृ शिशु सुरक्षार्थ दुग्धबर्दक जडिबुटी जन्य औषधि वितरण सम्बन्धि कार्यक्रम	४५,०००/-
	१३) विद्यालय आयुर्वेद स्वास्थ्य र योग शिक्षा कार्यक्रम	२०,०००/-
	१४) स्थानिय जनतालाई जडिबुटी परिचयात्मक कार्यक्रम	१२,०००/-
	१५) अत्यावश्यक आयुर्वेद औषधि खरिद	५,४०,०००/-
	१६) संचार महशुल	३६,०००/-
	१७) नियमित कार्यालयको विविध खर्च	२५,०००/-
	१८) घर भाडा	९६,०००/-
	१९) कार्यालयका लागि इन्धन	२३,०००/-
	२०) संचालन तथा मर्मत संहार	३५,०००/-
	२१) कार्यालय मसलन्द सामान खर्च	३०,०००/-
	२२) कार्यालय संचालन खर्च	४,०००/-
	२३) गाउपालिका स्तरीय आ.स्वा.के.लाई फर्निचर खरिद	८५,०००/-
	२४) औषधालयको लागि फर्निचर खरिद	१५,०००/-
	२५) मेशिनरी औजार खरिद	४०,०००/-
	जम्मा	५७,६१,०००/-
	कुल जम्मा	१२,४४,४४,०००/-

प्रत्येक वडाको वडा सभाबाट पारित भई आएका अन्य योजनाहरु
(आ.व. २०७४/०७५)

वडा नं. १ बक्राङ्ग बाट

क) राङ्दीखोला गर्खेथली झोलुङ्गे पुल, राग्दी घुमाउने ढङ्गा झोलुङ्गे पुल, सित्तले झोलुङ्गे पुल
ख) अँबुवा मनकामना सडक स्तरउन्नती
ग) दश किलो हुँदै मनकामना मोटरबाटो स्तरउन्नती तथा मोटरेवल पुल
घ) बिरेनचोक पुरानोगाउँ सडक स्तरउन्नती
ङ) लक्ष्मीबजार, साठीमुरे, सिउरेनी सडक स्तरउन्नती
छ) दमैधारा खा.पा. लिफ्टिङ्ग योजना
ज) अर्चले अदुवाबारी मेदान खा.पा. लिफ्टिङ्ग योजना
झ) कटरफेँद वार्ड कार्यालय खा.पा. लिफ्टिङ्ग योजना
ञ) कसुण्डे, गैरीगाउँ, पन्तगाउँ खा.पा. लिफ्टिङ्ग योजना
ट) तेश्रो ग्रामिण सडक मर्मत सुधार योजना वड- नं. ९
ठ) लुदिखोला पुरानोगाउँ गा.बि.स. भबन सडक निर्माण
ड) साठीमुरे सिउरेनी सडक मर्मत
ढ) लुदिखोला मैदान गा.बि.स. भबन मोटरबाटो मर्मत सुधार
ण) स्याउली बजार लुदिखोला हुँदै बक्राङ्ग मनकामना सडकको लुदिखोलामा मोटरेवल पुल

वडा नं. २ मनकामना बाट :
१) कल्लेरी, आरूबोट, ड-डागाउँ हुँदै मनकामना जोड्ने मोटरबाटो
२) बेतेनी खा.पा. रिजर्भ ट्यांकी ५० हजार लिटर
३) ढाँडबारी बरखोला लिफ्टङ्ग खा.पा. योजना
४) मुल सडक बनडाडा उम्लुङ्ग सडक ग्याभिङ्ग भर्ने
५) पडके बक्रेश्वरी लिफ्टिङ्ग खा.पा. योजना
६) बनौती प्राथमिक बिद्यालय ८ कोठे भवन निर्माण
७) जात्रेखोला ढाँड उम्लुङ्ग खा.पा. योजना
८) तेर्सेलुङ्ग पुजारी गाउँ ढल निर्माण
वडा नं ३ मनकामना बाट :
क) सिलिङ्गटार देखि मनकामना मोटरबाटो स्तरबृद्धि
ख) आँबुखैरेनी मनकामना मोटर बाटो स्तरवृद्धि
ग) त्रिवेणी मनकामना मोटर बाटो स्तरवृद्धि
घ) बरखोला खा.पा. पोखरी निर्माण
ङ) त्रिवेणी सुरलीङ्ग मोटरेवल पुल
च) तल्लोग्यजा, माथिल्लोग्याजा, दार्सिङ्ग, गैरिगाउँ, झ्यापिडाँडा,कोटगाउँ लिफ्टिङ्ग सिस्टमबाट खा.पा. योजना
छ) नाम्जुङ्ग फाँट सिंचाई लिफ्टिङ्ग आयोजना
ज) कल्देरीफाट सिंचाई लिफ्टिङ्ग आयोजना
झ) ढुङ्गेधारा सिंचाई लिफ्टिङ्ग खा.पा. आयोजना
ञ) हटिया बसपार्क निर्माण
ट) वडा नं. २ र ३ जोड्ने मोटरबाटो
ठ) वडा स्तरिय मोटरबाटा सरसफाई
ड) कान्टार झोलुङ्गे पुल गोरेटो बाटो
ढ) भञ्ज्याङ्गभिर सडक स्तरवृद्धि माथिल्लो ग्याजा
ण) माथिल्लो ग्याजा खा.पा. पाइप खरिद
त) नयाँवस्ती खा.पा. पाइप तथा धारा निर्माण
थ) सिलिङ्गटार सिंचाइ कुलो निर्माण
द) हटिया भञ्ज्याङ्ग साहु चौतारा ढल निकास
वडा नं ४ ताक्लुङ्ग बाट :
वडा अन्तर्गतका अन्य योजनाहरू
क) जुम्लीचौतारा हुँदै राइनास बुट्टार जोड्ने बाठो स्तरउन्नती
ख) जुग्दीखोला राइनास हुँदै ढोडेनी जोड्ने कुलो पाइप बिस्तार
ग) बालकन्या मन्दिर निर्माण
घ) ठेउवाटारबाट जुम्लीचौतारा जाने मोटरबाटो
ङ) आलाङ्गदी बाट भैंसेपोल जाने मोटरबाटो
च) एक्लेटार करमबगर मोटरबाटो
छ) बैदारगाउँ,बरालथोक ट्रान्स्फर्मर माग
ज) चालिसे पुलामीगाउँ ५० के.भी. ट्रान्स्फर्मर
झ) साबिकको २ र ३ वडालाइ लिफ्टिङ्ग खा.पा. योजना सम्पन्न गर्नको लागी विद्युत पोल र ट्रान्स्फर्मर
ञ) वडा नं. ४ भरी फलामे पोल माग
ट) लालिगुँरास महिला समुह भवन माग
ठ) बाझागरा (लालिगुँरास महिला समुह) भवन माग

ङ) बेट गाउँ पञ्चे बाजा (दलित समुदाय)
ढ) पुलामी गाउँ पोखरी जोड्ने मोटरबाटो
ण) तेर्से चेपाङ्ग बस्ति महिला समुह भवन माग
त) जुग्दी समाज भवन माग
थ) वडा नं. ४ स्तरिय फुटबल खेलकुद मैदान
द) जुग्दी खोला ठाँटी निर्माण
ध) वडा नं. ४ को वडा कार्यालय माग
न) राइनास प्रहरी कार्यालय प्रतिक्षालय
केन्द्रमा माग गर्ने योजनाहरू
क) शहिद लखन गाउँपालिका वडा नं. ४ ढोडेनी र इच्छाकामना गाउँपालिका वडा नं ४ मोटरेबल पुल
ख) शहिद लखन गाउँपालिका वडा नं. ४ ठेउवाटार देखी चितवन इच्छाकामना लेवाटार जोड्ने मोटरेबल पुल
ग) शहिद लखन गाउँपालिका वडा नं. ४ जुग्दी खोला र गण्डकी गा.पा. जोड्ने मोटरेबल पुल
घ) शहिद लखन गाउँपालिका वडा नं. ४ र शहिद लखन गाउँपालिका वड- नं. ६ भकारी दुङ्गा जोड्ने पक्की पुल
ङ) जुम्ली चौतारा देखी राइनास बुट्टार जोड्ने पिच बाटो
च) जल बिरे खोला देखी जुग्दी टार सम्म सिंचाइ कुलो मर्मत
छ) जुग्दी खोला देखी राइनास बजार हुँदै ढोडेनी सम्म जोड्ने सिंचाइ पाइप विस्तार
गाउँपालिकामा माग गर्ने योजनाहरू
<u>सोटरबाटो तर्फ</u>
क) तेर्सेगाउँबाट पाङ्दुरे खोला हुँदै मनकामना जोड्ने मोटरबाटा
ख) एकमानेडाँडा, डाँडागाउँ हुँदै तर्से ठेउवाटार जोड्ने मोटरबाटो
खानेपानी तथा ढल निकासतर्फ
क) राइनास बजार क्षेत्रभित्र ढल व्यवस्थापन
ख) रिन्जेली गाउँमा ढल व्यवस्थापन
ग) राइनास बजार खा.पा. मर्मत योजना
घ) कोटगाउँ स्कुल गेटबाट तल्लो चोक सम्म ढल व्यवस्थापन
ङ) भुङ्रेल चौर पिकनिक स्पटमा खा.पा. व्यबस्थापन
सामुदायिक बिकासतर्फ
क) लालीगुराँस महिला समूह भवन निर्माण बाँझगह्रा
ख) जुग्दी समाज भवन निर्माण योजना
ग) ढाडेगाउँ बालकक्षा भवन निर्माण योजना
घ) जुग्दी तरकारी तथा फलफुल सहकारी भवन निर्माण योजना
ङ) जुग्दी खोला मसानघाट सार्वजनिक ठाँटी निर्माण
च) ढोडेनी खोला दोभान मसानघाट ठाँटी निर्माण
छ) तेर्सेगाउँ चेपाङ्ग बस्ति महिला भवन निर्माण योजना
आदिवासी जनजाति, दलित, मुश्लिम, भिन्न क्षमता भएका व्यक्ति तथा पिछडा बर्ग तर्फ
क) दलित समुदाय चेतना अभिबृद्धि नेतृत्व बिकास तालिम संचालन
ख) दराई समुदाय नेतृत्व बिकास एवं सशक्तिकरण कार्यक्रम
ग) चेपाङ्ग समुदायको भाषा संरक्षण तालिम कार्यक्रम

धार्मिक तथा कला साहित्य तर्फ
क) थानीभाई मन्दिर निर्माण योजना डाँडागाउँ
ख) अन्नपूर्ण मन्दिर निर्माण योजना ढाडेगाउँ
युवा तथा खेलकुद तर्फ
क) वडा स्तरीय युवा कन्द्रित खेलकुद विकास तालिम संचालन
ख) सत्यदवी युवा क्लव ठेउवाटार खेल मैदान निर्माण योजना
कृषि तथा सिंचाई तर्फ
क) वडाका अगुवा कृषकहरूलाई व्यबसायिक कृषि तालिम कक्षा संचालन
ख) वडा अन्तर्गत व्यबसायिक पशुपंक्षी तालिम तथा समूह गठन कार्यक्रस
पर्यटन विकास तर्फ
क) शहिद श्रीराम खनाल स्मृती पार्क निर्माण योजना
ख) पर्यटन क्षेत्र बिस्तार एवं विकास कार्यक्रम ठेउवाटार
अन्य
क) घाँस उत्पादन कार्यक्रम ठेउवाटार
ख) वडा नं. ४ लाई सूचना र संचारमा विकास गराउन फ्रि वाइफाई घोषणा कार्यक्रम
वडा नं. ५ ताक्लुङ्ग बाट :
गाउँपालिकामा माग गर्ने योजनाहरू
मोटरबाटो तर्फ
क) सिद्धस्थानी मोटरबाटो
ख) लुदीखोला पुल मर्मत
ग) तिनमाने, मास्किछाप हुदै लुदिखोला सडक स्तरउन्नती
खानेपानी तथा सरसफाइ तर्फ
क) तिनमाने भञ्ज्याङ्ग लिफ्टिङ्ग खा.पा. योजना
ख) गुर्दुम अमृतधारा लिफ्टिङ्ग खा.पा. योजना
ग) भ्याकुरे लिफ्टिङ्ग खानेपानी
सामुदायिक भबनतर्फ
क) भैसेपोल महिला भबन निर्माण योजना
ख) डाँडागाउँ महिला भबन निर्माण योजना
ग) गर्दुम चण्डेश्वरी महिला भबन निर्माण योजना
घ) जलदेवी युथ स्टार युवा क्लब भबन निर्माण योजना
ङ) भ्याकुरे क्लब तथा महिला भबन निर्माण योजना
च) काहुले युवा क्लब भबन निर्माण योजना
छ) पोखरी डाँडा महिला भबन निर्माण योजना
ज) तोरेन महिला भबन निर्माण योजना
झ) भञ्ज्याङ्गदी युवा क्लव भबन निर्माण योजना
ञ) देउरालीछाप महिला तथा युवा क्लव भबन निर्माण योजना
ट) बोझाडी, धारापानी, चाप्पानी महिला तथा युवा क्लव भबन निर्माण योजना
ठ) मास्किछाप क्लव भबन निर्माण योजना
ड) तिनमाने भञ्ज्याङ्ग इकाई स्वास्थ्य चौकी भबन निर्माण योजना
पर्यटन तथा प्रवर्द्धन तर्फ
क) लेकडाँडा भ्यू ट-वर निर्माण तथा पर्यटन प्रवर्द्धन योजना

वडा नं. ६ घैरूङ्गबाट :
सडक तर्फ
१) बुंकोट नामजुङ्ग हुँदै घैरूङ्ग,ताक्लुङ्ग, मनकामना सडका पक्की तथा पिच गर्न माग गर्ने
२) बुंकोट देउराली हुँदै रानिस्वारा तिनघरे तिनमाने गाउँपालिका सडक ग्राभेल गर्न माग गर्ने
३) गाउँपालिका देखि ज्यामिरस्वारा राइनास सडक ग्राभेल गर्न माग गर्ने
४) घैरूङ्ग बालेश्वरी चुलेभिर टावर सडक निर्माण
५) वडा कायलिय देखि कोडथोक तिनमाने सडक स्तरउन्नती
६) खगी दार्चे हुँदै बतासे भञ्ज्याङ्ग सडक निर्माण
७) पुडासैनी गाउँबेसीटार पाखुरे हुँदै बुंकोट बेलडाडा सडक
भवन तर्फ
१) १० कोठे वडा भवन निर्माण योजना
२) वडा स्तरीय सामुदाायक भवन निर्माण योजना
खानेपानी तथा सरसफाइ तर्फ
१) साविक वडा नं. १, २ र ४ मा लिफ्टङ्ग खा.पा. योजना
२) साविक वडा नं. ५ मा लिफ्टङ्ग खा.पा. मर्मत योजना
३) साविक वडा नं. ३ र ७ मा लिफ्टङ्ग खा.पा. योजना
स्वास्थ्य तर्फ
१) १५ सैयाको प्राथमिक स्वास्थ्य केन्द्र माग गर्ने
कृषि तथा पशुपालन
१) वडा स्तरीय कृषि संकलन केन्द्र स्थापना
२) वडा स्तरीय कृषि तालिम संचालन
३) वडा स्तरीय पशु पालन कार्यक्रम
पर्यटन तथा प्रवर्द्धन तर्फ
१) चुलेभिरमा भ्यू टावर निर्माण योजना
२) होमस्टे संचालन कार्यक्रम
३) शहिद स्मृति खेलकुद मैदान निर्माण तथा शहिद पार्क स्थापना
लक्षित कार्यक्रम
१) वडा स्तरीय महिला शिप मुलक तालिम
२) अपांग मैत्री कार्यक्रम संचालन योजना
३) वडा स्तरीय दलित हित कार्यक्रम
वडा नं. ७ बुंकोटबाट :
गाउँपालिकामा माग गर्ने योजनाहरू
मोटरबाटो तर्फ
१) निम्जुङ्ग रानीखोला खाब्दी प्रा.बि. सम्म सडक निर्माण
२) गोपाल चौतारा देउराली पिपलछाप, चारघरे, सुकौरा दोभान जोड्ने मोटरबाटो
४) बकेनश्वारा माझगाउँटोल हुँदै हटिया तेर्सोटोल मोटरबाटो निर्माण
५) गैह्री चौतारा भीरपानी हुँदै चिसापानी बहिखोला कृषि सडका निर्माण
६) लखन थापा स्मारक स्थल देखी कुटमेरे डाँडासम्म कृषि सडक
७) मकैपुर सिरान डाँडा हुँदै निम्जुङ्ग सम्म सडक निर्माण
८) पिपलडाँडा परियार बस्ति हुँदै चण्डिथान सडक निर्माण

९) देउराली ओह्याक रानीश्वारा मनकामना जाने मोटरबाटो
१०) बोर्लाङ्गगाउँ, सुसारेगाउँ लुदीखोला सडक सुधार बिस्तार
११) मकैपुर कोटगाउँ धवादीदेखी आर्लेपानी जाने मोटरबाटो योजना
१२) चिलाउने चौतारा देखी गोजा गाउँसम्म मोटरबाटो
सिँडीबाटो तर्फ
१) अँधेरी गाउँ अँधरी खोला हुदै वोर्लाङ्ग गाउँ, मकैपुर जाने सिडी बाटो निर्माण
२) दलित बस्तिबाट माथिल्लो रोडसम्म सिँडी निर्माण
३) सिमलधारा देखी तिनधारे भंगार सिँडी निर्माण
४) देउरालीदेखी गुफेडाँडा सम्म सिँडीबाटो मर्मत संहार
५) खाब्दीभञ्ज्याङ्ग देखी धारासम्म सिँडी बाटो निर्माण
६) खोल्सापानी अछामीटोल देखी बाँसघारी बर्षेबाटो सिँडी निर्माण
७) टुहुरे खा.पा. देखी मोटरबाटो सम्म सिँडी निर्माण योजना
८) खाब्दीगाउँ पुछार टोलदेखी मकैपुर जाने चिलाउने चौतारा सम्म सिँडी बाटो निर्माण
सार्बजनिक सुनुवाई
१) काहुले भंगार मगर समुदायको भेषभूषा खरिद तथा मातृभाषा उत्थान कार्यक्रम
२) काहुले जलकन्या महिला समूह सामूहिक साबुन तथा मैनबत्ती तालिम
३) देउराली नेवार बाध्यबादन र नेवारी भेषभूषा खरिद योजना
४) काहुले दलित उत्थान सिपमुलक तालिम
५) कृषि औजार निर्माण तथा छाला जुत्ता तालिम योजना
६) वडा नं. ७ का महिलाहरूलाई गलैचा तथा साबुन तालिम
७) थानीमाई नेवार समाज लाखे तथा टाकटुके नाच, भाषा कक्षा, कर्मकाण्ड प्रशिक्षण कार्यक्रम
वडास्तरिय अन्य योजनाहरू
खानेपानी तर्फ
१) सिमलधारा खानेपानी व्यवस्थित तथा मर्मत सुधार योजना
२) जलकन्या खानेपानी ट्याङ्की निर्माण, पाइप लाईन बिस्तार १घर १धारा
३) काहुले धारा खानेपानी मर्मत सुधार
४) दलित उत्थान खानेपानी योजना मर्मत संहार काहुले
५) बोर्लाङ्ग गाउँ खानेपानी लिफ्टिङ्ग योजना
६) भीरपानी अर्चले खोल्सी जोडेर पेपिङ्ग योजना
७) बकेनश्वारा कुवा फेरो ट्याङ्की निर्माण योजना
८) खिरोघारी धारा ट्याङ्की निर्माण योजना
९) टुहुरे खानेपानी ट्याङ्की निर्माण योजना
१०) घलेडाँडा रानाखोला पाइप लाइन, इन्टेक ट्याङ्की निर्माण योजना
११) खाब्दी गाउँ टुहुरे मुल संरक्षण, ट्याङ्की निर्माण योजना
१२) निम्जुङ्ग खानेपानी लिफ्टिङ्ग योजना
१३) बिफरे खानेपानी मुल संरक्षण, इन्टेक, पाइपलाइन, बिस्तार
१४) बसन्ते गाउँ खानेपानी मुहान संरक्षण, ट्याङ्की निर्माण योजना
१५) देउराली खानेपानी मर्मत
१६) लाखेडाँडा खानेपानी योजना
१७) खरखइण्डे खोलादेखी खाब्दी भञ्ज्याङ्गसम्म पाईप लाइन बिस्तार
१८) पिपले सुरी खेत खानेपानी योजना

१९) ओह्याक परियार टोल रिजर्भ ट्याङ्की निर्माण तथा पाइप लाइन बिस्तार
२०) जामुने खानेपानी प्रशोधन योजना
२१) चण्डिका खानेपानी व्यवस्थापन
२२) कदमखोला बोर्लाङ्गगाउं खानेपानी लिफ्टिङ्ग पेजना
२३) अधुरो चुनपोले खानेपानी योजना निर्माण
कृषि तथा पशुतर्फ
१) तिवारी गाउं महिला बाख्रा पालन
२) भुमेश्वरी एकल महिला मुढा बुन्ने र बाख्रा पालन कार्यक्रम
३) कृषि संकलन केन्द्र संरक्षण तथा संबर्द्धन
४) मकैपुर महिला कृषि समूह बाख्रा तथा कुखुरा पालन बिउ पूँजि
५) काहुले दलित उत्थान सामूहिक बाखा पालन
६) ओह्याक गाउं उन्नत बंगुर पालन
७) नागरिक सचेतना केन्द्र उन्नत जातको भैंसी पालन बिउ पूंजि तथा गोठ सुधार
८) निम्जुङ्ग बाखा पालन
९) मकैपुर कोटगाउं बाखा पालन
१०) भण्डारी गाउं केरा खेती पकेट क्षेत्र
११) ज्यादुल खोला माछा पालन
१२) तिवारी गाउ, आरूश्वारा, खाब्दी, काहुले भंगार मौसमी तथा बमौसमी तरकारी खेती पकेट क्षेत्र
१३) नमुन यूवा बाखा पालन
१४) पिपलछाप निगरानी महिला समूह बंगुर पालन
१५) मास्किछाप बाख्रा तथा माछा पालन
१६) मण्डलीमाई निगरानी महिला समूह बंगुर पालन
१७) ग्रामिण स्वाभलम्बी दुग्ध उत्पादक संघ, पशुपालन, घाँस बिउ, माछा पालन, दुध प्रशोधन सामग्री
भवन तर्फ
१) श्री संवेदनशिल बालक्लव भबन निर्माण
२) भण्डारी गाउं उद्यमशिल महिला समूह भबन निर्माण
३) तिलखण्डे देवी महिला समूहको भबन निर्माण
४) श्री शहिद लखन थापा क्लव भबन पुन निर्माण
५) भिमसेन थान मन्दिर पुन निर्माण बकेनश्वारा
६) चौकी डाँडा शिवालय मन्दिर निर्माण
७) सरस्वती मन्दिर निर्माण
८) तेर्सो गाउं महिला भबन निर्माण
९) दलित उत्थान भबन निर्माण
१०) डाँडागाउं बहुउदेश्य भबन निर्माण
११) बनकाली महिला भबन पुन निर्माण
१२) नेपाल रेडक्रस सोसाइटी बुङ्कोट उपशाखा भबन निर्माण
१३) सामूदायिक जनकल्याण क्लव फर्निचर खरिद
१४) अँधेरी गाउं शिवालय महिला समुह भवन निर्माण
सिंचाई तर्फ
१) कैजलेदेखी कुटमेरे खेतसम्म बाँध तथा कुलो मर्मत सिमेन्टेड काहुले
२) चालिसे कुल्लो सिमेन्टेड साबिक वडा नं. ३

३) पाटा टारी खेत कुलो निर्माण सिमेन्टेड
४) लुदी खोला बाहुनचौर कुलो अधुरो निर्माण (पद्धती बिकास)
५) गरौंजा गाउं सुन्तले अधुरो कुलो निर्माण
६) रमरेरहदेखी पाटाटारी कटुवा खेत सिंचाइ कुलो निर्माण
पर्यटन तथा प्रबर्द्धन तर्फ
१) गोरखा हरमटारी देखी मनकामना मन्दिर सम्म लखन थापा मार्ग नामाकरण
२) शहिद लखन थापा स्मृति कार्यक्रम तथा महोत्सब
३) भुकम्प स्मृति स्तम्भ निर्माण
४) लखन थापा गुफा संरक्षण तथा क्षेत्र बिकास
५) खाब्दी गाउं शिवालय मन्दिर निर्माण
वडा नं. ८ बुंकोट बाट :
सडक तर्फ
१) गैह्री चौतारा मैलुङ्ग सडक ग्राभेल तथा नाली निर्माण योजना
२) ढुंगागाडे भञ्ज्याङ्ग देखि बाह्रबिसे बेलठांटी कृषि सडक
३) रम्तेल टोल बिच बस्ती पँधेरा डाडा मगर गाउं हुद तीनचौतारा मोटरबाटो
खानेपानी तर्फ
१) बिखे खोला महादेवथान खानेपानी योजना
२) मैलुङ्ग सिमपानी मुल संरक्षण योजना
३) ढोडेनी खानेपानी मर्मत सुधार योजना
४) बराफांट तथा छबिसे फांट खानेपानी मर्मत
५) रिप कुवा खानेपानी निर्माण योजना
६) कमीधारा मूल संरक्षण तथा ट्यांकी निर्माण योजना
७) डुम्रे खानेपानी योजना
८) चिसोपानी आंपूवारा सुकौरा खानेपानी योजना
९) मैलेङ्ग सिसिर फेद खानेपानी लिफ्टिङ्ग योजना
१०) कसेनी महादेवस्थान लिफ्टिङ्ग खानेपानी योजना
११) बडहरे खानेपानी ट्यांकी निर्माण योजना
१२) आंपस्वारा बाझगढा खानेपानी योजना
१३) मौवापानी खानेपानी बाट बतासे डाडां ठांटी सम्म पाईपलाइन योजना
१४) छापथोक खानेपानी पम्पिङ्ग तथा सरसफाई योजना
१५) अलिनी चौतारा खानेपानी योजना
१६) आंपस्वारा बेलबोट खानेपानी योजना
शिक्षा तर्फ
१) सम्पूर्ण विद्यालयमा अंग्रेजी भाषामा कक्षा सञ्चालन योजना
२) रामेश्वरी मा.वि. स्तरउन्नती
३) सम्पूर्ण विद्यालयमा शिक्षक दरबन्दी व्यबस्थापन
स्वास्थ्य तर्फ
१) स्वास्थ्य चौकी भवन निर्माण
२) बाल स्वास्थ्य केन्द्र निर्माण

भवन तर्फ
१) वडा नं. ८ वडा भवन जग्गा व्यवस्थापन तथा निर्माण योजना
२) ज्यादुल खोला कृषि सहकारी कार्यालय संकलन केन्द्र भवन निर्माण योजना
३) छापथोक सामुदायिक भवन निर्माण योजना
४) भिमसेन तारा युवा क्लव भवन मर्मत योजना
५) मैलुङ्ग महिला भवन निर्माण योजना
६) गाउँपालिका स्तरीय एकल महिला भवन निर्माण योजना
७) देविदास नागरिक सचेतना केन्द्र भवन निर्माण योजना
८) हटिया मगर समुह भवन निर्माण योजना
९) नब ईन्द्रणी युवा क्लव भवन निर्माण तथा भौतिक सामग्री खरिद
सिडी बाटोतर्फ
१) ठूलो पँधेरा सिडी निर्माण योजना
२) कउरेनी सिडी बाटो निर्माण योजना
३) साकीबारी कुवादेखि सिउडेपानी बाटो सम्म सिडी बाटो निर्माण योजना
४) फलाटे चौतारा देखि भेवनेस्वरी प्रा.वि. सम्म सिडी बाटो निर्माण योजना
५) केउरेनी दखि देउराली सम्म कंकृट सिडी बाटो निर्माण योजना
६) ठूलो ढुंगादेखि मोटरबाटो सम्म बाटो मर्मत योजना
७) बडहरेदेखि भुवनेस्वरी प्रा.वि. सम्म सिडी बाटो निर्माण योजना
८) केउरेनी खानेपानी धारा जाने बाटो निर्माण योजना
९) हटिया देखि धारापानी पँधेरा सम्म कंकृट सिडी बाटो निर्माण योजना
१०) मैलुङ्ग रेग्मी गाउँ हुदै मगर गाउँसम्म सिडी बाटो निर्माण योजना
११) रामञ्ज्याङ्ग फिस्टी चौतारा सिडी बाटो निर्माण योजना
१२) देउराली हुदै कोटकाली जान सिडी बाटो निर्माण योजना
१३) सुकौराबेसी गाईढुंगा मुलबोटे हुदै राम्चे प्रा.वि. सम्म सिडी बाटो निर्माण योजना
सिंचाई तर्फ
१) बुढिकुलो मर्मत योजना
२) सुकौरा कुलो मर्मत योजना
३) गलेरूम्टी कुलो मर्मत योजना
४) बाहबिसे सिंचाई कुलो मर्मत योजना
५) आठमुरे छवसेफाट सिंचाई कुलो मर्मत योजना
महिला लक्षित तर्फ
१) आयआर्जन तथा सीपमुलक तालिम योजना
२) सामुहिक ढाका सिलाई बुनाई तालिम योजना
३) उन्नत जातको भैंसी पालन योजना
४) जलदेवी कृषक समुह सामुहिक पिडालु तथा बदाम खेति
५) हटिया महिला समूह आयआर्जन कार्यक्रम
६) भिमसेन तारा आमा समुह कार्यालय व्यवस्थापन
७) अम्रिसो खेति योजना
८) वडा नं ८ का महिलाहरुलाई साबुन बनाउने तालिम कल्याणकारी आमा समुहद्वारा
९) चण्डिमाई मगर आमा समुह कार्यालय व्यबस्थापन योजना

धर्म तथा संस्कृति तर्फ
१) काटकाली भगवतीको बडा दशै निम पूजा सञ्चालन योजना
२) महादेवथान मन्दिर संरक्षण योजना
३) गणेश मन्दिर संरक्षण योजना
४) मैलुङ्ग शिवशक्ति भजन संरक्षण योजना
५) छविसे फाँट कृष्ण मन्दिर निर्माण योजना
६) कोटकाली मन्दिर परिसरको पहिरो नियन्त्रण
७) आदिबासी जनजाति भेषभुषा खरिद कार्यक्रम
८) जलदेवी मन्दिर मर्मत सुधार योजना
पर्यटन तर्फ
१) बाल उद्यान तथा पिकनिक स्पट निर्माण योजना
२) धार्मिक तथा पर्यटन प्रबर्द्धनको लागि कोटकाली र महादेव थानको संरक्षण र संवर्द्धन योजना
३) वडा तथा गाउँपालिकाको आन्तरिक श्रोत व्यवस्थापनको लागि पर्यटन प्रबर्द्धनको निमित्त कोटकालीबाट ज्यादुल खोलमा प्याराग्लाइड कार्यक्रम संचालन योजना
अन्य
१) वडा नं. ८ मा सामुदायिक मेलमिलाप केन्द्र स्थापना
२) बालवालिका उत्प्रेरणा कार्यक्रम
वडा नं. ९ नामजुङ बाट :
अन्य विविध योजनाहरू
१) स्वास्थ्य स्वयंसेविका प्रोत्साहन भत्ता
२) बालकक्षा शिक्षक तलब (८ ओटा)
३) कार्यालय सहयोगी तलब
४) कार्यालय संचालन
१) एकिकृत कृषि विकास फर्म
२) पाण्डे कृषि फर्म
३) काप्री बहुउदेश्य कृषि फर्म
४) जनजिविका कृषि फर्म
जिल्ला तथा प्रदेशमा माग गरिएका योजनाहरू
१) पोखरीडाँडा रामभञ्ज्याङ्ग, अर्चले फुजेल जोड्ने सडक
२) बर्चुलाथान फुजेल आमडाँडा सडक
३) बर्चुलाथान रामभञ्ज्याङ्ग, बुङ्कोटघाट सडक
४) वडा स्तरीय खेलमैदान निर्माण
५) ठूलोपँधेरा खड्कागाउँ खानेपानी लिफ्टिङ्ग
६) बर्चुली मन्दिर, राधाकृष्ण मन्दिर, शिव मन्दिर क्षेत्र संरक्षण, वृक्षारोपण तथा बालउद्यान निर्माण
७) बालाश्वरी मन्दिर क्षेत्र संरक्षण तथा पिकनिक स्पट निर्माण
८) नामडाँडामाई, बर्चुलीमाई मन्दिर, बालेश्वरी मन्दिर पर्यटकीय पैदल मार्ग निर्माण
९) भीमसेन स्मृती बाल उद्यान निर्माण
१०) भीमविरेश्वरी महादेव मन्दिर पूनः निर्माण
११) जनशक्ति मा.वि. मा प्राविधिक शिक्षा
१२) वडा स्तरीय खेल मैदान निर्माण
१३) वडा स्तरीय सामुदायिक भवन निर्माण

शहिद लखन गाउँकार्यपालिकाको कार्यालय स्थापनाका लागि जग्गा निशुल्क र संशुल्क प्रदान गर्ने जग्गादाताहरूको नामवली यसप्रकार रहेको छ ।

क) हिमालय देवी युवा क्लव, घैरूङ्गबाट प्राप्त जग्गा जम्मा क्षेत्रफल ५-०-३-० निशुल्क रूपमा प्राप्त गर्ने । सो को विवरण निम्नानुसार रहेको छ ।

सि.नं.	साबिकका जग्गाधनीहरू	क्षेत्रफल	साविकको कि.नं.
१	श्री कुल ब. गुरूङ्ग	०-६-३-०	८२०
२	श्री जुठीमाया गुरूङ्ग	१-१३-०-०	८२८
३	श्री पदम ब. गुरूङ्ग	०-१०-०-०	८२४
४	श्री रण ब. गुरूङ्ग	०-९-२-०	८३२
५	श्री माया गुरूङ्ग	०-६-२-०	८२६
६	श्री प्रेम ब. गरूङ्ग	१-३-१-०	८३०
	जम्मा क्षेत्रफल	५-०-३-०	

ख) क्लबका नाममा नआइसकेका देहाय बमोजिमका जग्गा सिधै निज जग्गा धनीहरूबाट निशुल्क रूपमा गाउँपालिकाको नाममा रजिष्ट्रेशन पास गरी लिने जग्गाहरूको विवरण निम्नानुसार छन् ।

सि.नं.	साबिकका जग्गाधनीहरू	क्षेत्रफल	साविकको कि.नं.
१	श्री विष्णु माया गुरूङ्ग	२-११-२-३	२८६ र २८७ बाट
२	श्री पूर्ण ब. गुरूङ्ग	०-१२-०-०	८०३ बाट
३	श्री नर ब. गुरूङ्ग	०-६-३-०	८०२ बाट
४	श्री एक ब. गुरूङ्ग	०-६-०-०	५९२ बाट
	जम्मा क्षेत्रफल	५-४-१-३	

ग) यस शहिद लखन गाउँपालिका वडा नं. ६ घैरूङ्ग, पिपलछापमा रहेका देहायका व्यक्तिहरूको देहाय बमोजिमको जग्गा प्रति रोपनी रू.दुई लाख(रू.२,००,०००)का दरले हुने देहाय बमोजिमको मूल्यमा रजिष्ट्रेशन पास गरी गाउँपालिकाको नाममा आएको छ ।

सि.नं.	साबिकका जग्गाधनीहरू	क्षेत्रफल	साविकको कि.नं.	मूल्य रू.
१	श्री बल ब. गुरूङ्ग	२-३-०-०	८४८	रू. ४,३७,५००।०
२	श्री माया गुरूङ्ग	१-११-२-१	८२७ र ८५०	रू. ३,४४,५००।०
३	श्री कृष्ण कुमारी गुरूङ्ग	१-१३-३-१	२८२ र ८४५	रू. ३,७३,०००।०
४	श्री पदम ब. गुरूङ्ग	२-७-२-०	८४१	रू. ४,९३,७५०।०
५	श्री विष्णु माया गुरूङ्ग	१-१५-२-२	३९१	रू. ३,९५,०००।०
६	श्री कुल ब. गुरूङ्ग	०-२-०-२	८३२ र ८३३	रू. २६,५००।०
७	श्री रण ब. गुरूङ्ग	०-१२-१-२	८२३	रू. १,५२,५००।०
८	श्री एक ब. गुरूङ्ग	०-१०-०-०	८४३	रू. १,२५,०००।०
	जम्मा क्षेत्रफल	११-१२-०-०		रू. २३,४७,७५०।०

नोटः उल्लिखित जग्गाहरू मिति २०७४ असोज २३ र २४ गतेको मितिमा रजिष्ट्रेशन पास भई गाउँपालिकाको नाममा प्राप्त भएको छ ।

संक्षिप्त परिचय

✍ जीवन आले मगर

नेपालका प्रथम शहिद : लखन थापा मगर

नेपालका प्रथम शहिद लखन थापा मगरको जन्म वि.सं. १८९१ मा गोरखा जिल्लाको शहिद लखन गाउँपालिका वडा नं. ७ स्थित काहुले भंगार भन्ने गाउँ (साविक वुङ्कोट गा.वि.स. वडा नं. ४) मा भएको थियो । आफ्नो माता-पिताको जुम्ल्याहा सन्तानमध्ये कान्छो सुपुत्र भएकाले लखनको वास्तविक नाम लक्ष्मणसिंह थापा राखिएको थियो । त्यतिवेला नेपालमा सर्वसाधारण जनताहरुले औपचारिक शिक्षा हासिल गर्नको लागि कुनै व्यवस्था नभएकाले लखन थापाले तेश्रो गोरखा राइफल्समा कार्यरत नातेदारको फेमिली क्वार्टरमा बसेर भारतको अलमोडामा शिक्षा हासिल गरी नेपाल फर्किएर वि.सं. १९११ मा पुर्ख्यौली मगर पल्टन (पुरानो गोरख पल्टन)मा भर्ना भएका थिए । तत्कालिन समयमा नेपाली जनताहरु जंग बहादुर राणाद्वारा सुत्रपात गरिएको निरंकुश जहाँनिया शासनको जाँतोमुनि पिल्सिएर बस्नु परेको थियो । जंग बहादुरको अधिनायकवादी हुकुमी शासन विरुद्ध कोही कसैले 'चुँ' सम्म गर्न सक्ने स्थिति थिएन । निरंकुश राणा शासनबाट त्रसित नेपाली समाजमा 'कालको औषधि छैन, हुकुमको जवाफ छैन' भन्ने आहान नै चलेको थियो ।

नेपालमा जंग बहादुरको निरंकुश शासन रहेको वखत भारतमा अंग्रेजको औपनिवेशिक शासन कायम थियो । १० मे १८५७ ई.सं. को मेरठ गोलीकाण्डपछि भारतमा अंग्रेज उपनिवेशको विरुद्धमा सैनिक विद्रोहको जन्म भयो । भारतीय स्वतन्त्रताको पक्षमा भएको विद्रोहले उग्र रुप लिएपछि भारतीय-अंग्रेज सरकारले सैनिक सहायताका लागि नेपालका प्रधानमन्त्री जंग बहादुर राणालाई पत्र लेख्यो । टेक बहादुर खत्रीद्वारा लिखित नेपालको सैनिक इतिहास पुस्तकमा लेखिए अनुसार ई.सं. १८५७ डिसेम्बर १० का दिन जंग बहादुर राणा स्वयम् २७ वटा नेपाली पल्टनको नेतृत्व गर्दै नौ हजार नेपाली सैनिकका साथ भारत प्रस्थान गरे । १० मार्चका दिन जंग बहादुर आफ्नो फौजसहित भारतको लखनउ शहर पुगेको भोलिपल्ट देखि नै अंग्रेज र नेपाली संयुक्त फौजले लखनउका विभिन्न स्थानमा फौजी कारवाही संचालन गरी भारतीय स्वतन्त्रताका निम्ति विद्रोह गर्नेहरुमाथि निर्ममतापूर्वक दमन गऱ्यो । पुरानो गोरखा पल्टनसंगै लखनउ पुगेका लखन थापा मगर लगायत नेपाली सेनाका जनप्रेमी व्यक्तित्वहरु यस घटनाबाट क्षुब्ध भए । जंग बहादुर राणाले भारतीय जनताद्वारा स्वतन्त्रता प्राप्तिका खातिर गरिएको आन्दोलनलाई दवाउन भारतीय अंग्रेजलाई सहयोग गरेकाले त्यतिवेला नै 'जंग बहादुरले नेपाल म्लेच्छ (अंग्रेज) लाई बेच्यो भनी लखन थापाले उद्घोष गरेका थिए ।

स्वतन्त्रताको निम्ति भारतीय जनताहरुले गरेको कठिन संघर्ष र शहादतले लखन थापा मगर लगायतका जनप्रेमी व्यक्तित्वहरुमा राष्ट्रभक्तिको भावना जागृत भई जंग बहादुरको अत्याचारी शासन विरुद्ध संघर्षमा उत्रने दृढता पैदा भयो । जनविद्रोहको लागि उपयुक्त समयको पर्खाइमा रहेका लखन थापामगर आफ्नो सैन्य सीप र कौशलका कारण वि.सं. १९२५ मा नेपाली सेनाको क्याप्टेन भइसकेका थिए । तर पनि उनलाई नेपाली सेनाको जागिर जंगबहादुरको विरुद्ध जनएकताद्वारा विद्रोह गर्नको लागि वन्धन महसुस भएकाले पद र भौतिक सुविधाको कुनै प्रवाह नगरी वि.सं. १९२७ सालमा आफ्ना मित्र जयसिंह चुमीलाई साथमा लिई घर विदा लेखाएर सेनाको जागिर छाडी गोरखाको बुंकोट काहुले भंगारमा गए । विदा सकियो तर उनीहरु जागिरमा फर्केनन् र जंग बहादुरको शासन विरुद्ध जनताहरुलाई संगठित बनाउने कार्यमा सक्रियतापूर्वक लागे ।

गोरखाको वुंकोट काहुले भङ्गारमा लखन थापा मगरले स्थानीय जनसमुदायको सहयोगमा एउटा बलियो किल्ला निर्माण गरेका थिए । किल्ला परिसरमा मनकामना माईको प्रतिकात्मक मन्दिर स्थापना गरिएको थियो । उक्त मन्दिरमा दिनहूँ पूजापाठ हुने गर्दथ्यो । लखन थापाले मन्दिरमा पूजापाठका निम्ति आएका जनताहरुलाई एकतावद्ध गरी जंग बहादुरको क्रुर शासन एवम् जनविरोधी कर्तुतहरुको बारेमा जानकारी गराउने र राजनीतिक चेतना प्रदान गर्ने कार्य गर्दथे । बाहिरी रुपमा धार्मिक कार्य भइरहेको भनी प्रचार गरिए पनि भित्र भित्रै जंग बहादुरको अत्याचारी शासन विरुद्ध जनमिलिसिया तयार गर्नेकाम जोडतोडले भै रहेको थियो । लखन थापाको सुमधुर बोलीबचन, तार्किक क्षमता र असल व्यक्तित्वले गर्दा छोटो समयमानै जंग बहादुरको विरुद्ध धेरै जनताहरु संगठित भैसकेका थिए । लखन थापाले त्यतिवेला संगठित जनतासामु 'म सिद्ध लखन थापाको अवतार हुँ । जंग बहादुरले नेपाल म्लेच्छ (अंग्रेज)लाई बेच्यो । दुनियाँलाई त्राही-त्राही पारिरहेको छ । जंगबहादुरलाई हटाएर नेपालमा सुनौलो प्रजातान्त्रिक युग फिराउ भनी मनकामना माताले मलाई आज्ञा दिएकी छन्, लौ भाई हो तयार होऔं' भन्ने उद्घोष गरेर जंग बहादुरको दमन, अत्याचार र अन्याय विरुद्ध संगठित रुपमा आवाज वुलन्द गर्न जनताहरुलाई उत्प्रेरित गर्दथे । त्यतिवेला धर्म र देवी देवताप्रति आस्था र विश्वास प्रकट गर्ने तत्कालिन नेपाली समाजलाई जनविद्रोहको वृहत अभियानमा सरिक गराउन मनकामनाको प्रसिद्धिलाई पनि रणनीतिक रुपले उपयोग गरिएको थियो । लखन थापाको उक्त रणनीतिक उद्घोषले नेपाली समाजमा गहिरो प्रभाव पार्न सक्यो र जंग बहादुरको विरुद्धमा ठूलो जनमत सिर्जना गर्न सफलता प्राप्त गऱ्यो । मनकामना र सिद्ध लखन थापाको प्रसिद्धिलाई आफ्नो विद्रोही अभियानमा जनसमर्थन जुटाउन शहिद लखन थापाले रणनीतिक रुपमा प्रयोग गरेका थिए ।

एउटै नाम र थर भएका दुई जना लखन थापा मगर नामका व्यक्तित्वहरु नेपालको इतिहासमा चर्चित भएकाले नेपाली समाजमा उनीहरु एकै व्यक्ति हुन् कि भन्ने भ्रम र अन्यौलता समेत रहेको पाइन्छ । तर उनीहरु फरक फरक व्यक्तित्व र योगदानको कारणले नेपालको इतिहासमा प्रख्यात रहेका छन् । मनकामना भगवतीको मन्दिरका प्रथम पुजारी सिद्ध लखन थापा मगर सत्रौं शताब्दीका रामशाहकालिन व्यक्ति थिए । त्यसैगरी जंग बहादुरको निरंकुशता विरुद्ध प्रथम जनविद्रोहको ज्वारभाटा सिर्जना गर्ने प्रथम शहिद लखन थापामगर उन्नाइसौं शताब्दीका जंगबहादुरकालिन व्यक्तित्व हुन् ।

वि.सं. १९३२ सालमा जंग बहादुरको शासनविरुद्ध एकतावद्ध जनसमुदायले लखन थापालाई प्रधानमन्त्री र जयसिंह चुमीलाई सेनापति घोषणा गऱ्यो । यो नै जंग बहादुरको सत्ता विरुद्ध नेपाली जनताद्धारा घोषित पहिलो बैकल्पिक सत्ता थियो । इतिहासकार पदम जंग राणाका अनुसार लखन थापाले हात हतियार सहित पन्ध सय मानिसहरु एकत्रित गरिसकेका थिए भने राजधानी गएर हमला गर्ने धम्की समेत दिएका थिए । जंग बहादुरको अन्त्य गरेर नेपालको शासन अधिकार हातमा लिई नेपालको इतिहासमा सुनौलो प्रजातान्त्रिक युग आरम्भ गर्ने लखन थापाको योजना थियो ।

तत्कालिन समयमा सर्वजित थापा क्षेत्री पिपलथोकमा बसी गोरखाको मुद्दामामिला हेर्दथे । उनले गोरखाको बुङ्कोटमा जंग बहादुरको शासन सत्ता विरुद्ध लखन थापाको नेतृत्वमा सशस्त्र जनविद्रोहको तयारी भइरहेको उजुरी जंगबहादुर समक्ष जाहेर गरे । यो सूचना पाएपछि जंगबहादुर क्रुद्ध भए । उनले लखन थापा लगायत उनका सहयोगीहरुलाई पक्रेर काठमाण्डौं ल्याउन भनी कान्छा भाई धीर शमशेरलाई आदेश दिए । आदेश बमोजिम देवीदत्त पल्टनका सैनिकहरु गोरखा पुगी लखन थापाको किल्लालाई चारैतिरबाट घेरा हाले । देवीदत्त पल्टन र लखन थापाको नेतृत्वको विद्रोही सेनाबीच भिडन्त भयो । भनिन्छ त्यो विद्रोह दवाउन धीर शमशेरलाई पनि हम्मे हम्मे परेको थियो । अन्तमा विद्रोहीहरु पक्राउ परे । उनीहरुलाई बाँसको पिंजडामा कैद गरी यातनापूर्वक काठमाडौं पुऱ्याईयो । इतिहासकार प्रमोद शमशेर राणाका अनुसार विद्रोहीहरु विरुद्ध थापाथली दरबारमा मुद्दा चलाइयो साथै वर्वरतापूवर्क कोर्रा हानी ठूलो यातना दिइयो । लखन थापा र उनका सहयोगीहरुलाई गोरखा बुंकोट स्थित उनीहरुकै किल्ला परिसरको मनकामना मन्दिर अगाडि स्थानीय जनसमुदायको उपस्थितिमा झुण्ड्याएर मार्ने फैसला भयो । तर राणा शासक सामु उनीहरु झुकेनन् । लखन थापालाई राणाशासन विरुद्ध जनताहरुलाई राजनीतिक चेतना प्रदान गरेर जनसंगठन गरी राणातन्त्र विरोधी गतिविधि गरेको आरोपमा राजद्रोहको अभियोग लगाइएको थियो । देवीदत्त पल्टनका सैनिकहरुले मृत्युदण्ड सुनाइएका विद्रोहीहरुलाई गोरखा पुऱ्याए । वि.सं. १९३३ फागुन २ गते सबै भन्दा पहिले विद्रोही नेता लखन थापालाई गोरखा बुंकोटको आफ्नै किल्ला परिसर भित्र प्रतिस्थापन गरिएको मनकामना मन्दिर अगाडिको खिर्राको बोटमा झुण्ड्याएर मृत्युदण्ड दिइयो । सँगसँगै अन्य विद्रोहीहरुलाई पनि बलीमा चढाईयो । भनिन्छ विद्रोही नेता लखन थापालाई त छाला समेत काढेर वर्वरतापूर्वक झुण्ड्याइएको थियो ।

नेपालको राजनीतिक इतिहासमा वि.सं. १९२७ देखि १९३३ सम्म जनसंगठन गरी लखन थापाको नेतृत्वमा भएको विद्रोह नै राणातन्त्र विरुद्ध जनस्तरबाट उठेको पहिलो विद्रोह थियो । जुन विद्रोहले जंग बहादुर राणाद्वारा स्थापित एकतन्त्रीय तानाशाही शासनको अँध्यारो कालरात्रीमा अधिकार विहिन अवस्थामा पिल्सिरहेका नेपाली जनताहरुलाई संगठित र राजनीतिक सचेतना प्रदान गरी पहिलो पटक प्रजातन्त्र प्राप्तिको विद्रोहमा सहभागी गराउने सफलता प्राप्त गऱ्यो । यो यस्तों ऐतिहासिक महत्वको विद्रोह बन्न पुग्यो जुन विद्रोहले राज्यसत्ता माथि अविछिन्न रुपले आफ्नो अत्याचारी र हुकुमी शासनको आधिपत्य कायम राखिराख्न चाहने जंग बहादुर राणाको मुटु हल्लाई दियो । जंगबहादुरको निरंकुश शासन विरुद्ध राजनैतिक दस्तावेज समेत तयार गरी जनताद्धारा बैकल्पिक सत्ता स्थापना गरेर अगाडि बढेको यो सशस्त्र विद्रोहलाई चानचुने मान्न सकिदैन । यस घटनाले नेपाली समाजमा राजनैतिक चेतनाको दियो बाल्ने र प्रजातान्त्रिक आन्दोलनको जग बसाल्ने काम गर्न सक्यो । त्यसैले यस विद्रोहका नायक लखन थापा मगरको बलिदान र योगदानको कदर गर्दै नेपाल सरकारले उनलाई वि.सं. २०५६ मा शहिद घोषणा गऱ्यो भने वि.सं. २०७२ साल असोज ३ गते औपचारिक रुपले नेपालको पहिलो शहिदको दर्जा प्रदान गर्ने निर्णय गऱ्यो । हाल संघीयता कार्यान्वयन भए पछि शहिद लखन थापाको नाममा साविकको बक्राङ्ग, मनकामना, ताकलुङ्ग, घैरुङ्ग, बुंकोट र नामजुङ्ग गा.वि.स मिलाएर शहिद लखन गाउँपालिका बनेको छ । निश्चय नै यो पदवी उनको बलिदानी पूर्ण त्याग र जनअधिकार स्थापनाका लागि गरेको कठिन संघर्षप्रतिको सम्मान हो । साथै यो सम्मान लोकतन्त्र र न्यायप्रेमी सम्पूर्ण नेपाली जनताहरुको गौरवको विषय पनि हो ।

सन्दर्भ स्रोतहरु :

१. आलेमगर, जीवन, नेपालका प्रथम जनविद्रोही शहीद लखन थापा मगर, काठमाडौं, २०६४
२. खत्री, टेक बहादुर, शाही नेपाली सेनाको इतिहास, काठमाडौं, वि.सं. २०४१
३. Rana, Pramod Shamshere, Rana Intrigues, Kathmandu, 1995
४. Rana, Pudma Jung, life of Maha Raja Sir Junga Bahadur, Re-printed, 1980

प्रसिद्ध धार्मिक स्थल : मनकामना माईको मन्दिर

©जीवन आले मगर

गोरखा जिल्लाको शहिद लखन गाउँपालिकामा अवस्थित मनकामना माईको मन्दिर महत्वपूर्ण शक्तिपीठ मानिन्छ । वार्षिक रुपमा करिव ११/१२ लाख भक्तजनहरु मनकामनाको दर्शनका लागि पुग्ने गर्दछन् । विशेषगरी दशैँ, नागपञ्चमी, अष्टमी, गुठी पञ्चमी र वैशाख पञ्चमीका दिन पूजा गर्न आउने श्रद्धालु भक्तजनहरुको यहाँ ठूलो भीड लाग्ने गर्दछ । यहाँ प्रत्येक अष्टमीका दिन बली चढाइन्छ । मनकामना माईको दर्शन गर्नाले मनले चिताएको इच्छा (मनोकांक्षा) पूरा हुने धार्मिक विश्वास रहि आएको छ । त्यसैले यो मन्दिर अत्यन्तै महत्वपूर्ण धार्मिक पर्यटकीय स्थलको रुपमा रहेको छ । नेपालमा प्रथम शहिद लखन थापा मगरले पनि आफ्नो विद्रोही अभियानमा जनसमर्थन बढाउनका लागि रणनीतिक रुपमा मनकामना माई र मनकामना प्रथम पुजारी सिद्ध लखन थापाको प्रसिद्धीलाई उपयोग गरेको देखिन्छ ।

राम शाहकी रानी कलावती स्वयं मनकामना माईको अवतार थिइन् भन्ने जनविश्वास रहेको छ । सिद्ध लखन थापा मगर गोरखा दरवारमा रानी कलावतीको सेवक थिए । राजा राम शाहको मृत्यु भएपछि सतगती गर्न मर्स्याङ्दी नदी र दरौँदीको दोभान बेनी (रामशाहघाट) भन्ने ठाउँमा राजाको चिता बनाइयो । रानी सती जान तयार भईन् । यो देखेर भक्त लखन थापा मगर शोकले विह्वल भएर विलाप गर्दा रानीले लखन थापालाई सम्झाउँदै - 'म फेरि पनि तिमीलाई मेरो सेवा गर्ने मौका दिनेछु । तिमी आफ्नो गाउँ कफ्याकमा फर्क । म त्यही ठाउँमा शिलाको रुपमा उत्पत्ति भई भक्तजनहरुको मनोकामना पूरा गरिदिनेछु ।' भनी सती गइन् । धार्मिक कथन अनुसार त्यसको ६ महिनापछि हाल मनकामना भगवतीको मन्दिर रहेको ठाउँमा एक व्यक्तिले गोरु जोत्दा हलो अड्की एउटा शिलाबाट दूध र रगत बग्न थालेछ । दिव्यदृष्टि भएका सिद्ध लखन थापाले तान्त्रिक विधिद्वारा पूजापाठ गरेपछि रगत बग्न रोकिएको र सोही थलोमा देवीको मन्दिर स्थापना गरिएको बनाइन्छ । सो घटनापछि गोरखाका राजाले मनकामना माईको सेवा गर्न लखन थापा र उनका दर सन्तानलाई पुजारी नियुक्ति गरी नित्य पूजा चलाउन जग्गा गुठी र वित्तिलालमोहर लगाई दिएका थिए । मनकामना माईको हालको पुजारी इन्सान थापा मगर सिद्ध लखन थापाको अठारौँ पुस्ताका सन्तान मानिन्छन् ।

प्यागोडा शैलीमा निर्मित मनकामना माईको पुरानो मन्दिर सत्रौँ शताब्दीमा बनेको मानिन्छ । शाह बंशका राजा र नेपाली जनताको साझा राष्ट्रिय इष्ट देवी मानिने भएकाले मनकामना विशिष्ट देवी भगवतीको रुपमा रहेको छ । मन्दिरमा नित्यपूजा विहान ७ बजेदेखि साँझ ६ बजेसम्म गरिन्छ । भित्री पूजा सकेर पूजारीले मन्दिर परिक्रमा गरिसकेपछि मात्र सर्वसाधारणको लागि बली र पूजा सुरु हुन्छ ।

मनकामना मन्दिर गोरखा जिल्लाको सदरमुकाम पोखरीथोक बजारबाट १२ किलोमिटर दक्षिणपूर्वी भागमा अवस्थित छ । समुद्री सतहदेखि १३०३ मिटरको उचाइमा अवस्थित यो मन्दिरको परिसरबाट दक्षिणतिर महाभारत लेक र छिम्केश्वरी डाँडाका साथै उत्तरी भागमा अन्नपूर्ण हिमाल र मनासलु हिमालका चुचुराहरु देख्न सकिन्छ । साथै मन्दिर प्राङ्गणबाट सूर्योदय र सूर्यास्तको समयमा क्षितिजमा मनमोहक दृष्य देख्न सकिन्छ । तनहुँको आँवुखैरेनीबाट ३/४ घण्टाको उकालो पैदल यात्रा गरेर मनकामना पुग्न सकिन्छ । साथै आँबुखैरेनीबाट गोरखा तर्फ अँवुवा भन्ने ठाउँबाट र गोरखा सदरमुकामदेखि बुकोट, घैरुङ्ग, हुँदै मोटरबाटो मार्फत मनकामना मन्दिर जान सकिन्छ । हिजो आज मनकामना भगवतीको दर्शन गर्न जाने यात्रुहरुको लागि पृथ्वी राजमार्गको चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका अन्तर्गत कुरिनटार नजिकै चेरेस भन्ने स्थानबाट मनकामना मन्दिर परिसर नजिकैसम्म करिव २.७ कि.मी. लम्वाई रहेको केवलकार सेवा संचालन भएको छ । केवलकारमा १०/१२ मिनेटको यात्रा पश्चात् गोरखाको शहिद लखन गाउँपालिका अन्तर्गत मनकामनामा रहेको माथिल्लो स्टेशनमा ओर्लिए पछि करिव २/३ मिनेटको पैदल यात्रा पश्चात् मनकामना भगवतीको मन्दिरमा पुग्न सकिन्छ । हाल मनकामना माईको मन्दिर जिर्णोद्धार समितिद्वारा पुनःनिर्माण कार्य भई रहेको छ । पुनःनिर्माण समितिको निगरानीमा छानामा तामाको पाता माथि सुनको जलप लगाउने कार्य भईरहेको छ । केहि महिना पछि नै मनकामना माईको मन्दिरले पूर्णता प्राप्त गर्नेछ ।

उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन र भुक्तानी लिने प्रक्रिया

१. योजना/कार्यक्रमको लागि उपभोक्ता समिति गठन गर्ने,
२. योजनाको लागि प्राविधिक कर्मचारी मार्फत् लागत अनुमान तयार गर्ने/गराउने,
३. उपभोक्ता समिति र गाउँपालिका बीच योजना सम्झौता गर्ने,
४. सम्झौता बमोजिम योजना कार्यान्वयन/संचालन गर्ने,
५. योजना सम्पन्न भएपश्चात् योजना सम्पन्न भएको भनी उपभोक्ता समितिको निर्णयको प्रतिलिपि एवं विल भरपाई सहित कार्यालयमा रकम भुक्तानीको लागि निवेदन दिने,
६. योजनाको प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने
(रु. ५ लाखसम्मको योजनाको हकमा निजी आवास पुनर्निर्माण अन्तर्गत सम्बन्धित वडाको योजना हेर्ने प्राविधिक कर्मचारी र रु. ५ लाख भन्दा बढी रकम विनियोजन भएको योजनाको हकमा गाउँपालिकाको योजना शाखा अन्तर्गतको प्राविधिक कर्मचारीले योजनाको प्राविधिक मूल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने ।)
७. योजना अनुगमन गर्ने
(रु. ५ लाख सम्मको योजनाको हकमा वडा अध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समिति र रु. ५ लाख भन्दा बढी रकम विनियोजन भएको योजनाको हकमा गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले योजनाको अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गर्ने ।)
८. रु. ५ लाख सम्म रकम विनियोजन भएको योजनाको भुक्तानीका लागि उपभोक्ता समितिले पेश गरेको कागजपत्र, प्राविधिक मूल्याङ्कन, काम सम्पन्न भएको प्रतिवेदन, अनुगमन समितिको प्रतिवेदन र सम्बन्धित वडाको सिफारिस सहित गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्ने,
९. योजना सम्झौतामा उल्लेख भए बमोजिमको रकम मध्ये प्राविधिक मूल्याङ्कनको आधारमा नियमानुसार कर कट्टी गरी रकम भुक्तानी लिने ।

पुनश्च : माथि उल्लेखित प्रक्रिया अवलम्वन गरेर योजना कार्यक्रम कार्यान्वयन गर्नुहुन सम्पूर्ण उपभोक्ता समितिहरुमा अनुरोध छ । यदि यो वमोजिमको प्रक्रिया अवलम्वन नगरी आफूखुशी योजना कार्यान्वयन गरिएको अवस्थामा रकम भुक्तानी दिन गाउँपालिका वाध्य हुने छैन र सो प्रति जवाफदेही समेत हुने छैन । यसबाट उत्पन्न हुने समस्याको जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति वा व्यक्ति नै हुनु पर्नेछ ।

शहिद लखन गाउँपालिका, गोरखा ।